अंक १३, असोज २०७२

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन



## विपदमा मानव बेचबिखन तथा ओसारपसार

# एटविन गतिविधिका झलकहरू




शक्ति समूहका अध्यक्ष सुनीता दनुवारलाई बधाई




एटविनका संस्थापक सदस्य गौरी प्रधान रणनीतिक योजना कार्यक्रममा मन्तव्य दिँदै



एटविनका संस्थापक संयोजक रेणु अधिकारी राजभण्डारी रणनीतिक योजना कार्यक्रममा मन्तव्य दिँदै



एटविनको रणनीतिक योजना कार्यशाला



११ औ साधारण सभामा एटविनको नेतृत्व हस्तान्तरण गर्दै




मानव बेचबिखन विरूद्धको समन्वय बैठक



राष्ट्रिय महिला आयोगमा ज्ञापन पत्र हस्तान्तरण



सिन्धुपाल्चोकमा सामुहिक मनोविमर्श सचेतना कार्यक्रम

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

अंक १३ असोज २०७२ (October 2015)

**सल्लाहकार**
मीना बिष्ट

**सम्पादक**
सोम कुमार राई

**प्रकाशन समिति सदस्य**
अनिल अधिकारी
शान्ता खनाल
बेनु माया गुरुङ

**संयोजक**
भाविशा कोइराला

**व्यवस्थापक**
बिनिता न्यौपाने

**आवरण/ले-आउट**
रविन, सचिन महर्जन

**मुद्रण**
द क्रिएशन, ललितपुर
९८५११४२२०९

यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचार हुन्।

## विषयसूची

**सम्पादकीय** १
**अध्यक्षको कलमबाट** २
**लेख**
- आप्रवासनको सैद्धान्तिक पक्ष, भूकम्प र बेचबिखनको जोखिम - *डा. पदमप्रसाद खतिवडा* ३
- मानव बेचबिखन : आधुनिक युगको दासता - *रत्नकाजी बज्राचार्य* १०
- २०७२ सालको विनाशकारी भूकम्पपछिका भोगाई र सिकाईहरु - *कुमार भट्टराई* १६
- भूकम्पपछिको मनोविज्ञान - *डा. विजय ज्ञवाली* २१
- मनोरञ्जन उद्योगमा श्रमजीवी महिलाहरूको अवस्था - *कमल थापा क्षेत्री* २३
- बालअधिकार : सन्दर्भ भूकम्प, बेचबिखन र मस्यौदा संविधान - *सरोज केसी* २६
- परिवर्तन आफुबाटै प्रारभ गरौं, असम्भव केही छैन - *टंक पन्त* २९
- भूकम्पपछि महिला र बालबालिकाहरूको बढ्दो ओसारपसार - *अनिल अधिकारी* ३०

**अन्तरवार्ता**
- प्राकृतिक प्रकोपबाट महिला तथा बालबालिकाहरु बढी जोखिममा पर्दछन् - *राधिका अर्याल* ३२

**घटना अध्ययन**
- मकवानपुर जिल्लामा मानव बेचबिखनको अवस्था - *शान्ता बराल* ३५
- महाभूकम्प र त्यसको मानव बेचबिखनमा पारेको प्रभाव - *शान्ता खनाल* ३८

**सदस्य संस्था परिचय**
- टेका समूह ४०

**दस्तावेज** ४१
**प्रेस विज्ञप्ति तथा ज्ञापनपत्र** ४३
**एटविनको आवधिक प्रगति प्रतिवेदन** ४४
**संचारमा बेचबिखनको मुद्दा** ४८

प्रकाशक:
AATWIN
महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन)
पो.ब.नं. : २४९६०
फोन नं. ४२२९७८७, ४२२०४७८, फ्याक्स नं. : ४२२९७८७
इमेल: aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np

प्रकाशन सहयोगी:
Global Fund for Women
ग्लोबल फण्ड फर वुमन

# अध्यक्षको कलमबाट



मानव बेचबिखन तथा ओसारपसार विश्वभर "कम जोखिमपूर्ण र अति नै फाइदाजनक" अपराधिक धन्दाको रूपमा मौलाउदै गइरहेको कुरा कसैले नकार्न सक्दैन र नेपाल पनि यो अपराधिक धन्दाबाट अछुतो रहेको छैन। यो अन्तर्राष्ट्रिय संगठित अपराध हो। नेपालमा विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भिर समस्या र चुनौतिको रूपमा रहेको छ। यो अपराध विभिन्न स्वरुप र स्तरमा विश्वव्यापी रूपमा विद्यमान छ। नेपालको परिप्रेक्ष्यमा मानव बेचबिखन तथा ओसारपसारमा विभिन्न आन्तरिक तथा बाध्य कारणहरू रहेकाछन्, जस्तै लैङ्गिकताको आधारमा हुने हिंसा, भेदभावमूलक श्रम, पारिवारिक विखण्डन, बालविवाह, धार्मिक मान्यता, आर्थिक अभाव, प्राकृतिक प्रकोप आदि। यस्ता अपराधको विरुद्धमा सरकारी निकाय, गैरसरकारी संघ-सस्थाहरूले निरन्तर पहल गरिरहेका छन्। महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले स्थापनाकालदेखि नै महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण र अन्त्यको लागि मुख्य सम्पर्क निकायको रूपमा काम गर्दै आएको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था, गैरसरकारी निकायहरू, यससँग प्रत्यक्ष सरोकार राखी काम गर्ने संघ-संस्था र सञ्जालहरूले पनि निरन्तर रूपमा सचेतना अभिबृद्धि र जनवकालतका कामहरू गर्दै आएका छन्। महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एटविन) यिनै मध्येको एक अग्रणी राष्ट्रिय सञ्जाल हो। यस सञ्जालले महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसारका विरुद्धमा सचेतना अभिबृद्धि गर्न र जनवकालतको सामग्रीको रूपमा "ओसारपसार" नामक सूचनामुलक बुलेटिन प्रकाशन गर्दै आएको छ। यस बुलेटिनमा विभिन्न जानकारीमूलक लेख, रचनाका साथै आफ्ना गतिविधिहरू प्रकाशित गरि सम्बन्धित सरोकारवाला र अधिकारवाला समक्ष पुऱ्याउदै आएको छ। ओसारपसारमा मानव बेचबिखन भनेको के हो, यसबाट कसरी जोगिने, बेचबिखनमा परेमा के गर्ने, यस्ता बेलामा सहयोग गर्ने निकायहरू कुन कुन हुन्, वैदेशिक रोजगारमा जाँदा ख्याल पुरयाउनु पर्ने पक्षहरू जस्ता विषयहरू समेटेर प्रकाशन गरिने हुँदा यो प्रकाशन सरोकारवालाहरूको सचेतना र क्षमता अभिबृद्धिका लागि सहयोगी बनेको छ भन्ने एटविनको ठम्याई रहेको छ।

विपद्को समयमा बढी मात्रामा महिला र बालबालिकाहरू नै प्रभावित हुने भएकाले यस्ता बेलामा हुने र हुन सक्ने आर्थिक अभाव र आपतलाई अवसरका रूपमा लिई बेचबिखनका दलालहरूलाई चलखेल गर्न सजिलो हुने कुरा विभिन्न अध्ययन अनुसन्धानले पनि देखाएको छ। तसर्थ "विपद्मा मानव बेचबिखन तथा ओसारपसार" लाई मूल विषय बनाई विपद्को बेलामा मानव बेचबिखन तथा ओसारपसारबाट बच्नका लागि ध्यान पुऱ्याउनु पर्ने पक्षलाई समेटी ओसारपसारको तेह्रौं अंक प्रकाशन गर्न लागिएको छ। तसर्थ ओसारपसारको यो अंक खासगरी प्राकृतिक प्रकोप र मानव बेचबिखनका सवालमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि समेत उपयोगी स्रोत सामग्री बन्नेछ भन्ने कुरामा हामीले विश्वास गरेका छौं।

अन्त्यमा, यस प्रकाशनका लागि आवश्यक लेख, रचना तथा अन्तर्वार्ताहरू उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्पूर्ण विद्वतजनहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै यस प्रकाशनको व्यवस्थापन, संयोजन र सम्पादन कार्यमा सहयोग गर्नुहुने प्रकाशन समितिका सदस्यहरू तथा कार्यक्रम संयोजक सहित एटविनका कर्मचारी मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा सहित मानव बेचबिखनका सवालमा काम गर्नको लागि सबैको ऐक्यबद्धता रहने समेत विश्वास गर्दछु।

**मीना विष्ट**
**अध्यक्ष, एटविन**

# आप्रवासनको सैद्धान्तिक पक्ष, भूकम्प र बेचबिखनको जोखिम



डा. पदमप्रसाद खतिवडा

### विश्व परिवेश

विश्वको जनसंख्या हाल ७ अरब २५ करोड रहेको छ । यी मध्ये करिब ३५ करोड मानिसहरू अन्तर्राष्ट्रिय देशहरूमा आप्रवासन गर्दछन्, जो जम्मा जनसंख्याको ३.५ प्रतिशत हुन आउँछ । विश्वमा आप्रवासनको ऐतिहासिक पक्षलाई मोटामोटी पाँच भागमा बाँढेर हेर्न सकिन्छ : पूर्व आधुनिक काल, आधुनिक काल, औद्योगिक क्रान्तिको काल खण्ड, विश्व युद्धको परिवेश र एक्काइसौं शताब्दिको सन्दर्भ । मानिसको घुमफिर कार्य वा आप्रवासन आजभन्दा करिब १० लाख वर्षअघि अफ्रिकाबाट सुरु भयो भन्ने अनुमान छ । त्यहाँ मानिसहरूको पुर्खा होमो सापिन्स करिब १५० मिलियन वर्ष अघिदेखि अस्तित्वमा आएको विश्लेषण छ । सन् १५८५ पछाडिको समयलाई समग्र आधुनिक काल भनेर चिनिने गरिएको छ । यतिखेर आइपुग्दा मानिसको घुमफिर तथा स्थानान्तरण व्यापक भइसकेको थियो । तैपनि यातायातको साधन अभाव लगायत जनचेतनाको कमी तथा नयाँ काम पाउने सम्भावना पनि कम भएकै कारण आप्रवासनले त्यति ठूलो स्थान लिन सकेको थिएन । अठारौं शताब्दिपछि वेलायतबाट सुरु भएको औद्योगिक क्रान्तिले भने बढ्दो प्राविधिक यन्त्रहरूको प्रयोगमा अभिप्रेरित गऱ्यो । साथसाथै स्थानान्तरणमा पनि नयाँ आयामहरू थपिन थाले । पहिला नै व्यापक भइसकेको आन्तरिक आप्रवासनले अन्तर्राष्ट्रिय आप्रवासनको रूप लिन थाल्यो । औद्योगिकरणको प्रभावले नै अमेरिकामा बढ्दो दासदासी बेचबिखन कार्य घट्न थाल्यो र कामका लागि विदेशमा लगिने व्यक्तिहरूको करारनामाका कुराहरू पनि उठ्न थाले । सन् १९४० सम्म आइपुग्दा संसारभर मानिसहरू एक देशबाट अर्को देशमा जाने ठूलै लहर चलिसकेको थियो । त्यतिखेर नै करिब पाँच करोड मानिसहरू युरोपका विभिन्न भागहरूबाट अमेरिकी मुलुकहरूमा आप्रवासन गरेको तथ्याङ्क पाइन्छ । त्यस्तै करिब तीन करोड मानिसहरू एशियाबाट अमेरिकी मुलुकहरूमा बसोबास गर्न गएको भन्ने गरिन्छ । सन् १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्व युद्धका क्रममा लाखौं लाख मानिसहरू एक देशबाट अर्को देशमा लगिए, युद्धमा सामेल गराइए, लाखौंको ज्यान गयो, मानिसहरू भागाभाग भए, र यसरी वस्तीका वस्ती मानिसहरू आप्रवासन गर्ने प्रचलन बढेर गयो । यहुदी मूलका मानिसहरूमाथि हिटलरको अभियानमा गरिएको विभत्स हत्या, लुटपाट लगायतका घटनाले सुरक्षाकै खोजीमा युरोप र मध्यपूर्वी एसियन मुलुकहरू बीच डायसपोराको रूप लियो । सन् १९८० को दशकमा आइपुग्दा आप्रवासन मानिसको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति र प्रगतिका लागि अनिवार्य शर्त जस्तै भइसकेको थियो । खासगरी ९० को दशकपछि कामका लागि विदेश जाने लहर विश्वभर व्याप्त रह्यो ।

### नेपालमा आप्रवासनको ऐतिहासिक पक्ष

नेपालीहरू वैदेशिक रोजगारमा सन् १८१६ मा सम्पन्न नेपाल अंग्रेज शान्ति तथा मैत्री सन्धिपछि जान थालेको इतिहासकार हरूको भनाइ छ । हुन त यो सन्धिमा हस्ताक्षर हुन पूर्व नै युद्धबन्दीका रूपमा रहेका ३ हजार गोर्खालीलाई देहरादुनबाट बेलायती फौजमा भर्ती गरिएको थियो । यसपछि ब्रिटिस गोर्खा राइफल्स र भारतमा गोर्खा राइफल्समा नेपालीले काम गरेको पाइन्छ । सन् १९७३/७४ पछि तेलको मूल्यमा भएको बृद्धिसँगै मध्यपूर्वका देशहरूमा आम्दानी बढ्यो । यो आम्दानीलाई ती देशहरूले उद्योग, पूर्वाधार विकास तथा सेवा क्षेत्रमा लगानी गर्न थालेपछि कामदारहरूको आवश्यकता पर्न थाल्यो र नेपाली युवाहरू वैदेशिक रोजगारमा जान थाले । ८० को दशकमा विश्वव्यापी रूपमा उदारीकरणको लहरसँगै खुलापनको अभ्यास नेपालमा पनि हुन थाल्यो र नेपाली युवाहरू कामका लागि गन्तव्य खोज्दै वैदेशिक रोजगारमा जान थालेको पाइन्छ । यसै क्रममा सरकारले २०४२ मा वैदेशिक रोजगार ऐन जारी गऱ्यो । यो ऐनले वैदेशिक रोजगारलाई संस्थागत विकासको प्रारम्भ त गऱ्यो, तर सो ऐन कल्याणकारी तथा संरक्षणमूखी हुन नसकेको भनी २०५६ मा नियमावली बनाइयो । समय परिवर्तनसँगै वैदेशिक रोजगरीको क्षेत्र फराकिलो बन्दै जाँदा यी दुई ऐन र नियमावलीले पनि वैदेशिक रोजगारका समसामयिक चुनौती सामना गर्न सकेनन् । परिणाम स्वरूप २०६४ मा नयाँ

वैदेशिक रोजगार ऐन र नियमावली बनाइयो । यो ऐन तुलनात्मक रूपमा प्रबर्द्धनमूखी, व्यवहारिक र व्यवस्थित देखिन्छ ।

### नेपालमा आप्रवासनको महत्व

नेपालमा वैदेशिक रोजगार भन्नाले भारत बाहेक अन्य मुलुकमा गएर काम गर्ने रोजगारीलाई बुझिने गरिन्छ । वास्तवमा भारतमा जाने नेपालीहरूको संख्या तेस्रो मुलुकमा जानेहरूको भन्दा पनि बढी रहेको मानिन्छ । हाल आएर विभिन्न कारणहरूले गर्दा भारतका लागि वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या अत्यन्त तीव्र हुँदै गइरहेको छ । विशेषगरी, जनसंख्यामा आएको तीब्र परिवर्तन, विकट भौगोलिक अवस्था, परम्परागत कृषि प्रणाली तथा यसबाट वर्षभर खान नपुग्ने अवस्था, मुलुकभित्र बढ्दो बेरोजगारी, प्रतिकूल राजनीतिक अवस्था, विद्यमान शोषणपूर्ण सामाजिक ढाँचा, शिक्षा तथा स्वास्थ्य, सम्पत्तिको सुरक्षा, काम गर्ने स्वतन्त्र वातावरणको अभाव आदि जस्ता विविध कारणहरूले गर्दा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

देशमा प्रतिवर्ष करिब ४ लाखभन्दा बढी युवाहरू श्रम बजारमा आउने गर्दछन् । नेपालमा ३० प्रतिशत काम गर्न योग्य जनशक्तिले सो बमोजिम काम पाएका छैनन् । नेपालको आर्थिक विकासमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको महत्वपूर्ण योगदान रहेकोछ । विश्व बैंकबाट प्रकाशित आप्रवासन र विप्रेषणसम्बन्धी प्रतिवेदनमा नेपालले प्राप्त गरेको विप्रेषण मुलुकको कुल ग्राहस्थ उत्पादनको २३ प्रतिशत रहेको देखाएको छ भने संयुक्त राष्ट्र संघको मानव विकास कार्यक्रम प्रतिवेदनमा नेपालको मानव विकासमा विप्रेषणको योगदान महत्वपूर्ण रहेको उल्लेख छ । यस्तै आर्थिक सर्वेक्षण २०६९/७० अनुसार आ.व. ०६८/२०६९मा विप्रेषणबाट रु. ३५९.५ अर्ब अर्थात् अघिल्लो आर्थिक वर्षको भन्दा ४१.८ प्रतिशतले बढी रकम प्राप्त भएको तथ्य सार्वजनिक गरेको थियो । यो आय कुल ग्राहस्थ उत्पादन (जिडिपी) मा विप्रेषणको योगदान २३.१ प्रतिशत रहेको छ, जबकी नेपालको प्राथमिकता प्राप्त पर्यटनको कुल ग्राहस्थ उत्पादनमा केबल २ प्रतिशतको मात्र योगदान छ ।

नेपाल जीवनस्तर सर्वेक्षण, तेस्रोको संक्षिप्त नतिजा २०६६/६७ अनुसार नेपालमा भित्रिएको विप्रेषण ५६ प्रतिशत घर परिवारले प्राप्त गर्ने गरेका छन् साथै विप्रेषण प्राप्त गर्ने घरपरिवारमध्ये प्रति घरपरिवारले प्राप्त गर्ने औसत विप्रेषण रु. ८०,४३६ पुगेको देखाइएको छ । नेपालको गरिबी आर्थिक वर्ष २०५२/५३ देखि १५ वर्षका अवधिमा झण्डै १७ प्रतिशतको बिन्दूले (४२ प्रतिशतबाट २५ प्रतिशतमा) झर्नुमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको विश्लेषण गरिन्छ । वैदेशिक रोजगारका कारण नेपाली घरधुरीमा उपभोग क्षमता, खाद्य सुरक्षामा सुधार, सामाजिक विकास, बालबालिकालाई विद्यालय पठाउने क्रम र महिला सशक्तिकरणमा सकारात्मक परिणाम देखिएको अध्ययनहरूले देखाएको छ । नेपाली कामदारले नेपालमा भित्र्याउने विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान पुगेको छ । कृषिपछि वैदेशिक रोजगार नै नेपालको दोस्रो महत्वपूर्ण क्षेत्रका रूपमा विकास हुन पुगेको छ । विप्रेषणबाट आवास, शिक्षा, स्वास्थ्य, पोषण तथा स्थानीय आय आर्जनका गतिविधिमा महत्वपूर्ण योगदान पुगेको र यसले मुलुकको गरिबी घटाउन र मानव विकासको अवस्था सुधार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । वैदेशिक रोजगारको अर्को योगदान सीपयुक्त दक्ष जनशक्तिको पनि हो । वैदेशिक रोजगारबाट फर्किएका कामदारले कुनै न कुनै प्रकारको सीप साथमा बोकेर ल्याउने गरेका छन् । यसका साथै कामप्रतिको झुकाव, उर्जा र देशभित्र कुनै न कुनै इलम गर्ने प्रतिबद्धता पनि साथमा हुन्छ । यसरी वैदेशिक रोजगारीको सिलसिलामा आर्जित नयाँ सीप र प्रवृत्तिलाई सामाजिक विप्रेषण भनिन्छ, जसको पहिचान र सदुपयोग राज्यले राष्ट्रिय विकासमा गर्न नसकिरहेको अवस्था छ ।

### के हो आप्रवासन ?


जीवन निर्वाहलाई सहज बनाउन आफू बसेको बासस्थान परिर्वतन गर्नु मान्छेको चलन हो । आदिमकालमा समेत सुरक्षित बासस्थान, खानेकुराको उपलब्धता र पिउने पानीको आपूर्तिको अनुकुलता हेरेर एक स्थानबाट अर्को स्थानमा मानिसहरू बास फेरी रहन्थे । पहिला पहिलाको यस्तो चलन अहिले आएर परिवर्तन भएको छ । दिगो जीविकोपार्जनको खोजी, खाद्य सुरक्षा, व्यक्तिगत तथा सामुदायिक सुरक्षा, गुणस्तरीय जीवन र धेरै धन कमाउने ला सले एक स्थानबाट अर्को स्थानमा अस्थायी तथा स्थायी रूपमा मानिसहरू आउने जाने गरिरहेका छन् । यो क्रम बढ्दै गएर मानिसहरू देशको सीमा बाहिर रोजगारीका लागि जाने गरेका छन् । कोही कोही युवा विदेशमा पढ्न गएर उतै बस्छन् । कोही विवाह गरेर विदेशमा नै घरजम गर्दछन् । वास्तवमा यहीं प्रक्रियालाई नै आप्रवासन वा स्थानान्तरण (Migration) भनिन्छ ।

मानिसको आप्रवासन अस्थायी वा स्थायी प्रकृतिका हुने गरेका छन् । आफ्नो परिवार र सामाजिक परिवेश छोडेर रोजगारी वा अन्य अवसरको खोजीमा छोटो समयका

लागि थातथलो बाहिर जाने र पछि फर्केर सोही थलोमा फर्कनुलाई अस्थायी आप्रवासन भनिन्छ । त्यसैगरी कायम रहेको सामाजिक र आर्थिक सम्बन्धलाई त्यागेर व्यक्ति एक्लै वा परिवारसहित पुरानो थातथलो छाडेर नयाँ स्थानमा जाने प्रक्रियालाई स्थायी आप्रवासन भनिन्छ ।

**आप्रवासनको गन्तव्य**

मानिस एक गतिशील प्राणी भएकाले जीवनको समृद्धि तथा गुणस्तरीय जीवनको अपेक्षा हरेक मानवमा हुने गर्दछ। यसैका लागि एक स्थानबाट अर्को स्थानमा बासस्थान अस्थायी वा स्थायी रूपमा फेर्ने गर्दछ । यसरी बासस्थान परिवर्तन र रोजगारीका लागि गन्तव्य छनोट कार्यलाई आन्तरिक र बाह्य दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।




**क. आन्तरिक**

देशको राजनीतिक सीमा भित्रको भू-भागमा एक ठाँउबाट अर्को स्थानमा विभिन्न उद्देश्यले जाने प्रक्रियालाई आन्तरिक स्थान्तरण भनिन्छ । नेपालमा हिमाली र पहाडी भेगबाट तराईमा र गाऊँबाट जिल्ला सदरमुकाम वा शहरी क्षेत्रमा काम र सुविधाको खोजी गर्दै बास परिवर्तन गर्नु आन्तरिक आप्रवासन हो । सन् १९७१ मा पहाड र हिमाली जिल्लाबाट भण्डै चार लाख मान्छे तराई र काठमाडौं लगायतका शहरमा बास सरेका थिए भने १९८१ मा त्यो बढेर ६ लाख ८६ पुग्यो । सन् १९९१ मा यस्तो आप्रवासन ९ लाख १५ हजार र सन् २००१ मा दश लाख ८५ हजार पुग्यो । सन् २०११ को जनगणनाको नतिजा अनुसार काठमडौं उपत्यकाको जनसंख्या २५ लाख पुगेको छ । यो स्थायी रूपमा थात्थलो छोडेर जानेको जनसंख्या मात्र हो । काठमाडौंमा मात्र १० देखि १५ लाख मानिसहरू अस्थायी रूपमा आवतजावत गर्ने गर्दछन् । तराई र शहरको औद्योगिक तथा व्यापारिक क्षेत्रमा रोजगारीको विकल्प प्राप्त गर्ने सम्भावनाले गर्दा आन्तरिक आप्रवासन तीब्र गतिमा अगाडि बढेको छ । शिक्षित तथा अशिक्षित बेरोजगारहरू राजधानी र शहरीकरणका पूर्वाधार भएका आन्तरिक बजारतर्फ आकर्षित भएका छन् । भोलिका दिनमा यसरी पुर्ख्यौली थलो छाडेर स्थान परिवर्तन गर्नेको चाप अरु बढ्ने सम्भावना कायमै रहेको छ ।


**ख. बाह्य**

नेपालमा आन्तरिक रूपमा आप्रवासन हुने प्रवृत्ति मात्र कायम रहेन । यो प्रक्रियाले अन्तर्राष्ट्रिय श्रम बजारमा समेत पहुँच अभिबृद्धि भएको छ । राज्यको राजनीतिक सीमा बाहिर उपलब्ध आर्थिक अवसरको उपभोग गर्न जानेको संख्या निकै बढेको छ । नेपाल सरकारले नै यसका लागि १०८ मुलुक खुल्ला गरेको छ । वर्षेनी श्रम बजारमा प्रवेश गर्ने जनशक्तिको बृद्धि र राज्यले त्यसलाई आन्तरिक श्रम बजार व्यवस्थापन गर्न नसक्दा नेपाल बाहिर श्रम आप्रवासन भइरहेको छ । प्रत्येक बर्ष श्रम बजारमा प्रवेश गर्ने ४ लाख युवामध्ये तीन लाख युवा रोजगारीका लागि नै बाह्य मुलुकमा जाने गर्दछन् । हाल यो संख्या प्रतिदिन एक हजार सात सय रहेको अनुमान छ ।

नेपाल सरकारबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जानेको संख्या मात्र २०७ मंसिर मसान्तसम्म करिव ३१ लाख रहेको सरकारी तथ्याङ्क छ, जसमध्ये महिलाको तथ्याङ्क १० हजार ५६ रहेको छ । यी तथ्याङ्कमा भारतमा जानेहरूको संख्या समावेश गरिएको छैन । सरकारी स्वीकृति नलिई भारत बाहेकका मुलुक जानेको संख्या पनि यही हारहारीमा रहेको अनुमान छ । यस बाहेक अध्ययन, व्यापार र अन्य प्रयोजनका लागि बाह्य देशमा जाने प्रक्रिया पनि कायम छ । पछिल्लो समयमा संयुक्त अधिराज्यले पूर्व गोर्खा सैनिक र उनीहरूका परिवारलाई आवाशीय भिसा खुला गरेपछि नेपाल छाडेर थातवास छाड्नेको संख्या पनि माथिको तथ्याङ्कमा समावेश छैन ।

**घर छाड्नुको कारण**

मानिसले आफ्नो जन्म घर, समाज, साथी-संगी र स्थानीय परिचित वातावरणलाई त्यागेर नयाँ परिवेशमा साधारणतः प्रवेश गर्न चाहँदैन । त्यसै पनि नयाँ परिवेश चुनौतीपूर्ण हुन्छ। त्यो पक्षमा मानिसहरू जानकार हुँदाहुँदै पनि आन्तरिक बजार हुँदै अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्नेको लर्को लागेको छ । यसका कारक पक्षमा पहिलो आकर्षण गर्ने पक्ष (Pull Factor) र बाध्यताकारी पक्ष (Push Factors) हुन्छन् ।




**क. आकर्षण गर्ने पक्ष**

- रोजगारीको अवसर
- ज्यालाको फरक
- जीवन बाँच्ने आधारको सम्भावना
- विकासको पूर्वाधार
- सामाजिक सेवा तथा सेवाको उपलब्धता
- औद्योगिकरणको वातावरण
- सुरक्षाको प्रत्याभूति
- व्यापारिक तथा वित्तीय सुविधा
- कारोबारको सुविधा

**ख. बाध्यताकारी पक्ष**

- बेरोजगारीको समस्या
- पारिवारिक हिंसा
- छिटै धनी हुने आकांक्षा
- परिवारको कर्जा टार्न
- शोषण र गरिबी
- राजनीतिक, सामाजिक द्वन्द्व
- प्राकृतिक प्रकोप
- खाद्यान्नको अभाव
- असुरक्षाको स्थिति
- विकासको पूर्वाधारको अभाव
- सामाजिक सेवा तथा सुविधाको अभाव
- अर्थ-सामाजिक मनोवैज्ञानिक पक्ष
- पिउने पानीको अभाव
- अपराधबाट बच्न आदि

**आन्तरिक आप्रवासनले पार्ने नकारात्मक प्रभावहरू**

**सामाजिक:** आन्तरिक आप्रवासनले एकातिर शहरी र तराई क्षेत्रमा जनसंख्याको चाप बढेर सामाजिक सन्तुलनलाई खल्बल्याएको छ भने अर्कोतिर अव्यवस्थित शहरीकरणलाई प्रोत्साहित गर्छ र प्रदुषण बढाएको छ। बजार र प्रविधिमा गहिरो चाप पर्न गई समाजमा चोरी, ढाँट, छली प्रवृत्तिको विकासलाई प्रोत्साहन गर्ने छ। सेवाका क्षेत्रहरू स्वास्थ्य, पोषण, शिक्षामा समेत विकृत्ति भित्रने छ। आपूर्ति र वितरणमा असन्तुलन कायम भई महँगीको नियन्त्रण गर्न मुस्किल पर्ने छ।

**आर्थिक:** नेपालको कृषिको उत्पादन घट्ने छ। उत्पादनमूखी दिगो विकासका आधारलाई प्रतिस्थापन गर्दै आयातित वस्तुको उपभोगतर्फ लाग्न बाध्य गराउँनेछ। विकासका पूर्वाधार नष्ट हुँदै जानेछन्। वास्तवमा स्थानीय बजारमा कम ज्याला पाएपछि अन्यत्र कम खोज्नुपर्ने बाध्यता नेपाली कामदारको छ।

पातलिदो जनसंख्याले आर्थिक सीमान्त हुँदै जाने छ भने स्थानीय सम्पदा, स्रोत र साधनको उपयोग हुन नसकेर परामूखी प्रवृत्तिको विकास हुनेछ।

**राजनीतिक:** जनसंख्याको आन्तरिक आप्रवासनले राजनीतिक क्षेत्रमा समेत गहिरो प्रभाव पार्नेछ। राजनीति जहिले पनि भीडतर्फ आकर्षित हुने भएकाले राजनीतिक स्थिरतामा चुनौती खडा हुनेछ। समय समयमा राजनीतिक व्यवस्था, प्रादेशिक इकाई र स्थानीय निकायको सीमा हेरफेर गर्दा, भएका पूर्वाधार नष्ट गर्ने र निर्माण गर्नेतर्फ मात्र राज्यको ध्यान जाने अवस्था हुनेछ।

**जनसंख्याको अन्तर्राष्ट्रिय आप्रवासनले प्रभाव पार्ने नकारात्मक प्रभावहरू**

- नेपालको श्रम शक्ति विस्थापित हुनेछ।
- गैरकानूनी आर्थिक कारोबार बढ्नेछ।
- पूँजी निर्माणको दर घट्नेछ।
- दिगो विकासका संभावना न्यून हुनेछ।
- मानव संशाधनमा असन्तुलन हुनेछ।
- कृषियोग्य जमीनको उपयोगमा ह्रास आउनेछ।
- स्थानीय स्रोत र साधनको अभाव बढ्नेछ।

**घरेलु महिला कामदारहरूले भोग्नु परेका प्रमुख समस्याहरू**

विभिन्न मुलुकमा घरेलु कामदारको भिसाको दूरूपयोग गरी वैदेशिक रोजगारको नाममा मानव बेचबिखन एवं मानव तस्करी भइरहेको छ। सहज रूपमा घरेलु भिसा निकाली अवैधानिक रूपमा अन्य छिमेकी मुलुक लैजाने प्रवृत्ति पनि बढिरहेको छ। महिला कामदारमाथि शारीरिक, मानसिक एवं आर्थिक शोषण भइरहेका छन्। अत्याधिक कामको बोझ, न्यून तलब तथा करार अवधि सकिए पनि स्वदेश फर्कन नदिने जस्ता समस्याको कारणले गर्दा धेरैजसो महिला

कामदार भागेर गैरकानूनी हैसियतमा बाहिर काम गरिरहेका छन्, जसले गर्दा यस्ता कामदारहरू थप झन् असुरक्षित बनेका छन् । पाउनु पर्ने तलब नपाउने, तलब मागेमा जबर जस्ती स्वदेश फिर्ता पठाउने, गैरकानूनी गिरफ्तार गराउने, थुनामा राख्ने, यातना दिने जस्ता मानविय उत्पिडनमा परेका छन् ।

खाडीमा महिलाहरू रोजगारदाता (आफ्ना साहु-साहुनी) भन्दा पनि नेपालीबाट बढी ठगिएका छन् । कामको बोझ, घर परिवारको सम्झना, मरुभूमिको बसाई आदिबाट तनावमा रहेका महिलाहरू नेपालीको आवाज सुन्ने वित्तिकै उ नै उसको सबैभन्दा नजिकको हितैषी मित्र दाई वा भाई बन्न पुग्दछ । त्यसपछि भावनात्मक रूपमा त्यही व्यक्ति उसका दुःख, पीर, मर्का बुझ्ने आत्मीय साथीको रूपमा परिणत हुन पुग्दछ र आफ्नो भन्ने त्यही व्यक्तिबाट ठगिन पुग्छन् नेपाली चेलीहरू । धेरै पैसा आउने काम लगाई दिने प्रलोभनमा पारी घरबाट भगाएर आफैसँग राखी आर्थिक, मानसिक र शारीरिक शोषण गर्न थाल्छन् । कतिले त गर्भधारण समेत गराई अलपत्र पारेका छन् । घरबाट भागेपछि गैरकानूनी हुन्छन् र गैरकानूनी हैसियतका कारण नै एकबाट अर्को गरी आफ्नै नेपाली दाजुभाईबाट पीडित एवम् शोषित हुन पुग्छन् र यस्तो फाइदा पाएसम्म सबैले उठाउन थाल्छन् ।

त्यसैगरी माया पिरतीका नौटंकी रच्दै दुःख गरी कमाएका रकम फकाएर लिनेको समेत कमी छैन । यसरी ठगिदा पनि कोही कतै उजुरी गर्न चाहँदैनन्, किनकि उनीहरू त्यस्ता बहुरुपीको प्रेमको सागरमा डुबुल्की मारिरहेका हुन्छन् र आफू ठगिएको समेत थाहा पाउँदैनन् । कतिपय कम्पनीमा काम गर्ने पुरुष कामदारको पार्टटाइम पेशा नै घरेलु महिला कामदार ठग्ने रहेको छ । तसर्थ महिला कामदरहरूले यस विषयमा ध्यान दिनु जरुरी छ । कसैको बहकावमा आएर घरबाट भाग्नु हुँदैन र कसैलाई पनि आफूले मिहेनत गरेर कमाएको रकम दिनु हुँदैन । घरेलु महिला कामदारको प्रमुख समस्याहरूलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ :

**घरेलु महिला कामदारलाई घर मालिकबाट उत्पन्न समस्याहरू :**

- आराम बिनाको लामो कार्य समय
- घुमफिरमा रोक
- घर मालिकको कब्जामा राहदानी
- तलब नदिने/करारमा तोकिए बमोजिमको नपाउने
- घरेलु कामदारलाई आप्रवासी कामदारको रूपमा मान्यता नदिनु
- शारीरिक एवं मानसिक शोषण
- डर त्रास एवं धम्कीपूर्ण अवस्था
- बाध्यात्मक श्रमिकको रूपमा काम गर्नुपर्ने
- अत्याचार सहन नसकी भाग्दा चोरी लगायत अन्य मुद्दा लगाएर झनै पीडित गराउने अवस्था
- घरबाट भाग्ने क्रममा विभिन्न एजेन्टहरूको चंगुलमा फसी देह व्यापार गर्न बाध्य पारिनु
- प्रयाप्त मात्रामा खाना खान नदिने
- समयमा उपचारको अभाव
- करार अवधि सकिए पनि घर जान नदिइ लामो समयसम्म जर्बजस्ती काम गराइरहने
- खुल्ला सिमानाको कारणले एउटा मुलुकको श्रम स्वीकृति लिई अर्को मुलुक लैजाने
- घर र आफन्तसँग सम्पर्क गर्न नदिने
- समयमा भिसा नलगाई गैरकानूनी हैसियतमा काम गराउने
- स्पोन्सरले मनोमानी तरिकाले घरेलु कामदारलाई Recruitment Office वा अर्को स्पोन्सरकोमा बेच्ने
- अत्याधिक कामको बोझ
- लैंगिक हिंसा

**घरेलु कामदार स्वयम्बाट उत्पन्न समस्याः**

- धेरै घरेलु महिला कामदारसँग मोबाइल फोन साथमा हुने गरेको कारण अन्यत्र टेलिफोनमा कुरा गरेको आधारमा घर मालिकले शारीरिक एवं मानसिक यातना दिने गरेको उदाहरण छन् ।
- रोजगारदाताको घरबाट भागेर गैरकानूनी रूपमा अन्यत्रै पति-पत्नीको रूपमा रहने प्रचलन बढ्दो छ। रोजगारीकै क्रममा गर्भवती हुने र पुरुष भने महिलालाई अलपत्र छाडेर भाग्ने गरेका छन् । यस्तो सम्बन्ध खासगरी ड्राईभरसँग देखिएको छ ।
- घरको फोहर फाल्न जाने क्रममा रोजगारदाताका छिमेकी घरमा काम गर्ने बंगाली, इण्डियन लगायतका विदेशी कामदारसँग सम्पर्क बढाएको आरोपमा पनि नेपाली महिला घरेलु कामदारले घर मालिकबाट यातना पाउने गरेका छन् ।
- भाषाको ज्ञानको कमीले गर्दा रोजगारदाताको निर्देशन नबुझ्दा कामदार र रोजगारदाता बीच विवाद देखिएको छ।
- राहदानीमा उमेर बढाएर वैदेशिक रोजगारमा पुगेका बालिकाहरू र नक्कली राहदानीमा जाने महिला बढी पीडित भएका छन् ।
- स्वास्थ्य परीक्षणको लापार्बाहीका कारण नेपालबाट नै

गर्भवती भएर काममा पुग्ने महिला पनि देखिएका छन्।

**एजेन्सीहरू र उनीहरूका दलालको कमी कमजोरी :**

- घरेलु कामदारको चुनौतीबारे यथार्थ स्थिति अवगत गराउने परिपाटी नभएको।
- घरमा काम गर्न नसकि कफला अवधिभित्र भागेर सम्बन्धित एजेन्सीको अफिस आएका महिला कामदारलाई शारीरिक एवं मानसिक यातना दिने गरेको।
- *कफला* अवधि अर्थात् जिम्मेवारीको अवधि सकिएपछि कामदारलाई भाग्न प्रेरित गर्ने गरेको र *कफला* अवधिपश्चात् आफ्नो दायित्वबाट पन्छिने प्रवृत्ति कायम रहेको।
- काम गर्न आएका वा कामबाट भागी आएका कामदारलाई विभिन्न प्रकारले शोषण गर्ने गरेको भन्ने बारम्बार उजुरी पर्ने गरेको।
- कामदारलाई छोटो अवधिको लागि काममा पठाई आर्थिक शोषण गर्ने जस्ता गैरकानूनी काम गर्ने गरेको।

**भूकम्प र आप्रवासन**

यहीं २०७२ बैशाख १२ गते गएको महाविनासकारी भूकम्प तथा त्यसपछिका दिनमा लगातार गएका पराकम्पनका कारण व्यापक धनजनको क्षति भएको छ। यसका कारण लाखौं व्यक्ति तथा समुदाय घरबारविहीन भएका छन्। नेपाल सरकारले भूकम्पका कारण सिर्जित समस्या तथा प्रभावको तहलाई मध्यनजर गर्दै १४ जिल्लालाई अति प्रभावितको सूचीमा राखेको छ, जसमा गोरखा, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, दोलखा लगायत पर्दछन्। समग्रमा यस विनासकारी भूकम्पले ३१ भन्दा बढी जिल्लामा क्षति पुऱ्याएको छ।

भूकम्पका कारण प्रभावित समुदायमा विभिन्न समस्याहरू सिर्जित भइरहेका छन्, जसमा बेचबिखन एक प्रमुख कारण बनिरहेको छ। यसै पनि सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ लगायतका क्षेत्रहरू मानव बेचबिखनका दृष्टिले अति प्रभावित मानिन्छन्, त्यसमा पनि भूकम्पका कारण बेचबिखनको समस्यालाई अझ प्रश्रय दिइरहेको छ। दलालहरूले अभावको जिन्दगी गुजारा गर्न बाध्य महिला तथा बालबलिकाहरूलाई ललाइफकाई राम्रो कामको प्रतिबद्धताका साथ फसाउने गरेका घटनाहरू सार्वजनिक भएका छन्। तसर्थ यसतर्फ सबैको ध्यान जानु जरुरी भएको छ।

भूकम्पको मार बिच तड्पिरहेका सोझासाझा जनतालाई फसाउने गिरोह थप सक्रिय रहने भएकाले संघसंस्थाहरूले वैदेशिक रोजगारमा जाने व्यक्ति तथा समुदाय बीच निम्न कुराहरूमा सचेतना अभियान चलाउन जरुरी भएको छ :

- वैदेशिक रोजगारमा जानुअघि स्वरोजगारका विकल्पका बारे खोजीनीति गर्नुपर्छ। यदि विदेशमा कमाइको तुलनामा वैदेशिक रोजगारमा जाने कामदारले घरपरिवारमा नै बसेर स्वरोजगार हुँदा त्यति नै कमाई हुने संभावना रहेछ भने वैदेशिक रोजगारको पछि लागि रहनु आवश्यक हुँदैन।
- सीप सिकेर विदेश जाँदा त्यहाँ पाउने तलब र सुविधामा ठूलो अन्तर हुन सक्छ। धेरैजसो विदेशीले त्यही काम तर तालिम गरेर जाने हुँदा नेपालीले भन्दा बढी तलब पाउने गरेका छन्। तालिम लिनु समय र खर्चको लगानीसमेत कूल खर्चमा जोडेर योजना बनाउनु पर्छ।
- विदेशमा सम्झौतामा उल्लेख भएबमोजिम तलब, सुविधा र काम पाइएन भने वा अनेक प्रकारका विपत्ति आइपरेमा कहाँ, कोसँग, कसरी सहयोग माग्ने सम्बन्धमा जानकारी लिई राख्नुपर्छ। विदेशमा पनि सहयोग गर्ने राजदूतावास, सहयोगी संस्था एवं मानवअधिकारवादी संगठन हुन सक्छ।
- फर्केर स्वदेश आएपछि कमाइको पैसा नजानेको, नबुझेको क्षेत्रमा लगानी गर्नुभन्दा बुझेको र आफूले रेखदेख गर्न सक्ने क्षेत्र र दिगो विकासमा लगानी गर्नु तपाईं र राष्ट्रकै लागि फाइदाको विषय हो।
- वैदेशिक रोजगारबाट फर्केपछि के व्यवसाय गर्ने भन्ने योजना बनाएर त्यसैको आधारभूत पक्षमा लगानी गर्दै जानु राम्रो कुरा हो।
- विदेशमा पाइने अधिकांश कामहरू गाह्रो, फोहोर र खतरापूर्ण हुन सक्छन्। यस्तो बेला के गर्ने भन्नेबारेमा समयमा नै सचेत हुनुपर्छ।
- वैदेशिक रोजगारका क्रममा पाइने मासिक तलब सम्झौतापत्रमा उल्लेख हुन्छ। त्यो कमाईले लागेको खर्च कति महिनामा उठाउन सकिन्छ ? त्यसको योजना बनाउनुपर्छ।
- सस्तो र सहुलियतपूर्ण ब्याजमा सरकारी जमानतमा ऋण पाइने व्यवस्था पनि छ। अथवा नजिकको बैंक, सहकारी फाइनान्स समेतले पनि वैदेशिक रोजगारमा जानेका लागि ऋण दिने व्यवस्था गरेको हुन सक्छ।

अन्त्यमा, प्राय:जसो बेचबिखनको समस्या भारत केन्द्रित हुने हुँदा त्यसतर्फ ध्यान जानु अत्यावश्यक भएको छ। खुला सिमानाका कारण सिर्जित हुने यस्तो समस्याबाट बच्न तथा बचाउन त्यस देशमा हुने आप्रवासनको प्रकृति बुझ्न जरुरी

हुन्छ । भारतमा जाने अधिकांश मानिसहरू उहीं गएर काम सिक्ने विचार राख्छन् । यसरी वैदेशिक रोजगारमा सिक्ने नै उद्देश्य बोकी जाँदा धोका हुन सक्दछ । तर पनि काम गर्दै जाँदा सबै तहका कामदारहरूले स्वत: केही न केही नयाँ सिकिरहेका हुन्छन् र परिणामत: केही समयमै अदक्षहरू, अर्ध-दक्ष, अर्ध-दक्षहरू दक्ष बन्दै आफ्नो ज्ञान, सीप र क्षमता अभिबृद्धि गरिरहेका हुन्छन् । कति कुरा कामदार स्वयंको रूची, लगाव र मेहनतमा पनि भर पर्दछन् ।

भारतका लागि वैदेशिक राजगारीमा जानेले श्रम स्वीकृति लिन पर्दैन । यस देशमा वैदेशिक रोजगारमा जानेको लागि कुनै इजाजत-पत्र, सम्भौता आवश्यक छैन । यद्यपि भारतमा नै गएर भने यस्तो सम्भ्कौता-पत्र अनुसार काम गर्ने व्यवस्था भने हुन सक्छ, जसलाई औपचारिक क्षेत्रको श्रम भनिन्छ । तर चौकीदारी गर्ने, होटल, रैस्टुरेण्टमा काम गर्नेहरूका लागि भने यस्तो सम्भ्कौता-पत्र नहुन सक्छ ।

तथापि भारतमा पनि रोजगारदाता र कामदार बीच गर्नुपर्ने काम र कामदारले पाउने सुविधा बीचको करारलाई व्यवस्थित गर्नु जरुरी भएको छ । रोजगारदाता र कामदार बीचको लेनदेनको यो महत्वपूर्ण कागज भएमा कामदारले गनुपर्ने काम, कति समय काम गर्ने ? काम गरे वापत कति पैसा पाउने ? विदाको सुविधा, औषधि उपचारको सुविधा, वीमा र काम छोडेमा कति क्षतिपूर्ति पाउने जस्ता कुराहरू उल्लेख हुन्छ । सम्भ्कौताका आधारमा कम्पनीले सुविधा उपलब्ध नगराएमा सम्बन्धित निकायमा उजुरी दिन सकिन्छ ।




**कृतज्ञता**

यस लेखमा प्रयोग गरिएका कतिपय सन्दर्भ सामग्रीहरू अमेरिकन विकास नियोग, विश्व शिक्षा तथा निड्सका लागि तयार गरिएकोसुरक्षित स्थानान्तरण र रोजगारी तथा अक्सफाम नेपालका लागि निड्सद्वारा तयार गरिएको अर्को तालिम सामग्री आप्रवासन : भारत लगायतका मुलुकमा वैदेशिक रोजगारमा जानेहरूका लागि स्रोत सामग्रीबाट लिइएका छन् । यी दुवै सामग्री निर्माणमा लेखकको संलग्नता रहेको छ ।

*उपप्रध्यापक, जनसंख्या अध्ययन,*
*पद्मकन्या बहुमूखी क्याम्पस*



बधाई ज्ञापन

एटविनका संस्थापक सदस्य तथा सदस्य संस्था
नेपाल ग्रामीण पुननिर्माण संस्था (आरआरएन)का अध्यक्ष
श्री **डा. अर्जुन कार्की**ज्यूलाई नेपाल सरकारद्वारा संयुक्त राज्य अमेरिकाको लागि आवासिय नेपाली राजदूतमा नियुक्त हुनु भएकोमा उहाँको कार्यकालको सफलताको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**मीना बिष्ट**
*अध्यक्ष तथा समस्त एटविन परिवार*

# मानव बेचबिखन: आधुनिक युगको दासता



रत्न काजी बज्राचार्य



## दासत्व विश्वभरि व्यवहारमा कायम छ

दासत्व प्रथाको अन्त्य १९ औं शताब्दीमा भएको मानिएता पनि हरेक मुलुकमा कुनै न कुनै प्रकारको दासत्वजन्य अभ्यास अद्यापि कायमै छ । मानव सभ्यता र विकास लक्ष्य हासिल गर्ने दिशामा जतिसुकै प्रगति हासिल भए पनि आजको एक्काइसौं शताब्दीको विश्वमा लाखौं लाख मानिसहरू विभिन्न रूपमा दासत्वको जीवन जिउन बाध्य छन् । समकालिन साहित्यमा कहिले यसलाई आधुनिक दासता भन्ने गरिन्छ त कहिले मानव बेचबिखन, तर वास्तविकता भने मानव समाजमा निरन्तर चली आएको दासत्वजन्य अभ्यास नै हो । महिला र किशोरीहरूलाई व्यावसायिक यौन पेशामा लाग्न बाध्य पारिने स्थितिदेखि बयस्क, किशोरी तथा बालकहरूलाई कृषि कार्य, घरेलु काम, उद्योग कलकारखाना, चिया नास्ता पसलदेखि भट्टी पसल, मनोरञ्जन र सेवाका नाममा खोलिएका डान्स बार, क्याबिन रेष्टुरेण्ट र मसाज पार्लर आदिमा लगाई श्रम तथा यौनशोषण गरिनुका साथै कबुलियती ऋण र बँधुवा मजदुरका रूपमा परिवारकै पुस्तौनी शोषण, अनमेल बालिका विवाह आदि हानिकारक अभ्यासहरू निरन्तर जारी छ । मानव बेचबिखन भनौं वा आधुनिक युगको दासत्व यो समस्या नेपाल लगायत धेरै राष्ट्रहरूको सन्दर्भमा सामाजिक संरचनासँग गाँसिएको एक जटिल समस्या हो । लैङ्गिक विभेद, पितृसत्ता, पुरुषत्व, शक्ति, सम्पन्नता, उन्माद, उपभोगवाद, ऐश आराम र मनोरञ्जन आदिसँग जोडिएको सामाजिक मूल्य, मान्यता र सम्बन्धका कारण महिला तथा किशोरीलाई उपभोगको वस्तुको रूपमा हेर्ने हाम्रो समाजको दृष्टिकोणमा अझै परिवर्तन आउन सकेको छैन ।

अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको माग दिनदिनै बढ्दो छ । अन्तर्राष्ट्रिय श्रम संगठनले विश्वभरि २.१ करोड मानिसहरू दासत्वका रूपमा रहेको अनुमान गरेको छ भने Walk Free Foundation द्वारा प्रकाशित Global Slavery Report 2014 ले विभिन्न अनुसन्धानकर्ताहरूको २.१ करोड देखि ३.६ करोड मानिसहरू दासको रूपमा रहेको तथ्याङ्कलाई प्रस्तुत गर्दै दासको व्यापारमा संलग्न धन्दा संचालक एवं बेचबिखनकर्ताहरू वार्षिक १५० अर्ब अमेरिकी डलरसम्म गैरकानूनी मुनाफा आर्जन गर्ने गरेको अनुमानलाई अघि सारेको छ ।

## आधुनिक युगको दासताबारे गहन बुझाई आवश्यक छ

मानव बेचबिखन आधुनिक युगको दासताको एउटा मात्र रूप हो । त्यसमाथि पनि नेपाली समाजमा मानव बेचबिखन भन्नाले प्रायश: व्यावसायिक यौनकार्य अथवा देह व्यापारमा संलग्न गराउनका लागि महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसारलाई मान्ने परम्परागत र आम बुझाई रहिआएको छ । यो बुझाईमा व्यापक परिवर्तनको खाँचो छ । Free the Slave को एक आँकडा अनुसा र वर्तमान विश्वमा बेचबिखन यौनसम्बन्धी दासत्वका लागिभन्दा श्रमसम्बन्धी दासत्वका लागि बढी हुने गरेको देखिन्छ । उक्त आँकडा अनुसार यौन दासताको प्रतिशत २२ रहेको छ भने श्रम दासता ७८ प्रतिशत रहेको पाइन्छ । तर दासताबाट पीडित हुने वर्गमा भने अधिक संख्यामा महिला र बालिका नै रहेको स्थितिलाई उक्त संस्थाले स्वीकारेको छ । जस अनुसार दासत्वबाट प्रभावित एवं पीडित महिला र बालिकाको प्रतिशत ५५ रहेको अनुमान छ भने पुरुष र बालकको प्रतिशत ४५ रहेको अनुमान छ । त्यसरी नै १८ वर्षभन्दा कम उमेरका पीडित बालबालिकाहरूको प्रतिशत २६ रहेको अनुमान गरिएको छ । विश्व वजारमा सस्तो श्रम र यौन कार्य दुबैका लागि महिला, पुरुष र बालबालिकाको माग बढ्दो छ । महिला तथा बालिकाहरू विशेषत: यौन दासताका लागि हुने बेचबिखनको उच्च जोखिममा रहेको भनिएता पनि उनीहरू माथि यौनशोषण र श्रम शोषण दुबै हुने गर्दछ । पुरुषहरू खासगरी श्रम दासताका लागि हुने बेचबिखनको जोखिममा त छँदै छन्, समलिङ्गी यौनकार्यका लागि समेत उनीहरूको बेचबिखन हुन थालेको देखिन्छ। त्यस्तै यौन कार्यका लागि पर्यटकदेखि पादरीसम्मले बालकहरूलाई उपयोग गर्ने गरेका घटनाहरू पनि छन् । अत: हिंसा गर्ने धम्की दिई हिंडडुल गर्ने स्वतन्त्रताबाट बञ्चित गरी कुनै व्यक्तिमाथि आर्थिक, शारीरिक र यौनशोषण गर्ने कार्य नै दासता हो ।

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालय (OHCHR)ले दासत्व विरुद्धको महासन्धि (Slavery Convention); दासत्व, दास व्यापार र दासत्वजन्य व्यवहार तथा अभ्यास उन्मूलन गर्नेसम्बन्धी पूरक महासन्धि (Supplementary Convention on the Abolition of Slavery, The Slave Trade and Institutions and Practices Similar to Slavery), जसलाई "Supplementary Convention" पनि भनिन्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR); नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR); Rome Statute of the International Criminal Court; अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पुरकको रूपमा रहेको मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने आलेख (Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children Supplementing the United Nations Convention against Transnational Organized Crime) जसलाई मानव बेचबिनसम्बन्धी आलेख (Trafficking Protocol) एवं पालेर्मो प्रोटोकल पनि भनिन्छ, आदि अन्तर्राष्ट्रिय दस्तावेजहरूले व्याख्या गरेका बुँदाहरूलाई केलाउँदै आधुनिक युगको दासताबारे तीनवटा अभ्यासका आधारमा पहिचान गरिनुपर्ने कुरालाई जोड दिएको छ । ती हुन् - १) कुनै व्यक्तिलाई उसमा अन्तर्निहित हिंडडुल गर्ने स्वतन्त्रतामाथि लगाइएको बन्देजको मात्रा, २) व्यक्तिको वैयक्तिक सम्पत्ति वा जायजेथामाथि लगाइएको नियन्त्रणको मात्रा, एवं ३) व्यक्तिको सूचित सहमतिको अस्तित्व र दुई पक्ष बीच कायम सम्बन्धको प्रकृतिबारे पूर्ण बोध ।

पालेर्मो प्रोटोकलले मानव बेचबिखनबारे "शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिम अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनु लिनु गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमारा कमारी वा मानव अङ्ग झिक्नु हो" भनी गरेको परिभाषाले आधुनिक युगको दासताको बुझाईलाई अझ व्यापक र गहन बनाएको छ ।

पालेर्मो प्रोटोकल लगायत अहिलेसम्म प्रतिपादित सबै अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई अनुशरण गर्ने हो भने आधुनिक युगको दासतालाई बोध गराउने व्यवहारहरू हुन् : दासवृत्ति, बाध्यात्मक श्रम, कबुलियति श्रम (कमैया प्रथा), व्यक्तिगत स्वतन्त्रतारहित वा छलछ्यामयुक्त आप्रवासन, मानव बेचबिखन (विषेशगरी महिला तथा बालबालिकाहरूको बेचबिखन), व्यावसायिक यौन कार्य (बाध्यकारी व्यावसायिक यौन कार्य, १८ वर्ष मुनिका बालबालिकाहरूलाई व्यवासायिक यौन कार्यमा संलग्न गराउने कार्य, यौन दासत्व, यौन पर्यटन), बाध्यात्मक विवाह (कन्याको खरिद, mail-order bride, बाल विवाह), बाल श्रम र बाल दासत्व (घरेलु बाल श्रमिक, धर्मपुत्र धर्मपुत्री बनाई शोषण), मानव अङ्ग व्यापार, बाल यौनशोषण (हाडनाता करणी, परिवारका सदस्यहरूबाट यौन शोषण) आदि ।

**नेपालको सन्दर्भ**

नेपालको सन्दर्भमा संयुक्त राष्ट्र संघले दासत्वविरुद्धको महासन्धिलाई पारित गरेको साल अर्थात् सन् १९२६ मा नै मुलुकबाट दासत्व उन्मूलनको घोषणा गरेको थियो । यसका साथै वि.सं. २०२० मा जारी भएको नयाँ मुलुकी ऐनको जीउ मास्ने बेच्नेको महलमा कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाईफकाई नेपाल सरहद बाहिर लैजान वा बिक्री गर्न नपाइने, सोह्र वर्ष नपुगेका नाबालक वा कुनै उमेर भए पनि मगज बिग्रेका मानिसलाई कानुनी संरक्षकको मञ्जुरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन नहुने, कसैलाई कमारा कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन नहुने भनी उल्लेख छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ मा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हकको व्यवस्था गरी प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न नपाइने, मानिस बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने, कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने भनी उल्लेख गरिएको छ । यसैगरी वि.सं. २०५८ मा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन जारी गरी विना ज्याला वा न्यून ज्यालामा ऋणदाताका लागि गर्नुपर्ने कमैया श्रम, भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरूवा चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट हुने श्रमलाई निषेध गरेको छ। साथै सो भन्दा अगावै वि.सं. २०५४ मा बालश्रम (निषेध र नियमित गर्ने) ऐन जारी गरी १६ वर्ष उमेर नपुगेको व्यक्तिलाई बालबालिका मानी जोखिमपूर्ण

व्यवसाय वा काममा लगाउन नहुने, १४ वर्ष उमेर पूरा नपुगेको बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ ।

सबैभन्दा महत्वपूर्ण कानुनको रूपमा वि.सं. २०६४ मा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन जारी भई कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्यलाई मानव बेचबिखन गरेको मानिने भनी उल्लेख गरी दण्डनीय बनाएको छ । त्यसरी नै किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने र वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्यलाई ओसारपसार भनी परिभाषित गरी सजायको व्यवस्था गरेको छ । अन्य कानुनहरूले जुनसुकै व्यवस्था गरेता पनि मानव बेचविखन तथा ओसारपसार ऐनले १८ वर्ष नपुगेकालाई बालबालिका मानेको छ ।



त्यति मात्र होइन नेपालले संयुक्त राष्ट्र संघीय दासत्वविरुद्धको महासन्धि, पूरक महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि, बालबालिकाको बेचबिखन, बाल वेश्याबृत्ति र अश्लील चित्रण विरुद्धको इच्छाधीन आलेख, वेश्याबृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनको रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि (१३८) तथा बालश्रमका निकृष्ट स्वरूप सम्बन्धी महासन्धि (१८२) लाई पनि अनुमोदन गरी दासता र मानव बेचबिखन विरुद्ध लड्ने प्रतिबद्धता जनाएको छ । यी सबै कानुनी प्रावधानहरूका बावजुद नेपालमा दशकौंदेखि विद्यमान रहिआएको मानव बेचबिखनको समस्यामा केही समय यतादेखि नयाँ आयामहरू सहित जटिलताहरू थप हुँदै गएको यथार्थतालाई पछिल्ला घटनाक्रमहरूले पुष्टि गरेको छ । तर मानव बेचबिखनविरुद्ध विश्वव्यापि रूपमा स्वीकृत दस्तावेजको रूपमा रहेको संयुक्त राष्ट्रसंघीय इच्छाधीन आलेख Trafficking Protocol लाई भने नेपालले हालसम्म पनि अनुमोदन गरेको छैन र आधुनिक युगको दासता वा मानव बेचबिखनको परिभाषालाई ब्यापकता दिई सोही अनुसार कानूनी कारवाहीको दायरालाई फराकिलो बनाउन सकेको छैन । नेपाली समाजमा आधुनिक दासताबारे बुझाईको दायरा साँघुरो छ र दासताजन्य व्यवहारहरू सर्वत्र प्रचलनमा रहेको पाइन्छ ।

**बालबालिकाहरू माथि दासता कायमै छ**

सामान्य चिया पसलदेखि डान्स बार, केबिन रेष्टुरेन्ट, मसाज पार्लोर, यातायातका साधनहरू, जरी, गलैंचा, गार्मेन्ट, इँटाभट्टा, इनार खन्ने र सफा गर्ने लगायतका सेवा, व्यवसाय, उद्योग, कलकारखाना र पसलहरू औपचारिक वा अनौपचारिक अर्थतन्त्रमा जताततै देखिने बालश्रम केही मात्र उदाहरण हुन् । अनौपचारिक र निर्वाहमूखी कृषि क्षेत्रमा मालिक वा जमिन्दारको घरखेतका चरुवा, गोठाला, खेताला, खाजा वा घाँस पुऱ्याउने काममा कति बालबालिकाहरू छन् जानकारी छैन । त्यसरी नै पढाउने, खानदिने र अभिभावकलाई केही रकम पनि दिने गरी उद्धार र कल्याणका नाममा कति बालबालिकाहरू धनाड्य र नवधनाड्य मध्यम वर्गीय परिवार, सार्वजनिक पद धारण गर्ने अधिकारी, राजनीतिक, सामाजिक कार्यकर्ता एवं नागरिक समाजका अगुवाहरूको घरघरमा घरेलु नोकरका रूपमा लगाइएका छन् एकिन तथ्याङ्क कतै पनि छैन । यी क्षेत्रहरूमा कार्यरत बालबालिकाहरू सबैमा श्रम शोषणमा त छँदै छन्, केही यौन शोषणबाट पनि पीडित भएका छन् । भारतका केही ठूला सहरहरूमा व्यावसायिक यौन कार्यमा फसाउन, सरकसमा लगाउन, माग्ने बनाउन, घरेलु नोकर बनाउन, मानव अङ्ग झिक्न र अरब मुलुकहरूमा हुने ऊँट दौडमा पुऱ्याउन समेत बालबालिकाको बेचबिखन हुने घटना अब पुरानो भइसक्यो । मुलुक भित्रैको मनोरञ्जन क्षेत्रको नाममा यौन कार्यका लागि किशोरीहरूको बढ्दो माग र उमेर बढाई कागजपत्र मिलाई नृत्याङ्गना बनाई भिजिट भिषामा विदेश पठाउने गरेको घटनाक्रम पनि सार्वजनिक हुन थालेको छ । त्यसरी नै विकसित प्रविधिको दुरूपयोग गरी जालसाजी

गरी अश्लील चित्रणका लागि बालबालिकाहरूको प्रयोग समेत समस्याको रूपमा अगाडि आइसकेको छ ।

### दासताजन्य व्यवहार कायमै छ

मुलुकको कानुनले निषेध गरेता पनि व्यवहारमा हरूवा चरुवा, हलिया, कमलरी लगायतका कबुलियती ऋण र बँधुवा प्रथाको अन्त्य हुन सकेको देखिदैन । विपन्न, दलित र सीमान्तकृत वर्ग विशेष गरी, नेपालको मध्य र सुदूर पश्चिम तथा तराई क्षेत्रमा पुस्तौनी दासताबाट मुक्त हुन सकेको छैन । कमैया र हलिया मुक्तिका लागि केही कार्यक्रम आएता पनि कति हजारौंको सँख्यामा रहेका हरूवा, चरुवाहरू अझै दास जीवन बिताउन बाध्य छन् । यसका अतिरिक्त वैदेशिक रोजगारमा जाने व्यक्तिहरू ६० प्रतिशतसम्म चर्को व्याजमा कर्जा लिई विदेश जानुपर्ने बाध्यताले पारिवारिक कबुलियती ऋणमा फस्नु पर्ने स्थिति कायमै छ ।

### वैदेशिक रोजगारले आधुनिक युगको दासता बोध गराइरहेको छ

स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुँदा दिनहुँ हजारौंको संख्यामा नेपाली युवाहरू अदक्ष कामदारका रूपमा विदेशीरहेका छन् । स्वदेशमा रोजगारका अवसर सिर्जना गर्नेभन्दा विदेशमा युवा श्रम निर्यात गर्ने सोंचका कारण पनि युवा पुस्ता विदेशीन बाध्य छन् । गन्तव्य मुलुकहरूमा काम गर्ने वातावरण आधुनिक युगको दासतालाई बढावा दिने खालको भएता पनि नेपाली कामदारहरूले सो परिस्थितिलाई स्वीकार गरेको भान हुन्छ । तर त्यसभित्र जसरी भए पनि विदेश पुग्ने नेपाली कामदारहरू मध्य कसैको रहर वा कसैको वाध्यता, गन्तव्य मुलुकका मालिकले तोक्ने हदबन्दी र शोषण, विचौलिया स्वदेशी तथा विदेशी भर्नाकर्ता र ओसारपसारकर्ता एजेन्सीहरूको ढाँटछल र स्रोत तथा गन्तब्य दुबै मुलुकका सरकारी संयन्त्रको लाचारीपनका समिश्रणले राम्रो मानिने वैदेशिक रोजगार पनि आधुनिक युगको दासत्व बोध गराउने र मानव तस्करीका साथै मानव बेचबिखनलाई बढावा दिने व्यवसायका रूपमा परिणत हुने खतरा बढ्दो छ । अवश्य पनि वैदेशिक रोजगार सँधैं खराब गर्ने रोजाई होइन । तर वैदेशिक रोजगारका नाममा मानव तस्करीको परिधानमा सेटिङ्गको माध्यमले विदेश जाने र पठाउने हरकतले मानव बेचबिखनका घटनाहरूमा बृद्धि हुन गई आधुनिक युगको दासतालाई प्रश्रय मिलिरहेको छ । नेपालमा वैदेशिक रोजगारका नाममा भइरहेको मानव तस्करी र मानव बेचबिखनबाट महिलाहरू मात्र होइन पुरुषहरू पनि पीडित बनेका प्रशस्तै घटनाहरू सार्वजनिक हुँदा पनि नियन्त्रण हुन नसक्नुका पछाडि कमजोर कानून मात्र दोषी छैन, सम्पूर्ण प्रणाली दोषी छ । नेपाली समाजमा अपराधलाई पैसामा तौलने र मिल्ने मिलाउने परिपाटी सबैभन्दा ठूलो कमजोरी हो । नीति तथा कानुन आम नागरिकको हित र संरक्षणको पक्षमा भन्दा केही निहित स्वार्थ भएका समूहको बोलबालामा निर्माण हुनु अर्को कमजोरी हो । राज्यमा हर्ताकर्ता मानिने राजनीतिदेखि प्रशासनिक व्यवस्थापनहरू कमजोर वर्गको संरक्षणमा भन्दा शक्तिशाली वर्गको इशारामा चल्नु पनि घातक भइरहेको छ । त्यसमाथि राजनीतिमा अपराधिकरण र अपराधिक समूहलाई राजनीतिक संरक्षण दिनु भनेको भ्रष्टाचार, मानव बेचबिखन र मानव तस्करी लगायतका संगठित अपराधलाई प्रोत्साहन दिनु हो ।

### भूकम्पले गर्दा आधुनिक युगको दासतालाई बल मिलेको छ

प्राकृतिक विपत्ती आफैले को महिला को पुरुष, को बालबालिका, को ज्येष्ठ नागरिक, को धनी को गरीब भनी छुट्याउँदैन । तर यसको प्रभाव भने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक आदिवासी, जनजाति, दलित, र अन्य यौनिक समुदाय (LGBTI) मा असमानुपातिक (disproportionate) तथा खण्डित (disaggregate) तरिकाले परेको हुन्छ भन्ने वास्तविकतालाई बुझ्न जरुरी छ । वि.सं. २०७२ बैशाख १२ र २९ गतेको क्रमशः गोरखा र सिन्धुपाल्चोक केन्द्रित ७.६ र ६.८ रेक्टर स्केलको महाभूकम्पले धेरै धनजनको क्षति भयो । यसका कारण घरवार र जीवन यापनको सहारा गुमाउने व्यक्ति तथा परिवारको संख्यामा बृद्धि भयो । अहिले राज्य संयन्त्र लगायत सबैको सम्पूर्ण ध्यान महाभूकम्प र त्यसपछिको पराकम्पनहरूबाट परेका असर र प्रभावहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने दिशामा केन्द्रित भइरहेको अवस्थामा अन्य सवालहरू ओझेलमा परेका छन् । नेपालमा यसै त व्यक्ति, समुदाय र राज्यस्तरमा सामाजिक आर्थिक संरक्षण प्रणाली कमजोर थियो । त्यही कारण विदेश जाने भने पछि अधिकांश नेपाली युवाहरू हुरुक्कै हुन्थे । त्यसमाथि महाभूकम्पले धेरै परिवारको आर्थिक तथा गैर आर्थिक गरिबीलाई बढाएको हुँदा पारिवारिक, सामुदायिक तथा राज्य संरक्षण प्रणालीलाई अत्यन्त कमजोर बनाएको छ । यही मौका छोपी गाउँ समुदायमा गरिबी बढेको परिवारका सोझा सिधा बालबालिका, किशोरी तथा युवाहरूलाई ललाई फकाई विभिन्न प्रलोभनमा पारी सीमा तथा समुन्द्र पारी पुऱ्याउने बेचबिखनका नाइके तथा तिनका दलालहरूको चलखेल पनि बढेको आभास हुन थालेको छ ।

नेपाल सरकारले सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट,

धादिङ, रसुवा, गोरखा, भक्तपुर, काभ्रे, ललितपुर, दोलखा, रामेछाप, मकवानपुर, ओखलढुङ्गा र सिन्धुली लगायतका १४ जिल्लालाई भूकम्पबाट अति प्रभावित जिल्लाको रूपमा मानेको छ । ती जिल्लाहरूमा व्यक्तिको घरबार, अन्नपात, धनसम्पत्ति मात्र गुमेको छैन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, पोषण लगायतका अत्यावश्यकीय सेवाबाट समेत विमुख भई आर्थिक तथा गैरआर्थिक रूपमा झन् गरीब हुनु परेको अवस्था आइपरेको छ । यसको मार महिला तथा किशोरीहरूमा असमानुपातिक ढङ्गले परेको छ । विशेषगरी सीमान्तकृत तथा विपन्न परिवारमा अझ गहिरो र फराकिलो रूपमा परेको छ । महाभूकम्पबाट घरवार नष्ट भई जीवन यापनको सहाराविहीन भएका समूहहरू बेचबिखन तथा ओसारपसारको जोखिममा अझ धकेलिने स्थिति छ । यसै पनि मानव बेचबिखन तथा ओसारपसारका दलालहरू भूकम्प प्रभावित मध्येका खासगरी सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, काभ्रे लगायतका केही जिल्लाहरूमा पहिले देखिनै सक्रिय थिए । महाभूकम्पपछि त झन् बेचबिखन तथा ओसारपसारको म्याग्नीच्यूडमा एकाएक बृद्धि हुन गई हरेक बर्ष १२,०००–१५,००० सम्मको संख्यामा नेपालबाट बेचबिखन हुने गरेको भन्ने केही विकास साझेदारहरू तथा गैरसरकारी संस्थाहरूले दिने गरेको तथ्याङ्कमा अझ थप हुने डर छ ।



अहिले विभिन्न संचार माध्यमहरू तथा सामाजिक संजालमा आउने गरेको बेचबिखनका समाचारहरूमा हाम्रो ध्यान तानिएको छ । गुम्बाबाट बालबालिका हराएको, भारतीय भूमिबाट भूकम्पको मौका छोपी बेच्न लगेका बालबालिकाहरूलाई उद्धार गरिएको, उद्धारकर्मीको छद्म भेषमा दलालहरू गाउँ घुमिरहेको र त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलबाट सेटिङ्गमा परेका महिलाहरूको उद्धार गरिएको आदि समाचारले बेचबिखनको जोखिम र घटना बढेको पुष्टि हुन्छ । सहरमा राम्रो काम, विदेशमा राम्रो आम्दानी, विदेशीसँग विवाह, नृत्य तथा सांस्कृतिक कार्यक्रममा नाम र दाम, विदेशी डिग्री र राम्रो पेशा आदिको प्रलोभन देखाएर ढाँटी, छली, ललाई, फकाई, दवाव, प्रभावमा पारी बस, ट्रेन, प्लेन चढाई सीमापारि र समुन्द्रपारिका मुलुकहरूमा पुऱ्याउने दलालहरूको व्यवसायलाई मुलुकले व्यहोरेको हालैको महाभूकम्प र समय समयमा व्यहोर्नु पर्ने प्राकृतिक प्रकोपका घटनाहरूले मलजल थपेकै छ ।

साना ठूला प्राकृतिक प्रकोप मुलुकले निरन्तर भोग्दै आएको छ र यस्तो विपद नेपालका लागि नियमित आकस्मिकता बनिसकेको छ । बैशाख १२ र २९ को भूकम्पको असर व्यापक भएकोले हामी थप सतर्क भएका छौं । भूकम्पको बढी असर पनि पहिलेदेखि मानव बेचबिखनका लागि स्रोत जिल्लाका रूपमा कहलिएका जिल्लाहरूमा केन्द्रित भएको छ । त्यसो त नेपाली समाजमा मानव बेचबिखन तथा ओसारपसारको समस्या नौलो होइन र हाल आएर कुनै जिल्लामा मात्र सीमित छैन । मुलुकभरि नै बेचबिखनको पराकम्पन भूकम्पको पराकम्पनभन्दा बढी संख्यामा निरन्तर गइरहेको अवस्था छ । परिवार, समुदाय तथा राज्यको आर्थिक सामाजिक संरक्षण प्रणाली कमजोर हुन्जेल मानव बेचबिखन तथा ओसारपसार रोकिने स्थितिमा छैन । यसलाई फस्टाउदो राष्ट्रिय अन्तर्राष्ट्रिय यौन बजारले टेवा पुऱ्याइरहेकै छ । त्यसका साथै विभिन्न बहानामा व्यक्तिको श्रम शोषण गरी लाभ आर्जन गर्ने, धनी बन्ने, मोजमस्ती र मनोरञ्जन गर्ने संस्कृति कायमै छ ।

**जोखिम न्यूनीकरणका लागि तत्कालै गरिनु पर्ने उपायहरू**

अल्पकालीन र दीर्घकालीन उपायहरू धेरै छन् । संक्षेपमा निम्न विषयहरूमा सरोकारवाला सबैको ध्यान पुग्न जरुरी छ :

- विद्यालय, समुदायमा आधारित समुहहरू, स्थानीय निकाय, राजनैतिक दलका स्थानीय सामुदायिक इकाइहरू, रेडियोहरू मार्फत् व्यक्ति तथा परिवारमा आधुनिक युगको दासता र मानव बेचबिखन विरुद्ध चेतना र सन्देश प्रवाह गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समुदाय स्तरमा गठित निगरानी समूह, समितिहरूको पुनरगठन गरी पुनरताजगी तालिम दिई आधुनिक युगको दासता विरुद्ध लड्न सक्षम तुल्याउने ।
- स्थानीय समुदायमा प्रकोप पछिको आवश्यकता लेखाजोखा गर्ने । यस्तो लेखाजोखा गर्दा दासतामा पर्न सक्ने र मानव बेचबिखनका लागि जोखिम समुहका अत्यावश्यक आवश्यकताहरू बारे विशेष ध्यानमा दिई उनीहरूको जीविकोपार्जनका वैकल्पिक उपायहरू खोजी गर्ने ।
- खुला तथा चोरी हुने सीमा नाकाहरूमा गस्ती र निगरानी बढाउन पैरवी गर्ने । नेपाल र भारतीय सीमा नाकाका दुवै देशका प्रहरी प्रशासन तथा गैससहरूसंगको सम्बन्ध र सहकार्य बढाई सीमा निगरानीलाई प्रभावकारी बनाउने । तर यो दीर्घकालीन स्थायी समाधान भने होइन ।
- नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा हुने सेटिङ्ग लगायतका अवाञ्छित गतिविधिलाई रोक्न सूचना प्रणाली बलियो बनाउने । कागजपत्रहरूको राम्रो जाँचबुझ गर्ने ।
- दासता र बेचबिखनको बजार अनि समस्या विल्कुलै

निजी क्षेत्रसँग जोडिएको छ । दलाल र विचौलियाहरू सोही क्षेत्रमा चलखेल गरिरहेका छन् । उनीहरूको शक्ति केन्द्रसँग उठबस हुने गर्दछ र पैसाको आडमा संरक्षण पाइरहेका छन् । मनोरञ्जन, होटेल, पर्यटन, यातायात लगायतका निजी क्षेत्रका व्यावसायीहरूसँग सहकार्य नगरी त्यहाँ हुने गरेको विकृति हटाउन सकिन्न । अतः निजी क्षेत्रलाई पनि एक मुख्य सरोकारवाला वर्गको रूपमा लिई दासता र बेचबिखन विरुद्धको अभियानमा ऐक्यबद्धता (Solidarity) बढाउने ।

**उपसंहार**

आधुनिक युगको दासता र मानव बेचबिखनको जल्दोबल्दो समस्या समाधानमा सरकारी क्षेत्रको नेतृत्व अपरिहार्य छ । यसमा दुइमत छैन । यो समस्यालाई मुलुकको सामु ठूलो चुनौतिको रूपमा रहेको छ भन्ने हिसाबले नहेरिएसम्म यसको निराकरणको लागि बनेका नीति, कानुन, कार्यक्रम, कार्ययोजनाहरूको कार्यान्वयन फितलो सावित हुने छ । यसको रोकथाममा लगाउनु पर्ने सरकारी बजेट विनियोजन कम हुने छ र सरकारी नियमन, नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन पद्धति पनि नाम मात्रको हुने छ । गैरसरकारी क्षेत्रको सीमित भूमिकाले मात्र व्यापक विस्तार भइरहेको यो अन्तरदेशीय समस्या निराकरण हुन सक्दैन । जुनसुकै बृत्तका होस् यो समस्यालाई अरुको समस्या ठानी पन्छिने प्रबृत्ति कायम रहेसम्म मुलुकले आधुनिक दासताको पीडाबोध गरिरहनु पर्नेछ । नेपालको सन्दर्भमा दासता हटाई मानव बेचबिखनको नियन्त्रण गर्नमा सरकारी तथा बहुसरकारी निकायहरूको प्रत्यक्ष लगानी न्यून हुने गरेको छ । गैरसरकारी क्षेत्रको लगानी पनि ठाउँ र सन्दर्भ विशेषमा सीमित छ । समाज कल्याण परिषद् मार्फत् सम्झौता गरी परियोजना सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संख्या दर्जनौं छन् । तथापि सरकारी गैरसरकारी क्षेत्र बीच असरदार सहयोग र सहकार्य हुन सकेको देखिदैन । दासता र बेचबिखनका प्रबर्द्धकहरू नियोजित रूपमा लागि परेका छन्, तर यसको विरुद्ध कार्यरत सरकारी तथा गैरसरकारी कार्यकर्ताहरू भने प्रायोजित छन् । अघिल्ला पंक्तिका व्यक्तिहरू मुनाफाका पछाडि गति छाडेर लागेका छन्, पहिलो पंक्तिका कार्यकर्ताहरू भने सुविधाका कारण अभिप्रेरित छन् । फरक यसैमा छ ।

अन्त्यमा, यो समस्या समाधानमा राज्यले प्राथमिकता नदिएसम्म गैरसरकारी संस्थाहरूको सहयोग प्रभावकारी हुने देखिंदैन । दासता वा बेचबिखनको जोखिममा बाँच्न बाध्य भएका र भूकम्प लगायत विपत्तिका कारण जोखिम थपिएका परिवारहरूको सामाजिक आर्थिक संरक्षण प्रणालीलाई मनग्य टेवा पुग्नेगरी कार्यक्रमहरू सञ्चालन गरी ती परिवारका महिला, किशोरी तथा बालकहरूलाई माथि उठाउने स्थिति सिर्जना नभएसम्म केही समितिहरूको गठन वा सचेतनाका छिटफुट कार्यक्रमबाट सो समस्या निराकरण हुने छैन र घटनाहरू रोकिने छैनन् । यसका साथै दोषीलाई कुनै हालतमा छुट नदिई कडा भन्दा कडा कारवाही गर्ने, प्रभावित र प्रभावितका साक्षी संरक्षकलाई उचित क्षतिपूर्ति, राहत, सम्मान र दीर्घकालीन जीविकोपार्जनका उपायहरू दिने कार्य पनि त्यतिकै महत्व पूर्ण पक्ष हुन् भन्ने कुरा लाई पनि हेक्का राख्न त्यतिकै जरुरी छ ।

*लेखक नेपाल सरकारका पूर्व सह-सचिव हुनुहुन्छ ।*


# बधाई ज्ञापन



एटविनका संस्थापक संयोजक/अध्यक्ष (सन् १९९७-१९९८) तथा सदस्य संस्था महिला पुनर्स्थापना केन्द्र (ओरेक)का **अध्यक्ष डा. रेणु अधिकारी राजभण्डारी**ज्यू संयुक्त राष्ट्रसंघीय दासत्व विरुद्धको स्वंयसेवकीय कोषको कार्यसमिति सदस्यमा नियुक्त हुनु भएकोमा उहाँको कार्यकालको सफलताको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**मीना विष्ट**

*अध्यक्ष तथा समस्त एटविन परिवार*

सन्दर्भ: विपद्‌पछि बालबालिका तथा महिला

# २०७२ सालको विनाशकारी भूकम्पपछिका भोगाई र सिकाईहरू



कुमार भट्टराई

## भूकम्पको ताण्डव नृत्य

२०७२ साल बैशाख १२ गते हामी नेपालीहरूले ठूलो भूकम्पको झड्का महशुस गऱ्यौं । त्यसैगरी भूकम्प गएको दोस्रो दिन १३ गते पनि अर्को ठूलो झड्का महशुस गरियो। त्यसपछिका दिनहरूमा महशुस हुनेगरी पराकम्पहरू गैरहका भए पनि जनजीवन सामान्यतर्फ उन्मूख हुँदै थियो। तर बैशाख २९ गते पुनः ठूलो भूकम्प गयो। हामीले भूकम्पपछिका चार महिना बिताइसकेका छौं। यस अवधिमा पनि भूकम्पका पराकम्पहरू आइरहेका छन्। लाग्छ यतिबेर हामी भूकम्पसँग अभ्यस्त भैसकेका छौं ।



पछिल्लो तथ्याङ्क अनुसार यस विनाशकारी भूकम्पबाट ८ हजार ८ सयको ज्यान गएको छ भने २२ हजारभन्दा बढी मानिसहरू घाइते भएका छन्। यस क्रममा ४,९८,८५२ घरहरू पूर्ण रूपमा र २,५६,६९७ घरहरू आंशिक क्षति भएका थिए। देशका १४ वटा जिल्लाहरूका ८४ प्रतिशत (४४६ मध्ये ३७५) स्वास्थ्य केन्द्रहरू पूर्ण रूपमा क्षतिग्रस्त भए। विद्यालयहरूका ३२ हजार भन्दा बढी कक्षा कोठाहरू पूर्ण रूपमा क्षतिग्रस्त हुन पुगे।

## भूकम्पपछिको अवस्था

वास्तवमा हामी कोही पनि यस स्तरको विपद सामाना गर्न तयार रहेनछौं । हुन त हामीले झण्डै २५ वर्ष यता भूकम्पका बारेमा चर्चा गर्दै आएका हौं । सार्वजनिक विद्यालय भवनहरूलाई भूकम्प सुरक्षित भवन बनाउने अभियान पनि नचलेको होइन। व्यक्तिगत घरहरू बनाउँदा पनि भूकम्प-प्रतिरोधी घर बनाउने कुरा भएकै हुन्। भूकम्प के हो र यसबाट जोगिन के गर्नु पर्दछ भन्नेबारे पनि प्रशस्त तालिम तथा गोष्ठीहरू सञ्चालन गरिएकै हुन् । तर मानिसहरूलाई नपरिकन चेत नखुल्ने रहेछ कि क्या हो ? भूकम्प आएपछि मात्र हामीले धेरै कुरा बुझ्यौं र धेरै कुरा एकै पटक सिक्यौं । विपदका बारेमा सचेतनाको मात्रा ह्वात्तै बढेको छ । हामीले सिकेका कुरा र गरेका कामहरूले सबैतिर काम गर्न नसक्दो रहेछ । सिकेका कुरा लागू गर्दा कतिपय स्थानमा मानिसहरूको ज्यान समेत गयो भने भूकम्प निरोधक भनिएका घरहरू पनि भत्किए ।

यस वर्षको विनाशकारी भूकम्पले नेपालीहरूको मन जरैदेखि हल्लाइदियो। नेपालीहरूको अभूतपूर्व साहसको पनि परीक्षा भयो । यस क्रममा भूकम्पपछि राहत र पुनर्स्थापनाका लागि नेपाली मनहरू एक भए। राजनीतिक दलहरूमा पनि चेत पस्यो र संविधान निर्माणको प्रक्रिया अगाडि बढ्यो । संसारभरि छरिएर रहेका नेपालीहरू बीच अभूतपूर्व एकता प्रदर्शन भयो । सहयोगका हातहरू आहत क्षेत्रहरूमा बढे । हाम्रो आफ्नै धैर्य र साहस तथा सामान्य बाह्य सहयोगका कारण विस्तारै परिस्थिति सामान्यतर्फ अघि बढिरहेकोछ । यद्यपि बाढी-पहिरोको संकट टरिसकेको छैन । झण्डै १० लाख बालबालिकाहरू अहिले पनि बाढी पहिरोको जोखिम रहेको क्षेत्रमा बस्न बाध्य छन् ।

## उद्धार तथा राहतका कामहरू

भूकम्पको लगत्तै उद्धार तथा राहतका कामहरू सञ्चालनमा आए । भूकम्पपछिको अवस्थामा नेपाल सरकारले देशमा आपतकालिन अवस्थाको घोषणा र वैदेशिक सहयोगका लागि अपिल गरिसकेपछि आफ्नै बलबुतामा चलिरहेको उद्धार कार्यमा विदेशी हातहरू पनि थपिए। यति सबै भएर पनि राजधानीबाट टाढाका गाउँहरूमा समयमा उद्धार कार्य हुन सकेन र कतिपयको अकालमा ज्यान जाने अवस्था आयो। यद्यपि नेपालको सुरक्षा निकायले देखाएको सौर्य, धैर्य र बहादुरीको सबैतिरबाट प्रशंसा भयो ।

उद्धार सँगसँगै चलेको राहतका बेला सबै क्षेत्रबाट पाल नै सबैभन्दा ठूलो माग हुन पुग्यो । सबैजना घरबारबिहीन भएको अवस्था थियो त्यो । घर भत्किनेहरू त भत्किएकै भए, घर हुनेहरू पनि डरका कारण घरमा बस्ने अवस्था थिएन । त्यसैले सबैजनाको बास घरबाहिर हुन गयो र पालको माग बढ्यो ।

यसपालिको भूकम्पका सन्दर्भमा मानव अधिकारकर्मी गौरी प्रधानका भनाईहरू मनन्योग्य लाग्छन् । उहाँ भन्नुहुन्छ, "वैशाख १२ गतेको भूकम्पबाट छोटो समयका लागि हदप्रद र किंकर्तव्यविमुढ भूकम्प प्रभावित जनसमुदाय तत्कालै जागरुक बन्यो र आइपरेको विपद सामना गर्न तयार भयो। बाह्य सहयोगको कुनै वास्ता नगरी उनीहरू हताहति र

घाइतेहरूको उद्धार गर्न लागि परे र जीवनलाई सुचारु गरे। भूकम्प प्रभावित धेरै स्थानहरूमा केही दिन पछि मात्र बाह्य सहयोग पुगेको हो।" गौरी प्रधानको यो भनाइले हामी नेपालीमा रहेको विपद सामना गर्ने र जीवनलाई गति दिने आन्तरिक शक्ति तर्फ संकेत गर्दछ।

### टहरो र पालको बास

भूकम्प पछि सबैजसोले पाल र टहरोको बासको अनुभव गऱ्यौं। विशेषगरी शहरी क्षेत्रमा छरछिमेकी र नातागोता एकै ठाउँमा जम्मा भयौं। यसले अपनत्व र एकात्म भावमा अभिबृद्धि गऱ्यो। तर एउटै पालमा बस्दा कतिपय अवस्थामा बालबालिका विशेषत: बालिकाहरू यौन दुर्व्यवहारमा परेका घटनाहरू पनि सार्वजनिक भए।

### भूकम्पपछि बालबालिका र महिला

भूकम्पको झड्का सँगसँगै समाजमा एक प्रकारले चलिरहेको सामाजिक, आर्थिक र वातावरणीय गतिविधि एकाएक विथोलिन पुग्यो। धेरैका बस्ने घरहरू थिएनन्। लडेका घरभित्र सबै खानेकुरा, लेखपढ गर्ने सामग्रीहरू र खेलकुदका सामग्रीहरू पुरिएका थिए। खेल्ने ठाउँ भत्किएको थियो। कतिपय ठूला मानिसहरू र अभिभावकहरूमा अस्वभाविक चिड्चिडाहट, भय र उत्तेजना थियो। यसको मार पनि स्वभाविक रूपमा बालबालिकामा पर्ने नै भयो। विद्यालय जानसक्ने अवस्था रहेन। केही समयसम्मका लागि बालबालिका एकैठाउँमा जम्मा भएर खेल्ने अवस्था रहेन। सबैजना सीमित स्थानमा खुम्चिएर बस्नु परेको अवस्थामा घरेलु हिंसा र यौन हिंसाका घटनाहरू बढेको पाइयो।

### बालबालिकालाई दिइने दण्ड सजाय बढ्यो

बालबालिका स्वभावैले चञ्चल हुन्छन् र उनीहरू सिक्न खोज्छन्। भूकम्पपछिको उनीहरूको यो चञ्चलता हामी धेरै अभिभावकहरूलाई पचेन। विद्यालयहरू तहसनहस भएको र हिंडडुलको क्षेत्र खुम्चिएको अवस्थामा बालबालिकाका स्वभाविक गुणहरूलाई हामीले अनुशासनहिनता र बदमासीका रूपमा लियौं। यसरी निडर बालबालिकालाई कतिपय अभिभावकले अटेरीका रूपमा परिभाषित गर्दै सजाय (पिटाई, गाली-गलौज) दिनुभयो भने डराउने कतिपय बालबालिका पनि सजायबाट जोगिएनन्। डराएका बालबालिकाले अनाहकमा गाली खानु पर्ने कारणमा काम बिग्रिने अवस्था र अभिभावकले भन्ने बित्तिकै काम नहुने आदि हुन सक्तछ। धेरैजसो अवस्थामा बालबालिकाले अभिभावकबाट गालि खानुपर्ने कारण नै बुझेका हुँदैनन्।

### मानव बेचबिखनका घटनाहरू

मानवबेचबिखनमा संलग्न अपराधीहरूका लागि यस्ता खालका विपतका घटनाहरू अवसरमा परिणत हुने रहेछन्। सामाजिक सुरक्षा सञ्जाल कमजोर भएको अवस्थामा र बालबालिका, किशोर-किशोरीहरू तथा विपन्न परिवारका महिलाहरू समेत यिनीहरूको जालमा पर्नसक्ने अवस्था आउँदो रहेछ। मनमा भूकम्पको असर रहिरहेको र सबैतिर बिग्रेभत्केको देखिरहेको अनि भोगिरहेको अवस्थामा सुन्दर भविष्य देखाउने र गुलिया कुरा गर्ने सिपालु दलालहरू हाम्रा समाजका पिछडिएको वर्गका लागि आशाका केन्द्र हुने गर्दा रहेछन्। भूकम्प पछिको अवस्थामा महिला तथा किशोर-किशोरीहरूको बढ्दो हराउने क्रमलाई यसै कसीमा राखेर हेर्न सकिन्छ। पढाइदिने र सुन्दर भविष्य बनाइदिने नाममा पनि केही संस्थाहरूले सरकारलाई थाहै नदिई गाउँ-गाउँबाट बालबालिका जम्मा पारिएका र एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याइएका घटनाहरू पनि सार्वजनिक हुँदै आएका छन्।

### बढ्दो मदिरा सेवन र यसका नकरात्मक असरहरू,

भूकम्पपछिको अवस्थामा कतिपय मानिसहरूले मानसिक आघातलाई कम गराउने साधनका रूपमा मदिरा सेवनलाई लिइरहेको पाइएको छ। भविष्यको आश मारिसकेकाहरूले "यसै मर्ने उसै मर्ने खाएरै/पिएरै मर्ने" भन्ने गरेको भेटिन्छ। उनीहरूका लागि मानौं मदिरा ज्यादै महत्वपूर्ण वस्तु हो, त्यसलाई नपिइकन मरियो भने ठूलो घाटा लाग्छ। यतिबेर कहिल्यै नखानेले पनि खाएको र खान छाडेकाले सुरु गरेको पाइएको छ। मदिरा सेवनले व्यक्तिगत स्वास्थ्य विगार्ने, सामाजिक सद्भाव खलबल्याउने, घरेलु हिंसा बढाउने र बालबालिकाहरू उपेक्षित हुँदै जाने अवस्थालाई बढाइरहेकोछ। बचेखुचेको पैसा मदिरामा खर्च हुँदा पारिवारिक समुन्नतिलाई पनि यसले प्रत्यक्ष असर गरिरहेको छ। अर्को शब्दमा गरिबी बढाइरहेको छ।

### सिकेका कुराहरू मिलेनन्

भूकम्पबाट बच्नका लागि टेबुलमुनि वा खाटमुनि पस्नु पर्दछ भनेर सिकाइएको थियो। तर त्यसले काम गरेन। खुला चौरमा सुरक्षित स्थानमा रहेका बालबालिकाहरू समेत सिकेका कुरा लागू गर्न घर पस्दा उनीहरूको ज्यान गएका खबर बाहिर आएका छन्। बास्तवमा टेबुलमुनि पस्ने कुरा हलुका वस्तुले बनेका संरचनामा काम लाग्ने कुरा रहेछन्। यो जापान जस्ता देशमा काम लाग्ला, तर हाम्रो जस्तो गह्रुंगो संरचनामा काम लाग्ने होइन रहेछ भन्ने कुरा अहिले हामीले सहजै बुझ्यौं। विपदले बिगार्ने मात्र होइन सिकाउँदो पनि रहेछ।

### केही नवीन अवधारणा र हाम्रा सिकाइहरू,

प्राकृतिक विपदका कारण आपतकालको घोषणा भैसकेपछि प्रचलित ऐन कानुनहरू स्वभाविक रूपमा निलम्बलन हुने नै

भए । तत्काल निर्णय गर्नुपर्ने अवस्थामा क्लस्टर अवधारणा अगाडि आयो । यस अवधारणा अन्तरगत राष्ट्रसंघीय निकायहरू र अन्तर्राष्ट्रिय गैससहरूको सक्रियता बढ्ने रहेछ । केन्द्रमा सम्बन्धित मन्त्रालयहरू र जिल्लाको हकमा सम्बन्धित निकायलाई क्लस्टर संयोजक बनाएर अन्तर्राष्ट्रिय गैससहरू उप-संयोजक हुने व्यवस्थाले स्थानीय नागरिक समाजको आवाज दबिने अवस्था आउने रहेछ । हाम्रो सन्दर्भमा यो अवस्था केन्द्र तथा जिल्लामा दुबै क्षेत्रमा प्रतिविम्वित भयो । सुरुको अवस्थामा क्लस्टरका बैठकहरूमा जानका लागि समेत हामीले धेरै मेहनत गर्नुपऱ्यो । नागरिक समाजका आवाज पुऱ्याउन त झन् समय लाग्यो । राष्ट्रिय तथा स्थानीय गैससहरूले गरेका कामहरूलाई मूलधारमा पार्न समेत कठिन भयो । सबै काम अन्तर्राष्ट्रिय गैससहरूले गरेका हुन् भन्ने भान पार्न खोजियो । यसरी नागरिक समाजको बोली कमजोर हुनुमा पहिलो त क्लस्टर संरचनामा नै नेपाली गैसस क्षेत्र नपारिनु एक थियो भने पछिल्लो समयको सहज वातावरणमा समेत स्थानीय स्तरमा गैससहरू नदेखिनुमा भाषागत कमजोरी अर्को कारण थियो ।

विपदपछि एकाएक भित्रिएका संघ-संस्था तथा व्यक्तिहरूका उचा उचा प्राविधिक कुराहरू पनि अवरोधका रूपमा थिए हामी सामान्य नेपालीहरूका लागि ।

## राहत र पुनर्स्थापनमा राष्ट्रसंघीय तथा सामाजिक संघ-संस्थाको प्रयास,

राहत कार्यमा नागरिक समाज अग्रपंक्तिमा रह्यो । भूकम्पपछि सबैभन्दा पहिले आहत जनसमुदायका बीचमा पुगेर स्वास्थ्य सेवा, खाना र लत्ता-कपडाको व्यवस्थापनमा सिविन-नेपाल लगायतका संस्थाहरूले गरेका प्रयासहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । नागरिक समाजका तर्फबाट हजारौंको संख्यामा विशेषतः युवा स्वयम्सेवीहरू परिचालित हुनु उदाहरणीय कुरा हो । शहरी क्षेत्रमा मात्र हैन ग्रामीण क्षेत्रमा पनि सहयोगी संस्थाहरूको सहयोग उल्लेख्य रह्यो । सरकारी निकायहरूको समन्वयमा अहिले पनि भूकम्प प्रभावित क्षेत्रमा सामाजिक संघ-संस्थाहरूले उल्लेख्य काम गरिरहेका छन् । अस्थायी विद्यालय निर्माण, खानेपानी, अस्थायी चर्पी निर्माण, आवासका लागि जस्तापाता वितरण, अस्थायी स्वास्थ्य केन्द्र निर्माण, महिला तथा बालबालिकाका लागि मनोसामाजिक प्राथमिक उपचार र परामर्श, महिला तथा बालबालिकाको संरक्षणका लागि गरिएका प्रयासहरू लगायत जनचेतना अभिवृद्धिका लागि भएका प्रयासहरूलाई धेरैतिरबाट सह्राना गरिएको छ ।

समुदाय स्तरमामा रहेका बाल क्लब, आमा समूह लगायतका समुदायमा आधारित संघ-संस्थाहरूको योगदान पनि उत्तिकै महत्वपूर्ण रह्यो/रहिरहेछ उद्धार, राहत र पुनर्निर्माणका बेला ।

युनिसेफ, युनएफपिए र युनओमन लगायतका राष्ट्रसंघीय निकायहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूको योगदानको पनि उच्च मूल्याङ्कन गरिनुपर्दछ । महिला तथा बालबालिकाको हकहित संरक्षणमा यी संस्थाहरूले महत्वपूर्ण देन दिइरहेका छन् ।

## महिला र बालसंरक्षणका लागि भएका प्रयासहरू

विपदपछिको अवस्थामा महिला तथा बालबालिकाको संरक्षणमा योगदान पुऱ्याउने केही महत्वपूर्ण प्रयासहरू भए । सरकार तथा सामाजिक संघ-संस्थाका तर्फबाट भएका मुख्य-मुख्य प्रयासहरूलाई तल उल्लेख गरिएको छ :

क) प्रोटेक्सन क्लस्टरको स्थापना- महिला तथा बालबालिकाको हकहित संरक्षण गर्ने हेतुले प्रोटेक्सन क्लस्टरको निर्माण गरिएको थियो । राष्ट्रिय र जिल्ला स्तरमा स्थापित यस क्लस्टरमा बालबालिका तथा महिलाहरूको स्थितिका बारेमा छलफल हुने र आवश्यक सहयोगका लागि तत्काल निर्णय गरी कार्यान्वयन गर्ने अवस्था सिर्जना भयो । जिल्ला स्तरमा नेपाल सरकार जिल्ला महिला तथा बालबालिका कार्यालय, बालअधिकारका क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरू समावेश रहने यस क्लष्टरले समन्वयकारी भूमिका निर्वाह गऱ्यो र महिला तथा बालबालिकाको संरक्षणमा महत्व योगदान दियो ।

ख) महिला मैत्री केन्द्रहरूको स्थापना र योगदान- विभिन्न संघसंस्थाहरूको साझेदारीमा महिला मैत्री केन्द्रको स्थापना भएर आहत महिलाहरूलाई सहयोग पुऱ्याउने जस्ता कार्य भए । भूकम्पपछिको अवस्थामा घरेलु हिंसा प्रभावित र भूकम्प आहत महिलाहरूका लागि यी स्नेह केन्द्र नाम दिइएका महिला मैत्री केन्द्रहरू ज्यादै महत्वपूर्ण सावित भैरहेका छन् ।

ग) बालमैत्री केन्द्रहरूको स्थापना र योगदान- भूकम्पको तत्कालै पछि बालबालिकालाई सुरक्षित स्थानमा जम्मा पार्न र उनीहरूको मनबाट डर हटाउने प्रयासस्वरूप बालमैत्री केन्द्रहरूको स्थापना गरिए । यसरी बालबालिका जम्मा हुँदा उनीहरूका आवश्यकता पहिचान हुने र आवश्यक सहयोग पुऱ्याउन समेत मद्दत पुगेको छ ।

घ) बालसंरक्षण तथा महिला हिंसा विरुद्धका हेल्पलाइनहरूको योगदान- भूकम्पपछिको अवस्थामा बालअधिकार तथा महिला अधिकारका लागि स्थापित हेल्पलाइनहरूको क्रियाशीलता उल्लेख्य रह्यो । बाल हेल्पलाइनहरूमा, “बाल हेल्पलाइन १०९८” को योगदान महत्वपूर्ण

रह्यो । उद्धार तथा राहत र पुनर्स्थापनमा उनीहरूको सक्रियताले धेरै महिला तथा बालबालिकाले समयमा नै सेवा सुविधा पाउने सुखद स्थिति बन्यो ।

ङ) बालसंरक्षण डेस्कको स्थापना- समुदाय स्तरमा नै बालबालिकाका समस्याहरू पहिचान गरी समाधान गर्न र संरक्षणको पहल गर्नका लागि भूकम्प प्रभावित धेरै गाउँहरूमा बालसंरक्षण डेस्कको स्थापना गरिएको छ । यी डेस्कहरूबाट बालबालिका गाउँ छाडेर थप जोखिममा पुग्न सक्ने अवस्थालाई न्यूनीकरण गर्न मद्दत पुऱ्याइरहेको छ ।

च) मनोसामाजिक प्राथमिक उपचार र मनोसामाजिक परामर्श- विपदबाट मनोसामाजिक रूपमा असर गरेका महिला, बालबालिका तथा किशोर किशोरीहरूका लागि विशेष गरी सामाजिक संघ-संस्थाहरूले उपलब्ध गराएको मनोसामाजिक प्राथमिक उपचार तथा परामर्शबाट धेरैको जीवनमा नविनता थपिएको छ । महिलामैत्री केन्द्र, बालमैत्री केन्द्र, बालक्लबहरू, किशोरी समूहहरू र विद्यालयहरूमा यस प्रकारका मनोसामाजिक प्राथमिक उपचार तथा मनोसामाजिक परामर्श सेवाहरू विस्तार गरिएका थिए । व्यापक रूपमा सञ्चालित यस कार्यबाट मनका लागि पनि प्राथमिक उपचार हुन्छ भन्ने असल मान्यताले समाजमा विस्तारै ठाउँ पाउन थालेको छ ।

छ) अनुगमनका कार्यहरू- विपदपछिको अवस्थामा महिला तथा बालबालिकाको राहत र पुनर्स्थापनाका कार्यहरूमा सहभागिता, घरेलु हिंसा तथा मानव बेचबिखनको अवस्था र गरिएका प्रयासहरूको अनुगमनका लागि मानवअधिकार आयोग, महिला आयोग तथा नागरिक समाजको सक्रियता महत्वपूर्ण रह्यो । यस कार्यबाट समयमा नै भैरहेका काममा देखिएका त्रुटीहरू सुधार गर्न सहज भयो ।

## उद्धार र राहत कार्यमा बालबालिका/नवयुवाहरूको योगदान

यसपालिको भूकम्पमा बालबालिका तथा नवयुवाहरूको उद्धार र राहत कार्यमा समेत सहभागिता रह्यो । भूकम्प पछिको अवस्थामा कतिपय किशोर-किशोरीहरूले मनोसामाजिक प्राथमिक उपचारका तालिमहरू पाए । उनीहरूले पाएको तालिमलाई आफूमा मात्र सीमित राखेनन् बरु आफ्ना साथीहरू माझ पनि तत्कालै लगे । त्रसित मनहरूलाई शान्त गराउनका लागि यो साह्रै महत्वपूर्ण कुरा थियो ।

राहतमा मात्र हैन उद्धारकै बेला पनि नवयुवाहरूको योगदान प्रशंसनीय रह्यो । भत्किएका संरचना अन्छाइ पन्छाइ गर्ने, घाइतेहरूको खोजी गर्ने, महत्वपूर्ण सामानहरूलाई सुरक्षा दिने, साना भाइबैनीहरूलाई रेखदेख गरिदिएर अभिभावकहरूलाई सघाउने लगायत भूकम्पबाट घाइते मानिस तथा बालबालिकालाई उद्धार गरेर अस्पताल पुऱ्याउने काममा समेत उनीहरूले पुऱ्याएका योगदानहरू सार्वजनिक भए । यसबाट विपद्का बेला बालबालिका/किशोर-किशोरीहरूको योगदान पनि महत्वपूर्ण हुन सक्तछ भन्ने पुनर्पुष्टि भएकोछ ।

## सिकाईका आधारमा केही सुझावहरू

१. आहत महिला तथा बालबालिकालाई थप सहयोग पुऱ्याउन आवश्यक छ : भूकम्पबाट घरबार गुमेका, परिवारका सदस्य एवम् अभिभावक गुमाएका महिला तथा बालबालिकाका लागि थप साथ सहयोगको आवश्यकता रहेको छ । लगिएका सहयोग पनि अपर्याप्त रहेको तथा कतिपय अवस्थामा त पीडितसम्म पनि पुग्न नसकेको गुनासो आइरहेका छन् । यस अवस्थामा नेपाल सरकार, राष्ट्रसंघीय निकायहरू तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैससहरूको ध्यान आकृष्ट हुन जरुरी छ ।

२. विपद व्यवस्थापनमा बालसहभागिता आवश्यक छ : भूकम्प र यसपछिको अवस्थामा बालबालिका तथा नवयुवाहरूको योगदान महत्वपूर्ण रह्यो । उनीहरूले गरेका कामहरूबाट बालबालिकाहरू पनि विपद व्यवस्थापनमा सहयोगी हुन सक्तछन् भन्ने कुरामा शंका रहेन । तसर्थ विपद र विपद व्यवस्थापनका सम्बन्धमा बालबालिकाको चेतनास्तर उकास्ने र उनीहरूको सुरक्षित सहभागिताका लागि वातावरण बनाइनु पर्दछ । जिल्ला महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति, बालक्लब तथा किशोर/सञ्जाल र बालअधिकारका क्षेत्रमा क्रियाशील संघसंस्थाहरूको साझा प्रयासबाट यस कार्यलाई अगाडि बढाउन सकिन्छ ।

३. विपद व्यवस्थापनमा महिला सहभागिता आवश्यक छ: भूकम्पपछिको अवस्थामा भएका राहत तथा पुनर्स्थापनका गतिविधिहरूमा ग्रामीण महिलाहरूको सहभागिताका बारेमा गम्भीर प्रश्नहरू उठेका छन् । हाम्रो राहत वितरण तथा पुनर्स्थापना कार्य महिलाहरूको विशिष्ट योगदानबाट धेरै हदसम्म बञ्चित हुन पुग्यो । उनीहरू सेवाग्राहीका रूपमा मात्र सीमित रहन पुगे । यस विषयमा गम्भीर समीक्षा गरिनु पर्दछ र अबका दिनमा यस कमजोरीलाई हटाइनु पर्दछ ।

४. महिलामैत्री केन्द्रहरू विस्तार गरिनु पर्दछ : विपदपछिको अवस्थामा महिलामैत्री केन्द्र (स्नेह केन्द्रहरू) बाट पीडित महिलाहरूलाई पुगेको सहयोग ज्यादै महत्वपूर्ण रह्यो । स्नेह केन्द्रबाट दिइएको सहयोग तथा परामर्शबाट आफ्नो जीवनमा नयाँपन थपिएको बताउने महिलाहरू भेटिनु भएको छ । यस अवस्थामा यस प्रकारका

स्नेह केन्द्र जस्ता संरचनाहरूलाई गाउँ-गाउँमा पुऱ्याइनु पर्दछ । जिल्ला महिला तथा बालबालिका कार्यालय, आमा समूहहरू, गाविस र महिला अधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको साझा प्रयासबाट यस कार्यलाई अगाडि बढाउन सकिन्छ ।

५. गाउँ बाल संरक्षण समितिहरूलाई क्रियाशील बनाइनु पर्दछ : सामान्य अवस्थामा भन्दा विपदका बेला स्थानीय स्तरसम्म बनेका संरचनाहरूको स्वभाविक रूपमा बढी खोजी हुने रहेछ । यसपाली बालसंरक्षणका लागि गाउँ गाउँमा स्थापना गरिएका बालसंरक्षण समितिहरूप्रति सबैको चासो बढ्यो । यदि यी संरचनाहरू चलायमान हुने हो भने बाल हिंसा, बालबालिका विरुद्धका दण्ड सजाय र मानव बेचबिखन लगायतका मानवता विरोधी गतिविधि न्यूनीकरणमा सघाउ पुग्ने थियो । तसर्थ गाउँ-गाउँमा बालसंरक्षण समिति गठन तथा पुनर्गठन गरी सबल र क्रियाशील बनाइनु पर्दछ । जिल्ला महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति, गाविस र बालअधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको साझा प्रयासबाट यस कार्यलाई अगाडि बढाउन सकिन्छ ।

६. आवतजावतका नाकाहरूमा निगरानी बढाइनु पर्दछ : बालबालिका तथा महिलाहरूलाई बेचबिखनबाट जोगाउनका लागि भूकम्प प्रभावित क्षेत्रका विभिन्न नाकाहरूमा नागरिक समाज तथा प्रहरीले संयुक्त रूपमा निगरानी बढाएका थिए । यस कार्यबाट धेरै महिला तथा बालबालिकाको उद्धार समेत गरिएको थियो । यसरी मानिसहरू आवत जावत गर्ने नाकाहरूमा आरम्भ गरिएको चेक प्वाइन्टलाई अझ सुदृढ बनाउँदै यसलाई निरन्तरता दिइनु पर्दछ । यसका लागि नेपाल प्रहरी, नेपाल सरकार, महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति, गाविस र बालअधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरू मिलेर अगाडि जान सक्दछन् ।

७. मनोसामाजिक परामर्श सेवाको विस्तार गरिनु पर्दछ : भूकम्प पछिको अवस्थामा महिला तथा बालबालिकाका लागि उपलब्ध गराइएको मनोसामाजिक परामर्श र मनोसामाजिक प्राथमिक उपचारबाट धेरै महिला तथा बालबालिकाहरू लाभान्वित भएका छन् । सबैभन्दा ठूलो कुरा त यसको आवश्यकता बोध बढ्न थालेको छ । भूकम्प पछिको समय बित्तै जाने क्रममा मानिसहरूमा मनोसामाजिक समस्याहरू थपिँदै जाने खतरा रहेको सन्दर्भमा मनोसामाजिक परामर्श सेवालाई विस्तार गर्दै लैजानु पर्दछ । यस कार्यका लागि महिला तथा बालबालिकाका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको महत्वपूर्ण भूमिका रहन सक्तछ ।

८. मदिरा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनु पर्दछ : समाजका सम्पूर्ण दुष्कर्मको प्रमुख जननीका रूपमा मदिराको दुरूप्रयोगलाई लिइन्छ । भूकम्प पछाडिको अवस्थामा घरेलु हिंसा, मानव बेचबिखन र बालहिंसा बढ्नुको पछाडिका कारणहरू मध्ये एउटा कारण मदिरा नै हो । तसर्थ मदिराको दुरूप्रयोग न्यूनीकरणका लागि अभियान सञ्चालन गरिनु पर्दछ । यस कार्यमा मदिरा नियन्त्रणका लागि सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठित जिल्ला स्तरीय मदिरा नियन्त्रण समिति क्रियाशील हुनु पर्दछ भने मदिरा न्यूनीकरणका लागि क्रियाशील संघ-संस्थाहरूको पनि उत्तिकै भूमिका रहन सक्तछ । राष्ट्रिय मदिरा नीति सञ्जाल (नापा), एटविन जस्ता सञ्जालहरूका अनुभव तथा साथ सहयोग पनि यस कार्यमा सहयोगी हुन सक्तछन् ।

९. असल उदाहरणलाई अभिलेखीकरण गरिनु पर्दछ : विनाशकारी भूकम्प र भूकम्प पछिको अवस्थामा महिला तथा बालबालिकाहरूले परिवार तथा समाजका लागि गरेका उदाहरणीय कार्यहरूलाई अभिलेखीकरण गरिन जरुरी छ । पछिल्ला पुस्ताका लागि प्रेरणा स्रोत बन्न सक्ने यस्ता अभिलेखहरूलाई इतिहासमा हराउन दिनुहुँदैन । साहित्यकार तथा लेखकहरूले समाजमा विद्यमान यस्ता साहस र वीरताले भरिएका सत्यतथ्यहरूलाई आफ्ना साहित्यको विषयवस्तु बनाउनु पर्दछ ।

१०. नीतिगत तहमा एटविन लगायत सञ्जालहरूले भूमिका खेल्नु पर्दछ । माथि उठाइएका कुराहरूलाई नीतिगत रूपमा ल्याउनका लागि एटविन जस्ता अनुभवी एवम् चीरपरिचित सञ्जालहरूले राष्ट्रिय स्तरको पैरवीमा ध्यान दिनु पर्दछ । यसका साथसाथै जनचेतनामूलक तथा अवधारणात्मक स्पष्टता ल्याउने सामग्रीहरूको प्रकाशन गरी स्थानीय स्तरसम्म पुऱ्याउने पहल गर्नु पर्दछ । यसका लागि एटविन आफैंले बनाएको सञ्जाल एवम् आफ्ना सदस्य संस्थाहरूको पहुँचलाई प्रयोग गर्न सकिन्छ ।

**स्रोत सामग्रीहरू:**


१. राष्ट्रिय योजना आयोगका वेबसाइटहरू
२. दोलखा जिल्ला लगायतका जिल्लाहरूमा बालबालिकासँगको छलफल
३. दोलखा जिल्ला लगायतका जिल्लाहरूमा महिलाहरूसँग गरिएका छलफल
४. राहत र पुनर्स्थापनाका क्रममा प्राप्त अनुभवहरू



*लेखक सिविन-नेपालका प्रवक्ता एवम् कन्सोर्टियम नेपाल तथा एनएसिजीका अध्यक्ष हुनुहुन्छ ।*

# भूकम्पपछिको मनोविज्ञान



डा. विजय झवाली

भूकम्प गएको प्रारम्भिक दिनहरूमा आपतकालीन उद्दार र आकस्मिक उपचारमा हाम्रो ध्यान केन्द्रित हुनु स्वाभाविक र आवश्यक हो, जसमा शारीरिक अवस्था, चोटपटक लागेको र अन्य देखिने समस्यालाई मात्र प्राथमिकतामा राखिन्छ। तर घटनाको प्रारम्भिक अवस्थादेखि नै मानिसमा पर्ने मानसिक असर र त्यसका लक्षण नदेखिने भने होइन, जसलाई तत्काल ध्यान दिइँदैन या प्राथमिकतामा राखिदैन। यो भूकम्पले गर्ने मनोवैज्ञानिक क्षतिको तत्काल अनुमान लगाउन गाह्रो भएतापनि निश्चित रूपमा यसले पार्ने मनोवैज्ञानिक क्षति कम हुने छैन। तसर्थ हामीले अब उद्धार र राहतका कार्यक्रमलाई अगाडि बढाउदै मनोवैज्ञानिक रूपमा हुने क्षतिलाई कम गर्न तयारी गर्ने समय आएको छ।



भूकम्प लगायत अन्य विपत्तिले मानिसको जीवनमा सिर्जना गर्ने त्रास, डर, चिन्ता, पीडा निरासा आदि जस्ता संवेदनालाई सन्तुलित र नियन्त्रण गर्न सकिएन भने यो लामो मनोवैज्ञानिक समस्याको रूपमा बढेर जान्छ। तसर्थ यस्ता मानवीय संवेदनालाई सन्तुलित गर्नु अन्त्यन्त आवश्यक हुन्छ। भूकम्प पश्चात् कतिपय व्यक्तिलाई बारम्बार भूकम्प आएको जस्तो महसुस हुने, झस्किने, तर्सिने, टोलाउने जस्ता समस्या देखिन सक्छन। कतिपय अवस्थामा यीभन्दा गम्भीर लक्षण पनि देखिन सक्छ। यस्ता लक्षणहरू अल्पकालीन अथवा दीर्घकालीन दुवै हुन सक्छन्। भूकम्पले के कस्तो असर गर्‍यो भनेर अहिले नै आँकलन गर्नु हतार भएतापनि जोखिममा रहेका वर्गको पहिचान गर्नु तत्काल जरुरी छ। बालबालिकाहरू थप जोखिममा पर्ने वर्गमा पर्दछन्। शारीरिक रूपमा केहि भएको छैन भनी उनिहरूको उचित मनोवैज्ञानिक पुनर्स्थापना गरिएन भने उनीहरूमा यसले पछिसम्म गहिरो असर पार्ने सम्भावना रहन्छ। अझ भूकम्पमा आफन्त गुमाएका, शारीरिक असक्तता सिर्जना भएका, अन्त्यन्त जटिल परिस्थितिमा उद्धार गरिएका व्यक्तिलाई विशेष ध्यान दिनुपर्ने हुन सक्छ।

वर्तमान परिस्थितिलाई जस्ताको त्यस्तै स्वीकार गर्ने वातावरणको सिर्जना गर्नु अहिलेको प्रमुख चुनौति हो। भविष्यको अत्यधिक चिन्ताले विचलित पार्न सक्छ। भूकम्पबाट भएको क्षति अपुरणीय छ, तर त्यसलाई एक एक गरी स्वीकार गर्दै जानु नै अहिलेको निम्ति उत्तम हुन्छ। कतिपय अवस्थामा कतिपय व्यक्ति भूकम्पबाट भएको मानवीय क्षतिको निम्ति आफु र आफ्ना कार्यलाई दोषी ठान्छन्। यो प्राकृतिक विपत्तिमा कसैको दोष हुदैन, त्यसमा कोही दोषी हुदैनन्। तसर्थ यसमा पश्चाताप र आत्मालोचनाको भन्दा पनि तत्काल गुज्रिरहेको अवस्थालाई के गर्न सकिन्छ भन्ने कुराप्रति ध्यान दिनु जरुरी हुन्छ। भूकम्पले उथलपुथल पारेको हाम्रो जीवनलाइ सहज र नियमित जीवनमा ल्याउने प्रयास गर्नु पर्छ। नियमित जीवनशैलीका आधारभूत पक्षलाई पहिला जस्तै संचालन गर्ने प्रयास गर्नु पर्छ। शारीरिक स्वास्थ्यले साथ दिन्छ भने उद्धार तथा राहत कार्य कार्यक्रम, रक्तदान अन्य सामाजिक अध्यात्मिक कार्यमा आफुलाई संलग्न गर्नु राम्रो हुन्छ। अहिलेको परिस्थितिमा बुझ्नुपर्ने भनेको अहिलेका समस्याहरू अस्थायी हुन्। समयले समस्यालाई कम गर्दै लानेछ र त्यसको निम्ति आशावादी हुनु जरुरी छ।

भूकम्पपश्चात् यदि आफु वा आफन्तहरूमध्ये कसैमा मानसिक रूपमा परिवर्तन देखिएकोछ भने सकभर एक्लो नबस्ने बातावरण मिलाउनु पर्छ। आफुजस्तै समस्या परेका व्यक्ति र परिवारसित संवाद गर्ने, समूहमा बस्ने, आफ्ना विचार राख्ने र अरुका विचार पनि सुन्ने गर्नुपर्छ। समूहमा गर्ने सामाजिक काममा लाग्नु होस्। टोलको सरसफाई, भत्किएका कोठा मिलाउने जस्ता कार्यमा एकले अर्कोलाइ



सहयोग गर्ने, समूहमा चिया खाने, अध्यात्मिक कार्य गर्ने जस्ताससाना क्रियाकलापले मानसिक पुनर्स्थापनामा सहयोग मिल्छ। भूकम्पपश्चात् सोसियल साइट र मिडियाहरू सक्रिय हुन्छन् । यसमा सधै सकारात्मक समाचार आउछ भन्ने हुदैन । कतिपय मिडियामा नकारात्मक र अत्यन्त विचलित पार्ने किसिमका समाचार आउँछन् । तसर्थ तपाईं र तपाईंका परिवारका सदस्य कमजोर मानासिकतामा हुनुहुन्छ भने त्यस्ता साइट र मिडियाबाट केही समय टाढा बस्दा उचित हुन सक्छ । आवश्यक सूचनाको लागि विश्वासिलो संचारमाध्यम छान्न सक्नु हुन्छ। पारिवारिक सदस्यको बिचमा सकारात्मक र आशावादी समाचारलाई प्रोत्साहन दिनुहोस् । बालबालिकालाई भूकम्पको बारेमा जानकारी र पुनः आएको खण्डमा के गर्ने भन्ने जानकारी दिनुहोस् । यस्तो अवस्थामा धेरै व्यक्तिहरू सत्यको खोजी भन्दा भावनामा आएर बोल्ने र निर्यण गर्ने हुन्छन्, जसको कारण समाज सजिलै विचलित हुनसक्ने हुँदा, भावनामा आधारित समाचार र सूचनालाई अहिलेलाई कमजोर मानसिक अवस्था हुनेहरूले बन्द गर्दा नै उत्तम हुन्छ, भूकम्पले गरेको भौतिक र शारीरिक क्षति पहिलो प्राथमिकतामा परेतापनि यसले गरेको मनोवैज्ञानिक क्षतिप्रति पनि तपाई सजक हुनु आवश्यक छ ।

भूकम्पका कारण धेरै युवा युवतीमा निराशा छाउने सम्भावना रहन्छ । नाजुक आर्थिक अवस्था, परिवारलाई सहयोग गर्ने चाहना, कामको खोजीमा रहेका युवतीहरूलाई विभिन्न प्रभोलनमा पारी देशभित्र र बाहिर युवायुवतीको किनबेच हुने सम्भावना पनि रहन्छ। तसर्थ यस्ता घटना हुन नदिन हामी मानसिक रूपमा सचेत हुन जरुरी छ ।

*लेखक जापानमा रहेर मानसिक स्वास्थ्यमा विद्यावारिधि गरि सामाजिक क्षेत्रमा सक्रिय हुनुहुन्छ ।*

# बधाई ज्ञापन



एटविनका पूर्व अध्यक्ष (सन् २००१-२००२) तथा सल्लाहकार र साथै सदस्य संस्था महिला आत्मनिर्भरता केन्द्रका अध्यक्ष श्री **भगवती नेपाल**ज्यूलाई मानव बेचबिखन तथा ओसार पसार विरुद्ध जनजागरण र उद्धार एवम् पुनर्स्थापना कार्यमा पुऱ्याएको योगदानको कदर गर्दै मानव बेचबिखन विरुद्धको नवौं राष्ट्रिय दिवस,२०७२ भदौ २० को उपलक्ष्यमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका माननीय मन्त्री श्री नीलम केसीज्यूबाट नगद सहितको यो सम्मान पत्र प्राप्त गरिएको मा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**मीना विष्ट**

*अध्यक्ष तथा समस्त एटविन परिवार*

# मनोरञ्जन उद्योगमा श्रमजीवी महिलाहरूको अवस्था



कमल थापा क्षेत्री

मनोरञ्जन क्षेत्र, विशेषगरी नाच्न र गाउनको लागि महिला तथा बालबालिकाको प्रयोग परापूर्वकालदेखि नै हुँदै आएको उदाहरणहरू पाइएतापनि सन् १९९० देखि मुख्य शहरहरूमा व्यवसायिक रूपमा मनोरञ्जनका लागि नाच्ने गाउने स्थानहरूको स्थापना भएको देखिन्छ । सन् २००१ देखि मनोरञ्जन क्षेत्रका उद्योगहरू डान्स बार, मसाज पार्लर, क्यावीन रेष्टुराँ, दोहोरी जस्ता उद्योगहरू व्यापक रूपमा फस्टाएको पाइन्छ। सशस्त्र द्वन्द्वमा सुरक्षाको कारणले गाँउबाट शहरतिर आउने क्रम बृद्धि हुनु र शहरमा सहज रोजगारीको अवसर प्राप्त नहुने कारणले पनि यस्ता मनोरञ्जन उद्योगहरूमा महिला तथा बालिकाहरूको संख्यामा बृद्धि भएको पाइन्छ । मनोरञ्जन उद्योगलाई अनैतिक गतिविधि तथा यौन मनोरञ्जनको लागि मात्र स्थापना भएको भन्ने आम मानिसहरूले दृष्टिकोण रहेको पाइन्छ। तर उल्लेखित धारणा विपरित मनोरञ्जन उद्योगमा कार्यरत श्रमजीवी महिला तथा बालिकाहरूको पक्षबाट हेर्ने हो भने ठिक विपरित अवस्था देखिन्छ । श्रमजीवी महिला तथा बालबालिकाहरू यौन-मनोरञ्जनका लागि स्वेच्छाले तयार हुने अवस्था नभई संचालकहरूको दबाव, ग्राहकहरूको यौन-मनोरञ्जनको माग र कार्यरत श्रमजीवी महिलाहरूको दयनीय आर्थिक अवस्थाले बाध्य तुल्याएको हो भन्ने तथ्य विभिन्न अध्ययन अनुसन्धानहरूले देखाउँदै आएको छ ।

नेपालमा मनोरञ्जन उद्योगहरू कति संख्यामा रहेका छन् र त्यस्ता उद्योगमा कार्यरत महिला तथा बालबालिकाको संख्या कति छ भन्ने यकिन तथ्याङ्क उपलब्ध नभएता पनि विभिन्न अध्ययनहरूले केही तथ्याङ्कहरू उल्लेख गरेको पाउन सकिन्छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले गरेको सन् २००८ को अध्ययनले काठमाडौं उपत्यकामा मात्रै ३० देखि ४० हजार महिला कामदारहरू क्याविन, डान्स र मसाज पार्लरमा कार्यरत छन् । फ्री द स्लेभ्स संस्थाले गरेको एक अध्ययन अनुसार काठमाडौं उपत्यकामा मात्र १२ हजार क्याबिन, डान्स र मसाज पार्लरहरू रहेको र तिनमा ५० हजार युवती/महिलाहरू कार्यरत रहेको भन्ने तथ्याङ्क देखाएको छ । नेपाल युथ सर्भेक्षण टोलीका अनुसार नेपालभर २५ हजारभन्दा बढी डान्स बार र क्याबिन रेष्टुराँहरू रहेको छन् (नेपाल युथ सर्भेक्षण टोली, २०१०) । नेपाल रेष्टुराँ एशोसिएशनका अनुसार काठमाडौं उपत्यकामा मात्र करिब ६ सय क्याबिन रेष्टुराँहरू रहेका छन् (कार्की २०१३ बाट साभार, राष्ट्रिय मानवअधिकार आयोग २०१२- २०१३) ।

मनोरञ्जन क्षेत्रमा बालबालिकाहरूको कार्यरत संख्यालाई हेर्दा शक्ति समूह २००८ को अध्ययन अनुसार ३३ प्रतिशत, रा.मा.अ.आ. २००५ का अनुसार १६ प्रतिशत, आई.एल.ओ. न्यु इरा २००५ अनुसार ३२ प्रतिशत र एक्शन एड २००४ का अनुसार ३० प्रतिशत १८ बर्ष मुनिका किशोरीहरू रहेका छन्, जुन बालअधिकारसम्बन्धी महासन्धि अनुसार बालबालिका मानिन्छन् । त्यसैगरी शक्ति समूहको २००८ को अध्ययनले ११ प्रतिशत र एक्शन एडको २००४ को अध्ययनले ४ प्रतिशत किशोरीहरूको उमेर १२ देखि १५ बर्षका रहेका देखाएको छ ।

**मनोरञ्जन उद्योगमा कार्यरत श्रमिक महिलाहरूले भोग्नु परेको समस्याहरू :**

मनोरञ्जन उद्योगमा श्रमिक महिलाहरूले भोग्नु परेको समस्याहरूलाई विभिन्न अध्ययनहरूको आधारमा हेर्दा निम्न समस्याहरूलाई औंल्याउन सकिन्छ :

**स्वास्थ्य समस्या :** मनोरञ्जन उद्योगमा काम गरेको हुनाले शारीरिक र मानसिक समस्या भएको, शारीरिक समस्यामा – टाउको दुख्ने, कम सुन्ने वा पुरै नसुन्ने, सरुवा रोगबाट पीडित, खानमा अरूची, शारीरिक कमजोरी, ग्याष्ट्रिक, अनिद्रा, शरीर दुख्ने आदि थिए । मानसिक समस्यामा– मानसिक पीडा, एक्लोपन मनपर्ने, एकान्तवास मनपर्ने, बोल्न र कुरा गर्न मन नलाग्ने, कुनै प्रकारको कुरामा पनि जाँगर नआउने, फोहोरी शब्द बोल्ने, बारम्बार मानसिक परिवर्तन र आत्महत्या गर्न मन लाग्ने जस्ता समस्याहरू रहेको देखिन्छ ।

**पारिवारिक समस्या :** मनोरञ्जन उद्योगमा कार्यरत महिला वा बालिकाहरूको परिवार र समाजमा इज्जत नहुने, उनीहरू यदाकदा आफ्नै परिवारका सदस्यबाटै पनि तिरस्कृत हुने र समाजमा खराब महिलाको लाञ्छना लाग्ने, घर धनीले घर बहालमा सहज उपलब्ध नगराउने, घर बहालमा लिन घर मालिकलाई आफू कुनै कार्यलयमा काम गर्ने गरेको भनी झुठो बोल्नुपर्ने वा कुनै अर्को मानिससँग बसेको भन्नुपर्ने आदि बाध्यात्मक अवस्था रहेको ।

**काम गर्ने श्रमजीवी महिलाहरू प्रति रोजगारदाताको व्यवहार :** रेष्टुराँमा ग्राहक नआएमा त्यहाँ काम गर्ने महिलालाई रेष्टुराँको मालिकले गाली गर्ने, झपार्ने र कामबाट निकाला गरिदिने भनी धम्की दिने गरेको बताए । ग्राहक खोजेर ल्याउ भन्ने, लगातार गाली गलौज, रेष्टुराँ मालिकले ग्राहकहरूसँग बस्न र ग्राहकले चाहेजस्तो व्यवहार गर्नु पर्ने र ग्राहकले नतिरेको बिलको रकम समेत बुझाउन बाध्य गराउने र ग्राहकले गिलास वा कुनै सामान फुटाएर रेष्टुराँमा नोक्सान गरेका खण्डमा सो समेत ती कामदार महिलाबाट भराउने जस्ता कार्य हुने गरेको देखिएकोछ । मालिकहरूले ग्राहकहरूसँगै बसेर मदिरा पिउन बाध्य गराउने, जसबाट मालिकहरूको आम्दानी बढ्ने र जसको परिणाम महिला श्रमिकहरूमा पनि बिस्तारै मदिरापान र धुम्रपानको आदत हुने देखिएको छ । मालिकहरूले कामदारहरूलाई संगठित हुन नदिने, मालिकले भनेको नमान्दा कुटपिट गरी शारीरिक यातना दिने जस्ता अवस्थाहरू रहेको देखिन्छ ।

**ग्राहकको व्यवहार :** मनोरञ्जन उद्योगमा आउने ग्राहकहरू ४० देखि ५० वर्षसम्म उमेरका पुरुष ग्राहक (पाहुना) को रूपमा रेष्टुराँमा आउने र उनीहरूले त्यहाँ कार्यरत बालिका र महिलालाई आफ्नो पुरुष यौनाङ्ग छुन बाध्य गराउने, उनीहरू आफूले पनि अश्लील शब्द बोल्दै ती बालिका वा महिलाको संवेदनशील अङ्ग छुने चलाउने गरेको देखिन्छ । त्यस्ता ग्राहकहरूले राम्रो रकम दिने प्रलोभन दिएर फकाउने, ग्राहकहरूले आफ्नो रोजाईको युवती माग गर्ने, युवतीलाई धेरै समय छोएर समय बिताउने, कडा मादक पदार्थ सेवनको लागि माग गर्ने र युवतीहरूलाई खुवाउने, कार्यस्थलमै र कार्यस्थलभन्दा बाहिर यौन सम्बन्ध राख्न प्रस्ताव गर्ने जस्ता अमर्यादित व्यवहार ग्राहकबाट हुने गरेको देखिन्छ ।

**कार्यस्थलको भौतिक वातावरण :** कार्यस्थलको भौतिक वातावरण सहज खालको नहुने । त्यहाँ सधैं चर्को आवाज, हल्ला, बिजुलीबत्तीको चम्काहट, धुवाँ भरिएका कोठा, महिला कामदारलाई असुरक्षित शौचालय आदि । कामदार र ग्राहकका लागि अलग-अलग खाना र त्यसमा पनि काम गर्नेहरूका लागि बासी र प्रयोग गर्ने अवधि सकिएका खानेकुरा हुने । रोजगारदाताहरूले कामदारलाई एक त थोरै ज्याला दिने, त्यो पनि समयमा नदिने, बिरामी परी काम गर्न नसकेमा तलब घट्ने र रातीको समयमा सबैले सँधै काम गर्नुपर्ने अवस्था रहेको ।

**प्रहरीको दृष्टिकोण :** उनीहरू प्रति प्रहरीको दृष्टिकोण कहिल्यै सकारात्मक हुदैन । प्रहरीले उनीहरूसँग अश्लील भाषा बोल्ने, दुर्व्यवहार गर्ने, मनोरञ्जन उद्योगमा छापा मार्दा महिला प्रहरीहरू नहुने, छापा मार्दा महिलाहरूले कपडा फेर्ने स्थानमा सिधै प्रवेश गर्ने, श्रमिक महिलाहरूले आफ्नो उजुरी लैंजादा प्रहरीले दुर्व्यवहार गर्ने र कोही भेटघाटको लागि आएमा भेट्नसम्म पनि नदिने गरेको विभिन्न अध्ययनहरूले देखाएको छ । तथापि हालका दिनहरूमा यस्ता व्यवहारमा केही सुधार भएको आभास पाउन सकिन्छ ।

यसरी माथि उल्लेखित अवस्थाहरूका आधारमा विश्लेषण गर्ने हो भने मनोरञ्जन उद्योगमा कार्यरत श्रमजीवी महिलाहरूको अवस्था अधिकारमूखी दृष्टिकोणबाट ज्यादै दयनीय देखिन्छ । यस अवस्थाले श्रमजीवी महिलाहरूप्रति बहुआयामिक असर परेको देखिन्छ, जसमा आर्थिक, समाजिक, शारीरिक, मानसिक असरहरू प्रमुख हुन्छन् । उल्लेखित अवस्थाहरूलाई सुधार गर्नका लागि सबै सरोकारवालाहरूले आफ्नो इच्छाशक्ति देखाई सशक्त रूपमा कार्य गर्नु पर्ने देखिन्छ ।

**श्रमजीवी महिलाहरूप्रति डान्स रेष्टुरेण्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन-उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्बोच्च अदालतबाट भएको फैसला र निर्देशिका - २०६५ र त्यसको कार्यान्वयनको अवस्था :**

डान्स वार, डान्स रेस्टुरेन्ट, क्याबिन रेष्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लरमा काम गर्ने महिला कामदारहरूलाई कार्यस्थलमा गरिने यौन उत्पीडनका व्यवहारहरूलाई नियन्त्रण गर्ने सम्बन्धमा हालसम्म नेपालमा कुनै कानुनको निर्माण नभएकोले संसदबाट अर्को ऐन नबनेसम्मका लागि मनोञ्जन उद्योग क्षेत्रमा काम गर्ने महिलाहरूमाथि कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नका लागि सर्बोच्च अदालतले **"श्रमजीवी महिलाहरूप्रति डान्स रेष्टुरेण्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन-उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी निर्देशिका - २०६५"** जारी गरेको छ ।

उक्त निर्देशिकामा मनोरञ्जन उद्योगहरू अनिवार्य रूपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने, कार्यस्थलमा

कामदारहरूको विवरण राख्नुपर्ने, व्यवसायीहरूले छिमेकीहरूलाई असर नपर्ने गरी ध्वनी ननिस्कने व्यवस्था गर्ने, सरकारले तोकेको समयावधिसम्म व्यवसाय सञ्चालन गर्ने, कामदारहरूलाई सुरक्षित रूपमा घरमा पुऱ्याउने व्यवस्था गर्ने, कार्यस्थलको वातावरण स्वस्थ र सफा राख्नुपर्ने, पारिश्रमिक नदिई काममा लगाउन नहुने, मनोरञ्जन उद्योगहरूले सूचना पाटी टाँस्नु पर्ने, कार्यस्थलमा यौन उत्पीडन जस्तै, महिलालाई यौन दुर्व्यवहार, यौन सम्बन्धको प्रस्ताव लगायतका कार्य गर्न नहुने, यौन शोषण, शरीर छुने र यौनसम्बन्धका लागि बाध्य पार्न नहुने, कार्यस्थलमा महिला कामदारहरूलाई धुम्रपान, मदिरापान र नग्नता प्रदर्शन गर्न बाध्य पार्ने खालका अमर्यादित व्यवहार गर्न नहुने, उद्योग धनीले महिला कामदारहरूको संरक्षणको व्यवस्था गर्नुपर्ने, ग्राहकहरूको दुर्व्यवहार, शोषणपूर्ण व्यवहार लगायतका कुराहरूमा संरक्षण गर्नुपर्ने, सेवाग्राहीले मर्यादित व्यवहार गर्नुपर्ने जस्ता प्रावधानहरूको व्यवस्था गरिएको छ । निर्देशिकामा उल्लेखित प्रावधानहरूको कार्यान्वयनको अनुगमनका लागि अनुगमन तथा कारवाही समितिको गठनको व्यवस्था समेत गरिएको छ । उक्त समितिले अनुगमन गर्दा मनोरञ्जन उद्योगहरूले निर्देशिकामा उल्लेखित गर्न नहुने काम गरेको पाइएमा अनुगमन तथा कारवाही समितिले उनीहरूलाई सचेत गराउने वा व्यवसाय बन्द गर्न आदेश समेत दिन सक्ने व्यवस्था रहेको छ । तर यो निर्देशिका जारी गरिएको लगभग ७ वर्ष वितिसक्दा पनि त्यसको कार्यान्वयनमा रहेको सुस्तता र हेलचेक्र्याइँको कारणबाट यस क्षेत्रमा कार्यरत महिला श्रमिकहरूमाथि हुने यौन उत्पीडन र हिंसामा कमी आउन सकेको छैन ।


माथि उल्लेखित अवस्थाहरूको समग्र विश्लेषणबाट के देखिन्छ भने श्रमजीवी महिलाहरू प्रति गरिने व्यवहार शोषण र विभेदयुक्त रहेको छ। उनीहरूको मानवअधिकारको अवस्था दयनीय देखिन्छ । श्रमजीवी महिलाहरू कार्यरत मनोरञ्जन उद्योगहरूलाई काम गर्ने स्वस्थ वातावरणको सिर्जना गर्न, कार्यस्थलको वातावरण मर्यादित बनाउन, श्रम अधिकारको प्रत्याभूति गर्न, यौनशोषण र दुर्व्यवहार हटाउन लगायतका सवालहरूलाई सम्बोधन गर्न अति आवश्यक भइसकेको छ ।

**सुझावहरू :**

- ❖ मनोरञ्जन उद्योगमा कार्यरत श्रमजीवी महिलाहरूको हक हितका लागि काम गर्ने सबै गैरसरकारी संस्थाहरूले एकीकृत सूचना प्रणालीको ढाँचा तयार गरी एकरुपता हुनेगरी सूचना, तथ्याङ्क जानकारीहरू राख्ने प्रणालीको व्यवस्था गर्ने र सो अनुरुपको जानकारीहरू सम्बद्ध सरकारी निकायमा पेश गर्ने व्यवस्था गर्नु पर्ने ।
- ❖ यस क्षेत्रमा काम गर्ने श्रमजीवी महिला तथा बालिकाहरूको अवस्थाको सबै पक्षलाई समेटी भरपर्दो तवरबाट व्यवस्थित अध्ययन अनुसन्धान गर्ने ।
- ❖ यस क्षेत्रमा काम गर्ने उद्योगहरूलाई दर्ता, नविकरण, कर चुक्ता लगायतका कार्य गर्दा नविकरण गर्ने निकायले अनुगमन तथा कारवाही समिति (जिल्ला प्रशासन कार्यालय) को सिफारिसमा मात्रै गर्ने व्यवस्था मिलाउने तर्फ कार्य गर्नुपर्ने ।
- ❖ अनुगमन तथा कारवाही समितिले कार्यतालिका बनाई भौगोलिक क्षेत्र विभाजन गरी नियमित अनुगमन गर्नुपर्ने र सोबाट प्राप्त जानकारी गोपनियतालाई ध्यानमा राखी अन्य जानकारीहरू सरोकारवालाहरू माफ जानकारी गराउने ।
- ❖ रोजगारदाताहरूलाई यस विषयमा बढी जानकारी गराउने उद्देश्यले अनुगमन तथा कारबाही समितिले समय समयमा श्रमिकहरूका अधिकारका बारेमा, रोजगारदाताहरूले पालना गर्नुपर्ने काम र कर्तव्यको बारेमा सचेत गराउने र सो कार्यान्वयनतर्फ उन्मुख गराउन प्रयत्न गर्ने ।
- ❖ सञ्चारकर्मीहरूलाई समाचार सम्प्रेषण गर्दा मनोरञ्जन क्षेत्रलाई मर्यादित र सुरक्षित बनाउनेतर्फ अभिप्रेरित गराउने उदेश्यको लागि सञ्चारकर्मीहरूलाई अभिमूखीकरण गराउने ।
- ❖ ट्रेड यूनियनहरूले मनोरञ्जन उद्योगमा कार्यरत श्रमजीवी महिलाहरूको सवाललाई अधिकारको रूपमा उठाउनेतर्फ ध्यान दिनुपर्ने र सोही अनुरुप उनीहरूको हक अधिकार सुरक्षित गर्नेतर्फ रोजगारदाताहरूसँग सम्वाद गर्नेतर्फ श्रम संगठनले अग्रसरता देखाउनु पर्ने ।
- ❖ श्रमजीवी महिला तथा बालिकाहरूको हक अधिकारको संरक्षणको लागि आवश्यकता अनुसार सरोकारवालाहरू सबैले प्राथमिकताका साथ कार्य गर्नुपर्ने ।

*लेखक राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत हुनुहुन्छ ।*

# बालअधिकार : सन्दर्भ भूकम्प, बेचबिखन र मस्यौदा संविधान



सरोज के.सी.

## भूकम्प

असार मसान्तसम्मको तथ्याङ्क हेर्ने हो भने गत बैशाखको महाभूकम्पबाट ८,८९७ जनाको मृत्यु भयो, जसमध्ये २९ प्रतिशत बालबालिका छन् । त्यसैगरी उपचारार्थ २२,३०९ मध्ये १,२७२ जना बालबालिका छन् । महाभूकम्पमा १०४ बालबालिकाले दुवै आमाबाबु गुमाए, ३०३ ले आफ्नो आमा र २४४ जनाले बाबु गुमाए ।

महाभूकम्पले ५,०८,७३४ घर पूर्ण रूपमा ध्वस्त भए भने २,८३,१४५ घरमा आंशिक क्षति हुन पुग्यो । यदि औसतमा एक घरमा ५ जनाको परिवार बस्छन् भने करिब २५,४३,६७० जना घरविहीन भएका छन्, जसमध्ये ११,१९,२१५ जना बालबालिका पर्दछन् । विश्व बैंकको प्रतिवेदनलाई आधार मान्ने हो भने ९,८२,००० जना व्यक्तिहरू पुन: गरिबीको चपेटामा पर्न सक्ने जोखिममा रहेका छन् । यसैगरी भूकम्पले सामुदायिक तथा निजी विद्यालयका ३५,९८६ कक्षा कोठाहरूमा पूर्ण रूपमा क्षति पुऱ्याएको छ । जसले करिब ९,९०,००० बालबालिका प्रभावित भएका छन् ।

## बेचबिखन

यस सन्दर्भमा बालबालिका विभिन्न किसिमका हिंसा, दुर्व्यवहार, शोषण तथा परित्यक्तताको जोखिममा रहेका छन् । अभिभावक घरबारविहीन अनि आयआर्जनविहीन भएको अवस्थामा बालबालिका बेचबिखन, श्रम शोषण, यौन दुर्व्यवहार तथा यौन शोषणमा पर्न सक्छन् । अनधिकृत रूपमा बालगृहमा पुऱ्याइन सक्छन् । भूकम्प पश्चात्का समाचार र युनिसेफको प्रतिवेदन अनुसार विभिन्न नाकाहरूबाट २४५ बालबालिकालाई उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये धेरैजसो घटनाहरू ओसारपसारसँग सम्बन्धित थिए ।

नुवाकोट र सिन्धुपाल्चोकका १५ किशोरीहरूलाई प्रहरीले भारतबाट उद्धार गऱ्यो । भूकम्प प्रभावित ती किशोरीहरूलाई यौन कार्यको लागि भारतमा बेचिएको थियो । यसैगरी उत्तरी धादिङबाट ५० भन्दा बढी बालबालिका अनधिकृत रूपमा काठमाडौं अनि पोखरा लैजाँदै गर्दा उद्धार गरियो । उद्धार गरिएका ४६ बालबालिकालाई अनाथ भन्दै काठमाडौंको एक स्कूलमा ल्याइरहेको अवस्थामा केन्द्रीय बाल कल्याण समितिले उद्धार गऱ्यो । तीमध्ये ३ बालबालिकाले मात्रै आमाबाबु गुमाएका थिए । त्यसैगरी गोरखाका ३ र सिन्धुपाल्चोकका २ बालबालिकालाई पोखराबाट उद्दार गरिएको थियो । ती बालबालिकालाई पोखरामा रहेको एक बालगृहले संरक्षणको लागि लगेको बताइएको थियो । तर त्यसको अभिलेख थिएन न त कुनै निकायबाट स्वीकृति नै लिइएको थियो ।

विपद्पश्चात् प्रहरी प्रशासनको ध्यान राहत अनि पुनर्स्थापनामा केन्द्रित रहँदा बेचबिखनमा संलग्न गिरोह सक्रिय रहन्छन् । सशस्त्र सीमा बल भारतले १० भारतीय र ५ नेपाली गरी १५ जना बेचबिखनमा सक्रिय अपराधीलाई पक्राउ गऱ्यो ।

सरकारले भूकम्प पश्चात् बालगृह स्थापनामा रोक लगाउने, अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री बनाउन रोक लगाउने साथै एक जिल्लाबाट अर्को जिल्लामा सम्बन्धित जिल्लाका अधिकारीको स्वीकृतिबिना अनधिकृत रूपमा बालबालिकालाई लैजान रोक लगाउने, जिल्लाका नाकाहरूमा प्रहरी प्रशासनलाई चुस्त बनाउने जस्ता कदमहरू चालेको छ । यी कदमहरू नेपाल सरकारले बाल बेचबिखन तथा ओसारपसारको रोकथाम गर्नका लागि चालेको सकारात्मक पहल हो । त्यसैगरी विभिन्न गैरसरकारी संस्थाहरूको तत्परतामा बेचबिखन तथा ओसारपसारविरुद्ध सचेतना तथा रोकथामका कार्यक्रम भइरहेका छन् । यसरी बालबालिका धेरै हदसम्म बेचबिखन तथा ओसारपसारबाट संरक्षित छन् भन्न सकिन्छ । यद्यपि नुवाकोट जिल्लाका एक अधिकारकर्मीका अनुसार बेचबिखन तथा ओसारपसार रोक्नका लागि स्थानीय २ जना युवतीलाई सहजकर्ताको रूपमा राखिएको थियो । पछि उनै २ युवतीलाई नेपाल - भारतको नाकाबाट उद्धार गरिएको खबरले बेचबिखनको जोखिमता उच्च रहेको कुरा प्रष्ट हुन्छ ।

नेपालले बालअधिकार महासन्धि अनुमोदन गरेको २५ वर्ष मनाइरहँदा बाल बेचबिखन तथा ओसारपसार जस्ता दण्डनीय क्रियाकलापको बृद्धि देखिनु बालअधिकार माथिकै गम्भीर

प्रश्न हो । महासन्धिको धारा ३५ मा उल्लेख भएअनुसार बालबालिकालाई जुनसुकै प्रयोजनको लागि बेचबिखन तथा ओसारपसार हुन नदिनु राज्यको दायित्व हो । यसैगरी बालबालिकालाई यौन शोषण, श्रम शोषणको लागि जुनसुकै माध्यमबाट बेच्ने, ओसारपसार गर्ने, खरिद गर्ने कार्यलाई बेचबिखन मानिने कुरा बालअधिकार महासन्धिको इच्छाधीन आलेख २ मा उल्लेख गरिएको छ। यी कार्यलाई राज्य पक्षले आन्तरिक वा अन्तर्देशीय, व्यक्तिगत वा सांगठनिक जुनसुकै किसिमको भएपनि अपराधको दायराभित्र राख्नुपर्छ। नेपालले यस इच्छाधीन आलेखलाई अनुमोदन गरेको छ। महाभूकम्प पूर्व नै मानव बेचबिखनको जोखिमता रहेको भनेर संयुक्त राज्य अमेरिकाको श्रम विभागले नेपाललाई टायर २ मा राखेको छ। भूकम्पपश्चात् धेरै व्यक्ति घरबारविहीन भएको अवस्थामा यो जोखिमता थप बढ्न सक्छ।

**बालअधिकार**

नेपालले बालअधिकारसम्बन्धी महासन्धिलाई सेप्टेम्बर १४, १९९० मा अनुमोदन गरेको हो । नेपालमा यो वर्ष यस महासन्धिको २५ वर्ष पूरा हुँदैछ। बेचबिखनले बालअधिकार महासन्धि १९८९ का निम्न धाराहरूलाई असर गर्दछ :

| धारा | अधिकार | विवरण |
|---|---|---|
| ३ | बालबालिकाको सर्वोत्तम हित | बेचबिखन तथा ओसारपसार बालबालिकाको सर्वोत्तम हित विपरित हुन्छ । बालबालिकालाई सबैभन्दा राम्रो के हुन्छ भन्ने कुरामा हरेक व्यक्ति, परिवार तथा राज्य पक्षले हेर्नु पर्दछ। |
| ६ | सबै बालबालिकालाई स्वस्थ भई बाँच्ने र आफ्नो विकास गर्न पाउने अधिकार छ। | बालबालिकालाई उचित खानपिन, रहनसहन, शिक्षा दिक्षा र व्यक्तित्व विकासको अधिकार छ। तर बेचबिखनले यी अधिकारलाई कुण्ठित गर्दछ। विकासको साटो दासता उन्मुख बनाउँछ। |
| ९ | परिवारसँग बस्न पाउने अधिकार | बेचबिखनले बालबालिकालाई परिवारसँग अलग्याई भिन्न वातावरणमा पुऱ्याउँछ। परिवारसँग बस्ने, आफ्नो समुदायमा सामाजिकीकरण हुने अधिकारलाई कुण्ठित गर्दछ। |
| ११ | अवैध स्थानान्तरण विरूद्धको अधिकार तथा अवैध स्थानान्तरणपश्चात् देशमा फर्कन पाउने अधिकार | बेचबिखनमा परिसकेपछि आफ्नो समुदायमा फर्कन सक्ने वातावरण सहज हुँदैन। बालबालिकालाई आफ्नै मुलुक, समुदायमा हुर्कन पाउने अधिकार छ। |
| १२ | बालबालिकाको विचार व्यक्त गर्ने र त्यसको सम्मान पाउने अधिकार | बालबालिकासँग सम्बन्धित कुनै पनि निर्णय हुँदा उनीहरूको विचारलाई आत्मसात गर्नुपर्दछ। उनीहरूको विचार तथा इच्छा विपरितका कार्य गर्नु बालबालिकाको अधिकारको हनन् हो। बेचबिखन तथा ओसारपसारमा बालबालिकाका विचारहरूको ठाडो उपेक्षा गरिन्छ। उनीहरूका विचारहरूको सम्मान हुने कुनै गुञ्जाइस हुँदैन। |
| १९ | सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षणको अधिकार | बेचबिखन तथा ओसारपसार आफैंमा बालबालिकाविरुद्ध हुने हिंसा अनि शोषण हो । बालबालिकाले हरेक किसिमको हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण गर्नु राज्यको जिम्मेवारी हो। |
| ३२ | बालश्रमबाट संरक्षणको अधिकार | बेचबिखन प्रायः श्रम शोषणको लागि हुने गर्दछ। बालबालिकालाई कुनै पनि आर्थिक गतिविधि वा श्रममा संलग्न गराउनु हुँदैन । यसबाट संरक्षण पाउनु उनीहरूको अधिकार हो। |
| ३४ | यौन शोषणबाट संरक्षण पाउने अधिकार | बेचबिखनको अर्को अभिप्राय यौन शोषणको लागि हुने गर्दछ। बालबालिकालाई जुनसुकै किसिमको यौन दुर्व्यवहार तथा शोषणबाट संरक्षण पाउने अधिकार छ। उनीहरूलाई संरक्षण गर्नु हरेक व्यक्ति, राज्य पक्षको जिम्मेवारी हो। |
| ३५ | बेचबिखन र अपहरणबाट जोगिन पाउने अधिकार | बालबालिकाको बेचबिखन तथा अपहरणबाट संरक्षण पाउने अधिकार छ । उनीहरूलाई आधुनिक दासताको लागि बेचबिखन गर्ने, ओसारपसार गर्ने, आर्थिक राजनीतिक प्रयोजनका लागि अपहरण गर्ने जस्ता गतिविधि बालअधिकार उल्लंघनका साथै आपराधिक गतिविधि हुन्। यसबाट जोगिनु बालबालिकाको अधिकार हो। |

### मस्यौदा संविधान

नेपालको संविधानको मस्यौदामा शोषणविरुद्धको हक धारा ३४ को उपधारा (३) मा मानिसलाई बेचबिखन गर्ने, दास वा बाँधा बनाउने कार्यलाई आपराधिक क्रियाकलाप अन्तर्गत दण्डनीय हुने कुरा उल्लेख भएको छ । त्यसैगरी संविधानको मस्यौदाको धारा ४४ को उपधारा (५) ले कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था गरेको छ। त्यस्तो कार्य भएमा उपधारा १० मा उल्लेख भए अनुसार दण्डनीय हुन्छ र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। तर पीडितलाई पीडकबाट भन्दा पनि राज्य पक्षबाट क्षतिपूर्ति पाउने हक हुनुपर्छ, जुन कुरा पालेरमो प्रोटोकलमा पनि उल्लेख गरिएको छ ।

पालेरमो प्रोटोकल बेचबिखनको रोकथाम, संरक्षण तथा कारबाहीसम्मको समग्र प्रक्रियालाई विश्वव्यापी रूपमा साझा संयन्त्रको रूपमा संयुक्त राष्ट्रसंघले सन् २००० मा पारित गरेको हो । नेपालले पालेरमो प्रोटोकल अनुमोदन गरेको छैन । नेपालमा मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ अनुसार मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना, बेश्यावृत्तिमा लगाउनेलाई १० वर्षदेखि १५ वर्ष कैद र ५० हजार देखि १ लाख रूपैयाँसम्म जरिवाना हुन्छ। प्रचलित कानुनबमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र २ देखि ५ लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

### सुझाव

- संयुक्त राष्ट्रसंघको पालेरमो प्रोटोकललाई अनुमोदन गर्ने ।
- अन्तर्देशीय प्रतिबद्धताअनुसार नाकाहरूमा थप सर्तकता अपनाउने ।
- हरेक जिल्लाका नाकाहरूमा प्रहरी प्रशासनको उपस्थितिमा चेक पोष्ट राख्ने । हरेक सवारी साधन तथा व्यक्तिहरूमा निगरानी राख्ने ।
- माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने ।
- बेचबिखनविरुद्ध देशव्यापी सचेतनाका कार्यक्रमहरू गर्ने ।
- विस्थापित परिवार बसिरहेका शिविरहरूमा सचेतनाका साथै बेचबिखन तथा ओसारपसारसम्बन्धी अभिमुखीकरण गर्ने ।
- सामाजिक सञ्जाल, रेडियो, टेलिभिजनबाट बेचबिखनविरुद्ध सन्देश प्रवाह गर्ने ।
- भूकम्प प्रभावित क्षेत्रहरूमा बालमैत्री स्थानको स्थापना गर्ने र बेचबिखनसम्बन्धी सचेतता अपनाउने ।
- कुनै बालबालिकाले आफू असुरक्षित भएको महसुस गरेमा सामाजिक संघसंस्था, महिला स्वयंसेवी वा प्रहरीलाई खबर गर्ने । बालबालिकालाई सुरक्षित हुने उपाय सिकाउने, समस्या परेमा सहयोग पाउने निकाय, हेल्पलाइन नम्बरहरूको बारेमा जानकारी दिने ।

*लेखक सिविसका कार्यक्रम व्यवस्थापक हुनुहुन्छ ।*




# बधाई ज्ञापन

एटविनको सदस्य संस्था शक्ति समूहले फ्रान्सेली दूतावास, काठमाडौंबाट **French Republic Human Rights Award - 2015** प्राप्त गरेको तथा शक्ति समूहका अध्यक्ष सुनिता दनुवारज्यूलाई भारतमा **"World Women Leadership Congress & Award-2015"** बाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**मीना विष्ट**

*अध्यक्ष तथा समस्त एटविन परिवार*

# परिवर्तन आफुबाटै प्रारम्भ गरौं, असंभव केही छैन



टंक पन्त



देशमा संविधानसभाबाट नयाँ संविधान आइसकेको छ। संविधान बमोजिम कानुन बन्न त बाँकी नै छ, तर पनि संविधान सामाजिक, आर्थिक, राजनीतिक हिसाबले प्रगतिशील र जनमूखी छ। खासगरी लैंगिक न्यायका सन्दर्भमा विगतका संविधानहरूभन्दा २०७२ को नयाँ संविधान धेरै सकारात्मक रहेको विश्लेषण रहेको छ । देशमा नयाँ संविधान त बन्यो, तर देश अहिले पनि चेलिबेटी बेचबिखन गर्ने मुलुकको रूपमा संसारमा परिचित छ। भ्रष्टाचार र सामाजिक विभेद गर्ने मुलुकका रूपमा परिचित छ, वास्तवमा योभन्दा दुःखद पक्ष के हुन सक्छ। आज पनि अनेक किसिमले महिला बालबालिका बेचबिखनमा पर्ने गरेका छन्। बेचबिखनको स्वरुप परिवर्तन भएको छ, तर बेचबिखन बढ्दो नै छ।

गरिबी र अशिक्षाका कारण मात्र नभएर मुलुकमा राज्यले सबैलाई रोजगारी दिनेगरी कुनै पनि प्रभावकारी काम गर्न नसकेको कारण पनि नेपाली नागरिकहरू जस्तोसुकै जोखिम मोलेर खाडी मुलुकदेखि अन्य अरब मुलुकमा जान बाध्य छन । मलेशिया इजरायल, भारत लगायतका थुप्रै मुलुकहरूमा नेपाली नागरिकहरू बाधा सहेर काम गर्न बाध्य छन्। महिलाहरू त्यही क्रममा यौनशोषणदेखि विभिन्न अमानवीय प्रताडनाको शिकार भैरहेको तथ्य बाहिर आउने गर्छ, तर राज्य पटक्कै जिम्मेवार भएको देखिदैन । एकजना महिलाले भोग्ने गरेको पीडालाई सान्त्वना दिन सकिन्छ भनेर अदालतको ढोकासम्म पुऱ्याउने काम सहयोगी सस्थाहरूबाटै भैहाल्यो भने त्यो न्यायलय भन्ने निकायले समयमा न्याय दिदैन । त्यहाँ पनि सोर्सफोर्सदेखि पैसाको कारोबार हुन्छ अनि त्यो पीडामा छटपटाएकी महिलाले कुनै रकमको थैलो बुझाउन सकेकी हुदिनन्, फलस्वरुप लामो समयपश्चात् उनले न्याय होइन अन्यायको शिकार हुनपर्ने बाध्यता रहेको छ। हुन त न्यायलयमा सबै त्यो तहको हर्कत छैनन् तर ६० प्रतिशतभन्दा बढी त्यही भूमिका खेल्नेहरू नै छन्।

बेचबिखन विरुद्धको ऐन सरकारले बनाएको पनि धेरै वर्ष भैसक्यो, तर त्यसको प्रभावकारी कार्यान्वयन भएको अनुभूति आम महिलाहरूले गर्न सकेका छैनन् । अब नयाँ संविधान २०७२ को मौलिक हक र कर्तव्य अन्तर्गतको भागमा प्रत्येक महिलालाई लैगिक भेदभावबिना समान हक हुने छ भनिएको छ। सोही भागमा कुनै पनि बालबालिकालाई बाल विवाह गैरकानुनी, ओसारपसार, अपहरण गर्न, बन्धक बनाउन नपाइने गरी उल्लेख गरिएको छ। मौलिक हकमा उल्लेखित जति पनि सकारात्मक पक्ष छन्, तिनलाई कार्यान्वयमा लैजाने यही ब्युरोक्रेसी, यिनै न्यायलयदेखि अन्य जिम्मेवार संयन्त्र र तिनै सकारात्मक सोंच बनाउन नसकेका व्यक्तिहरू हुन्। त्यसैले संविधान र ऐन कानुन मात्र सकारात्मक भएर हुदैन कि कार्यान्वयन गर्ने तहमा बस्नेहरू बढी सकारात्मक हुनुपर्ने खाँचो छ । संविधानकै कुरा गर्दा नागरिकता जस्तो संबेदनशील विषयमा आम नागरिकहरूको भावनाअनुसार आउन नसकेको कुरा पनि निकै जोडका साथ उठेको छ । अधिकारको क्षेत्रमा क्रियाशील अभियन्ताहरूले उठाएका विषयहरूका बारेमा जिम्मेवार पक्ष बसेर आवश्यक परामर्श अब के गर्न सकिन्छ भन्ने कुरा समयमै टुंगो लगाउनु पर्छ । सबैले हाम्रो र राम्रो संविधानको रूपमा लिन सके मात्रै कार्यान्वयनमा लैजान सहज हुनेछ ।

अब यो संविधान बमोजिम बन्ने कानुनहरू महिलामैत्री बन्नुपर्छ, भेदभावविरुद्ध कठोर ढंगले आउनुपर्छ। अहिले भएका कानुनहरू मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, मानव बेचबिखन नियन्त्रका लागि बनेका निर्देशिकाहरू पनि व्यवहारिक र प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ। लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरण सम्बन्धी चारबर्षे राष्ट्रिय रणनीति तथा कार्ययोजना जुन रूपमा प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्थ्यो त्यो पनि भएको छैन । साथै सयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको मानव विशेष गरी महिला तथा बालबालिका बेचबिखनलाई रोक्ने, दबाउने, सजाय गर्ने आलेख, सार्क महासन्धि जस्ता बेचबिखन विरुद्धका कानुनी हतियार वास्तवमा प्रयोगमा नै राम्रोसँग आउन सकेका छैनन् । अब नयाँ संविधान आएपछि भएका ऐन कानुन, नीति योजनाहरूलाई थप व्यवस्थित बनाउदै यो मुलुकलाई महिला बालबालिका बेचबिखन रोक्न ऐतिहासिक सफलता हासिल गर्दैछ भन्ने कुरा स्थापित गर्नुपर्छ, तब आम महिला बालबालिका र आम नागरिकहरूले परिवर्तनको वास्तविक अनुभूति गर्ने छन्। त्यसका लागि राज्य, नागरिक संगठनहरू, संचार माध्यम, राजनीतिक दल, तिनका भातृ सगठनहरू र अन्य सबै पक्ष सकारात्मक भएर आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्छ। जुन जिल्लाको महिला बेचबिखनमा परुन्, त्यति बेला मेरो घरको छोरी, बहिनी, दिदी परिन् भनेर सोंच्नुपर्छ र सोही बमोजिम त्यसको रोकथामको भूमिका खेल्नुपर्छ । पहिले आफुबाट परिवर्तनको प्रारम्भ गरौं, परिवर्तन संभव छ।

*लेखक एटवीनका सल्लाहकार एवं नेपाल समाचारपत्र दैनिकका सम्पादक हुनुहुन्छ ।*

# भूकम्पपछि महिला र बालबालिकाहरूको बढ्दो ओसारपसार



अनिल अधिकारी

- वैशाख २३ गते धादिङको भूकम्प प्रभावित झार्लाङ र री' गाउँका ४६ जना बालबालिकाहरूलाई बिनाअनुमति ललितपुर ल्याउन लागेको अवस्थामा ललितपुरको निर्मल सेकेण्डरी विद्यालयका प्रतिनिधि फेला परेका थिए। विद्यालयका प्रिन्सिपल सिपोरा अधिकारी लामा सहित ५ जना घटनामा संलग्न देखिए पनि पक्राउ परेका छैनन्।
- राहत बाँड्ने बहानामा सिन्धुपाल्चोक र नुवाकोटका अस्थायी शिविरहरू पुगेका दलालले बालबालिका हेर्ने काम लगाइ दिने भन्दै ३ जना युवतीहरूलाई मुम्बई, आगरा र उत्तर प्रदेशको यौनबजारमा बेचेका छन्।
- भूकम्प प्रभावित जिल्लाका युवतीहरूलाई स्थल मार्ग हुँदै भारत लैजाने क्रम बढेपछि प्रहरीले ११ जिल्लाका १४ स्थानहरूमा चेकपोष्ट थपेको छ।

*(समाचार स्रोत: नागरिक दैनिक)*

---

नेपालमा २०७२ वैशाख १२ गते र सो उप्रान्त आएको विनाशकारी भूकम्पको आडमा आपराधिक सञ्जालहरू महिला तथा बालबालबालिकाहरूको ओसारपसारमा सक्रिय हुन थालेको माथिका केही घटनाक्रमहरूबाट स्वत: प्रष्ट हुन्छ। भूकम्पबाट प्रभावित महिलाहरूलाई दक्षिण एशियाका विभिन्न यौन बजारहरूमा ओसार्न तस्कर सञ्जाल लागि परेको बेलायतबाट प्रकाशित हुने द गार्जिएनको एक अनलाइन संस्करणमा पनि उल्लेख छ। स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले भूकम्प र मानव ओसार पसार विषयमा निरन्तर रिपोर्टिङ गर्दै आइरहेका छन्। माइती नेपालका निर्देशक विश्वराम खड्का आफ्नो संस्थाले वैशाख १२ देखि आषाढको पहिलो हप्तासम्म ३९५ जना महिला तथा बालिकाहरूलाई नेपाल भारत सीमा र नेपाल सरकारले तोकेको रणनीतिक क्षेत्रहरूबाट उद्दार गरेको बताउँछन्। ओसारपसारको घटनाले देश अछुतो छैन, सिन्धुपाल्चोक, नुवाकोट, दोलखा, रुकुम, धादिङ जहाँकहीं प्रहरीले ओसार पसार गर्न लगिएका बालबालिकाहरूको उद्धार गरेको घटना सार्वजनिक भएका छन्।

प्राकृतिक प्रकोप लगायत मानवजन्य विषम परिस्थितिहरू द्वन्द्व, गृहयुद्ध, दीर्घकालिन राजनीतिक अस्थिरताका कारण मानिसहरू आफ्नो जन्मथलो छाडी सुरक्षित स्थानतिर विस्थापित हुने वा बसाई सर्ने क्रम संसारभरि नै हुने गर्दछ। महिला र बालबालिकाहरू यस्तो परिस्थितिहरूमा बढी जोखिममा पर्दछन्।

वैशाखको भूकम्पले देशभर झण्डै ९ हजार ज्ञात अज्ञात मानिसहरूले ज्यानगुमाएका थिए। तेइस हजारभन्दा बढी घाइते भए भने लाखौं मानिस घरबारविहीन हुन पुगे। हजारौं मानिसहरू आजसम्म पनि अस्थायी शिविर र टेन्टमा कष्टप्रद तरिकाले बस्न बाध्य छन्। बृद्धबृद्धा, शारीरिक चुनौति भएका, गर्भवती र सुत्केरीहरूको अवस्था कम्ती चुनौतिपूर्ण छैन। अभिभावक र घरबारविहीन बालबालिकाहरूले भोग्नु परेको मानसिक आघातको तथ्याङ्क भनिसाध्ये छैन। रक्षा नेपालको एक जानकारी अनुसार भूकम्पले ४ लाख ४ हजार बालबालिकाहरू कुपोषणको शिकार भएका छन्, २ लाख गर्भवती प्रभावित भए। झण्डै १५ लाख बालबालिकाहरूलाई यथासक्य शैक्षिक सहयोगको खाँचो छ र ५ लाखभन्दा बढी घरवारविहीन भएका छन्। यस्तो विषम परिस्थितिमा संगठित अपराधक: गिरोहहरू कलिला युवती, महिला एवं बालबालिकाहरूलाई ललाई फकाई देशभित्रै एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउन सक्रिय छन्, रोजगारीको आश्वासन एवं प्रलोभन दिई देश बाहिर ओसारपसार र बिक्री गर्न संलग्न भएको भेटिएको छ।

प्रभावित द गार्जिएनसँग शक्ति समूहकी निर्देशक सुनिता दनुवारले आफ्नो अनुभव यसरी पोखिन्, 'यस्तै समयमा हो उद्धारका नाममा मानव बेचबिखनका दलालहरू महिलाहरूलाई प्रलोभनमा पार्न सक्रिय हुन्छन्। हामीले नयाँ आगन्तुकहरूसँग सावधान रहन समुदायका मानिसहरूलाई सचेत गराउँदै आइरहेका छौं।'

देशमा नयाँ संविधान स्थापित भइसकेको छ । भूकम्पबाट तहसनहस संरचनाहरूको पुनर्निर्माण हुन अझै बाँकी छ । भूकम्प प्रभावितहरूको स्थायी बसोबास, सुरक्षा र जीविकोपार्जनको अवस्थाप्रति राज्यको ध्यान गएको छैन । भविष्यका कर्णधार अवोध बालबालिकाहरूको शैक्षिक अवस्था लथालिङ्ग छ । राजनीतिक अस्थिरताले देशलाई आजको मितिसम्म नराम्ररी गाँजेको छ। सुरक्षाको प्रत्याभूति हुन सकेको छैन । भूकम्पका कारण हजारौं मानिसहरूको रोजगारी प्रभावित बनेको छ। पर्यटन, मनोरञ्जन क्षेत्रहरूमा काम गर्ने महिलाहरूको रोजगारी प्रत्यक्ष प्रभावित भएको छ । यस्तोमा मानिसहरू सुरक्षित बसोबास र रोजगारीका





लागि एक स्थानबाट अर्कोतिर हिंडडुल गर्नु सामान्य हो । खासगरी महिला, बालबालिकाहरूको हिंडडुल, आवागमन, बसाईं सराई सुरक्षित हुनु अत्यन्त जरुरी छ र राज्यबाट मानिसको हिंडडुलको अधिकार संरक्षण हुनुपर्दछ । यस्तै अस्थिर र जोखिमपूर्ण अवस्थामा मानव तस्करहरू मौलाउने विश्वव्यापी प्रवत्ति नेपालमा पनि देखिइसकेको छ । मानव बेचबिखनविरूद्ध क्रियाशिल एवं मानवअधिकार संरक्षणकर्मी व्यक्ति, सरकारी तथा गैरसरकारी निकायहरू एकजुट भई सुरक्षित बसाइसराईसम्बन्धी नीतिको निर्माण एवं कार्यान्वयन हुनु जरूरी भइसकेको छ ।

*लेखक टेका समूह नेपालका अध्यक्ष एवं स्वतन्त्र पत्रकार हुनुहुन्छ ।*


"संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराधविरूद्धको महासन्धि अन्तर्गतको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (आलेख) लाई अविलम्ब अनुमोदन गरियोस् ।"

**एटविन**

# अन्तरवार्ता:
# राधिका अर्याल




## प्राकृतिक प्रकोपबाट महिला तथा बालबालिकाहरू बढी जोखिममा पर्दछन्

मानव बेचबिखन तथा ओसारपसारको विरुद्धमा क्रियाशील विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूका क्रियाकलापहरूलाई समन्वय गर्ने प्रमुख निकायको रूपमा गठित "मानव बेचबिखनविरुद्ध राष्ट्रिय समिति" गठनको सन्दर्भ, यसका काम कार्बाही र यस समितिले हालसम्म हासिल गरेका उपलब्धीका सम्बन्धमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका सदस्य सचिव श्री राधिका अर्यालसँग ओसारपसारले गरेको कुराकानीको प्रमुख अंश:



**मानव बेचबिखन विरुद्धको राष्ट्रिय समिति गठन किन र कसरी गरिएको हो ?**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको कसुर नियन्त्रण गर्न तथा पीडितलाई पुनर्स्थापना गर्ने कार्यको लागि सरकारी निकाय तथा गैरसरकारी संस्था बिच समन्वय समेत गर्नको लागि राष्ट्रिय समिति गठन गरिएको हो। यस समितिमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव अध्यक्ष रहने व्यवस्था छ भने सहसचिव- श्रम, गृह, परराष्ट्र मन्त्रालय, सहन्यायाधिवक्ता, प्रहरी नायव महानिरीक्षक, मानव बेचबिखन तथा ओसार पसार विरुद्धको क्षेत्रमा कार्यरत सबै संस्था, मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरूको समेत प्रतिनिधित्व हुने व्यवस्था छ।

**महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियानमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय फोकल मिनिस्ट्रीको रूपमा रहँदै आएको छ। बेचबिखन विरुद्धको अभियान देशव्यापी छ। गाउँ-गाउँदेखि राष्ट्रिय स्तरसम्म सरोकारवालाहरू सक्रिय छन्। सबैलाई समेटेर लान कति सहज छ ? कति कठिन छ ?**

मानव बेचबिखन तथा ओसारपसारको क्षेत्र तथा आयाम दिन प्रतिदिन नयाँ र जटिल बन्दै गएको छ। यो कार्यलाई नियन्त्रण गर्नको लागि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको एक्लो प्रयासले सम्भव छैन। यसमा सरकारी, गैरसरकारी, नागरिक समाज तथा विकासका साझेदार संस्थाहरूको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। मन्त्रालयले अन्य सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज लगायत सम्बद्ध सबै निकायहरूसँग समन्वय र सहकार्य गरी कार्य गर्दै आएको छ र सम्बद्ध निकायबाट आशातित रूपमा सहयोग पनि प्राप्त भएको छ।

**मानव बेचबिखन न्यूनीकरणका लागि सरकारका थुप्रै निकायहरू संलग्न छन्। यिनीहरूमा तालमेल र समन्वय कति छ ? चुनौती कति छन् ?**

मानव बेचबिखन तथा ओसारपसारको क्षेत्रमा संलग्न सरकारी निकायहरू बिच विद्यमान ऐन नियमले नै समन्वयको संयन्त्र स्थापित गरेको छ। त्यसैले समन्वय गर्नको लागि समस्या छैन, तर यस मन्त्रालयको मुख्य प्राथमिकताको क्षेत्रमा रहेको मानव बेचबिखन तथा ओसारपसार अन्य सरकारी निकायको कम प्राथमिकतामा परेको चाहीं यथार्थ हो। त्यसैले यस विषयमा सबैको मुख्य प्राथमिकता र देशकै राष्ट्रिय मुद्दाको रूपमा अगाडि ल्याउन ठूलो चुनौती देखिएको छ। त्यसैगरी मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्राथमिकताहरूको संरक्षण गर्ने सन्दर्भमा गर्ने उद्धार, राहत, कानुनी सहायता, सामाजिकीकरणदेखि पारिवारिक पुनर्स्थापना सम्मका कार्यहरू गर्ने फरक फरक भएकोले पर्याप्त मात्रामा समन्वय हुन सकेको छैन, जसले गर्दा पीडितले ढिलो न्याय पाएको अवस्था छ।

**हिजोभन्दा आज बेचबिखनको रूप फेरिएको छ । यो संगठित र विश्वव्यापी बन्दै गइरहेको छ । आन्तरिक बेचबिखन बढ्दै छ । तपाईहरूको के ठम्याई छ ? यसलाई अनुगमन गर्न के कस्ता सरकारी संयन्त्रहरू बनेका छन् ?**

तपाईको प्रश्न एकदमै सान्दर्भिक छ । विगतमा ग्रामीण क्षेत्रबाट अशिक्षित, गरीब र सीमान्तकृत समुदायका महिलाहरूलाई भारतका केही ठूला शहरहरूमा वेश्यावृत्तिको लागि बेचिने गरिन्थ्यो भने अहिले श्रम शोषण, बधुँवा श्रम, जबर्जस्ती श्रम, मनोरञ्जनका क्षेत्रमा महिला, पुरुष, किशोरकिशोरी तथा बालबालिकाहरूलाई विश्वका जुनसुकै देशमा प्रयोग गरिन थालिएको छ । त्यसैले सरकारको लागि यो विषय अत्यन्तै चुनौतीपूर्ण भएको छ ।

**महिलाको हक र अधिकारलाई सम्बोधन गर्न थुप्रै कानुनहरू बनेका छन्, तर कार्यान्वयन पक्ष मौन भन्ने जनगुनासो व्यापक छ । यस्तो किन भएको होला ?**

नेपालमा महिलाको क्षेत्रमा बनेका कानुनहरूको कार्यान्वयनमा मात्र कमजोरी देखिएको छैन, प्रायः सबै जस्तो कानुनको कार्यान्वयनको अवस्था समान छ । महिलाको क्षेत्रमा भन्नुपर्दा यसमा काम गर्ने जनशक्तिको संवेदनशीलता कम छ, पर्याप्त मात्रामा स्रोत र साधन, (जनशक्ति, भौतिक, प्राविधिक, वित्तीय आदि) छैन । त्यसैगरी महिलाका विषयहरूको वुझाईमा पनि एकरुपता छैन भने केही क्षेत्रमा विज्ञताको पनि कमी देखिएको छ ।



**अन्तरदेशीय (क्रस बोर्डर) बेचबिखन विरुद्ध मन्त्रालयले के के काम गर्दै आइरहेको छ ?**

अन्तरदेशीय बेचबिखनको सम्बन्धमा भएका व्यवस्थाका सम्बन्धमा महिला तथा बालबालिका बेचबिखन रोकथाम तथा नियन्त्रण सम्बन्धी सार्क स्तरको महासन्धिमा हस्ताक्षर गरेको छ । भारतको दुतावास तथा महावाणिज्य दुतावासबाट मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूको उद्धार, पुनर्स्थापनाको कार्य भैइरहेको छ । वैदेशिक रोजगारीको क्रममा हुनसक्ने बेचबिखनको जोखिमबारे सजग गराउन सुरक्षित आप्रवासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । विदेश स्थित केही राजदुतावासहरूमा सुरक्षित आवास गृहको स्थापना गरिएका छन् ।

**आन्तरिक बेचबिखनको समस्या दिनानुदिन बढ्दै छ । यसको न्यूनीकरणका लागि मन्त्रालयले के के प्रयासहरू गरिरहेको छ ?**

आन्तरिक बेचबिखन नियन्त्रणका लागि पनि मन्त्रालय र यस अन्तर्गतका कार्यालयहरू मार्फत् ठूला सहरी जिल्लाहरूमा कार्यक्रमहरू लगिएको छ भने जिल्लाहरूमा स्थानीय समिति मार्फत् मानव बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनिकरण र सुरक्षित आप्रवासनका लागि निरोधका कार्यक्रमहरू विस्तार गरिएको छ ।

**हाल बालबालिका एवं महिला पुनर्स्थापना गृहहरूको विद्यमान अवस्था कस्तो रहेको छ ?**

झापा, रुपन्देही, पर्सा, चितवन, सिन्धुपाल्चोक, काठमाडौं, नेपालगंज र कैलालीमा पुनर्स्थापना गृह स्थानीय गैरसरकारी संस्थासँगको सहकार्यमा संचालनमा रहेको छ । आ.व. २०७०/७१ जम्मा ७४० जना प्रभावितहरूलाई पुनर्स्थापना गृहबाट विभिन्न प्रकारका सेवा प्रदान गरिएको थियो भने आ.व. २०७१/०७२ मा ९३० जनालाई सेवा प्रदान गरिएको छ ।

**नेपालमा विनाशकारी भूकम्पपश्चात् मानव बेचबिखन र ओसारपसारको अवस्था कस्तो छ ?**

भूकम्प मात्र नभै कुनै पनि प्राकृतिक प्रकोपबाट सदैव महिला तथा बालबालिकाहरू नै बढी जोखिममा पर्ने गर्दछन् । नेपालमा पनि २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चात् गएका पराकम्पनले सृजना गरेको विस्थापन र घरबारविहीनताको परिस्थितिले पक्कै पनि मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढाएको छ । तर भूकम्पपश्चात् सरकारी तथा गैरसरकारी निकायहरूले अपनाएको उच्च सतर्कताले मानव बेचबिखन तथा ओसारपसार हुनबाट जोगाउन सफल भएका उदाहरणहरू हामी माझ छ ।

**यस अवस्थालाई मध्यनजर राख्दै यसको रोकथामका लागि नेपाल सरकार र तपाईको मन्त्रालयले के कस्ता कामहरू गर्‍यो ?**

मिति २०७२/१/२७ गते निम्नलिखित निर्णय गरी सबै



जिल्ला प्रशासन कार्यालय र प्रहरी प्रशासनलाई गृह मन्त्रालय मार्फत निर्देशन दिइएको छ :

- नयाँ बालगृह संचालनका लागि स्वीकृति प्रदान नगर्ने व्यवस्था मिलाउने ।
- जिल्ला बालकल्याण समितिको अनुमतिबिना बालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्ने पर्ने अवस्था भएमा जिल्ला बाल कल्याण समितिले उचित लेखाजोखा गरेर मात्र बालबालिका स्थानान्तरण गर्न अनुमति दिने ।
- आवश्यक प्रक्रिया पूरा नगरी संचालन भए नभएको सम्बन्धमा जिल्ला बालकल्याण समितिले प्रभावकारी रूपमा अनुगमन गर्ने ।
- अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री ग्रहण गर्न दिने नयाँ प्रक्रिया ३ महिनाका लागि स्थगित गरिएका ।
- मिति २०७२/१/३० को निर्णय अनुसार प्रभावित ६ जिल्लाहरू सिन्धुपाल्चोक, काभ्रे, दोलखा, रसुवा, धादिङ र गोरखा जिल्लामा अभिभावक गुमाएका बालबालिकाहरूको संरक्षणको लागि अस्थायी आश्रयस्थल स्थापना गरिएको ।
- बालबालिकालाई सकेसम्म परिवार वा समुदायमा नै राख्ने र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत् सबै स्थानीय निकायहरूलाई जिल्लामा रहेका बालबालिकासँग सम्बन्धित महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समितिसँग समन्वय गरेर मात्र बालबालिका स्थानान्तरणका लागि सिफारिस गर्ने निर्णय गरी निर्देशन दिन मिति २०७२/२/२८ मा अनुरोध गरिएको ।
- विपद् व्यवस्थापन रणनीति अर्न्तगत संरक्षण समुहको नेतृत्व मन्त्रालयले लिई कार्य गरिरहेको ।
- सामाजिक सुरक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगताको क्षेत्रमा प्रकोप पश्चात्को आवश्यकता पहिचान गरी रिकभरी योजना तयार गरिएको ।
- मन्त्रालयको मिति २०७२/२/१० को निर्णयबाट हाल नेपाल सरकारको सहयोगमा संचालनमा रहेको पुनर्स्थापना गृहहरूको क्षेत्राधिकार विस्तार गरिएको ।

**आगामी दिनहरूमा मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि के कस्ता काम गर्न आवश्यक छ ?**

यो अपराध अत्यन्त जटिल र अस्थीर छ । प्रत्येक दिन यसको स्वरुपमा आउने परिवर्तनले मानव बेचबिखन तथा ओसार पसार अन्त्यका लागि चुनौति थपिएको छ । अबका दिनमा यस विषयमा प्रत्यक्ष सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा नीति तथा कानुनलाई प्रभावकारी कार्यान्वयनमा जानु पर्ने देखिन्छ ।

**बेचबिखनविरुद्ध लड्न मन्त्रालयसँग आगामी कार्ययोजना के कस्ता रहेका छन् ?**

यस व र्ष विभिन्न जिल्लाहरूमा गरिएको अध्यायनबाट प्राप्त नतिज को आधारमा आगामी कार्यक्रमहरू तय गरिने छ र साथै मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ तथा यसको कार्यान्वयन कार्ययोजना २०७१ले तय गरेका प्राथमिकता, तेह्रौं आवाधिक योजनाका कार्यनीतिहरूलाई सम्बोधन गर्ने गरी भावी कार्यक्रमहरू आउने छन् ।



# मकवानपुर जिल्लामा मानव बेचबिखनको अवस्था



शान्ता बराल

देशकै मध्य भागमा अवस्थित यस मकवानपुर जिल्लाको उत्तरतर्फ करिब ६६ किलोमिटर लामो महाभारत श्रृङ्खला र दक्षिणतर्फ करिब ९२ कि.मि. लामो चुरे पर्वतको काखमा मकवानपुर जिल्ला अवस्थित छ । राजधानी प्रवेशको मुख्य मार्गको रूपमा परिचित जिल्ला राजधानी काठमाडौं र ऐतिहासिक जिल्ला ललितपूरसँग सीमाबद्ध भएर रहेको छ । नेपालको पाँच विकास क्षेत्रहरू मध्ये मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत नारायणी अञ्चलको उत्तरी भागमा अवस्थित मकवानपुर जिल्ला पूर्वमा ललितपूर, काभ्रे, सिन्धुली पश्चिमतर्फ चितवन उत्तरतर्फ धादिङ, काठमाडौं र दक्षिणतर्फ बारा, पर्सा र रौतहट गरी नौ जिल्लासँग सिमाना जोडिएको छ । २४२६ वर्ग कि.मि क्षेत्रफल फैलिएर यस जिल्लामा जिल्लामा १ उप-म.न.पा. र ३५ गाविस र ४ वटा निर्वाचन क्षेत्र रहेको छ । २०६८ सालको जनगणनाअनुसार यस जिल्लाको कूल जनसंख्या ४,२०,४७७ मध्ये पुरुष ४९.१५ प्रतिशत छ भने महिला ५०.८५ प्रतिशत छ । यो जिल्ला बहुजातीय, बहुभाषिक जातजातिको फूलबारी हो ।

यहाँ तामाङ जातिको बाहुल्यता रहेको छ । जसअनुसार यस जिल्लामा ४७.८२ प्रतिशत तामाङ, १४.०९ प्रतिशत ब्राम्हण, १०.७१ प्रतिशत क्षेत्री, ६.२० प्रतिशत नेवार र बाँकी विभिन्न जातिहरूको बासोबास रहेको छ । ६६.० प्रतिशत जनसंख्या कृषि तथा वनमा आश्रित रहेका छन् भने साक्षरता प्रतिशत ६७.८५ रहेको छ । महिलाको संख्या ६०.५९ प्रतिशत र पुरुषको ७५.४१ प्रतिशत रहेको छ । यसरी तामाङ जातिको बाहुल्यता भएको यस जिल्लालाई धेरै पहिलादेखि नै मानव बेचबिखनको दृष्टिकोणले कहिले दोस्रो त कहिले तेस्रो जिल्लाको रूपमा हेरिदै आएको पाइन्छ ।

मानव बेचबिखनको अवस्था हेर्दा अझै पनि मकवानपुर जिल्ला प्रभावित जिल्लाका रूपमा नै चिनिन्छ साथै जिल्लाको बाटो भएर नेपालको अन्य जिल्लाको बालबालिका, किशोरी र महिलाहरू समेत वैदेशिक रोजगरीको नाममा र भारतका विभिन्न स्थानमा समेत बेचबिखन भएको अवस्था छ ।

वर्तमान परिप्रेक्ष्यलाई नियाल्ने हो भने विश्वको बदलिदो परिवेश, विश्वव्यापीकरण तथा खुला र उदार आर्थिक अर्थनीति, द्वन्द, हिंसा, बेरोजगारी आदिका कारण मानिसहरूको बसाईँसराई विश्वमा नै तीव्रतम गतिमा बढिरहेको छ । विश्व बजारमा हातहतियार र लागु पदार्थ पछिको तेस्रो ठूलो व्यापारको रूपमा मानब बेचबिखनलाई लिइएको छ । पहिले पहिले चेलीबेटी बेचबिखन भन्ने गरिन्थ्यो । यस्ता बेचबिखन भारतामा यौंन शोषणको लागि किशोरी र महिलाहरू बेचबिखन भएको पाइन्छ । मकवानपुर जिल्लामा यसैगरी सर्कसमा पनि धेरै बेचबिखन भएको घटनाहरू छन् । यसरी सर्कस प्रभावित धेरैलाई विभिन्न संस्थाको समन्वयमा भारतबाट फिर्ता ल्याई केही दलाललाई कार्वाही समेत भएको छ । हाल मकवानपुर जिल्लामा बसाइँसराई तथा वैदेशिक रोजगारको स्थिति दिनहुँ बढिरहेको पाइन्छ । वैदेशिक रोजगारीमा गएका युवा-युवतीमा चेतनाको कमीले गर्दा दलालहरूले अवैधानिक प्रक्रिया मार्फत् पनि वैदेशिक रोजगारको नाममा विभिन्न किसिमले शोषणमा पार्ने एवँ बेचबिखन तथा ओसारपसारमा पारेको अवस्था पाइन्छ । मानव बेचबिखन समाज तथा व्यक्ति विरुद्धको जघन्य, निकृष्ट र अमानवीय अपराध हो । समाजको आधाभन्दा बढी संख्यामा रहेका महिलामाथि अन्य प्रकारका सामाजिक अन्याय तथा महिला हिंसा, बेचबिखन जस्तो निकृष्ट अपराधबाट पनि सबभन्दा धेरै महिलाहरू नै पीडित हुने गरेका छन् । आफ्नो इच्छा विपरित गरिने यस्ता जघन्य अपराधहरूबाट सम्बन्धित व्यक्तिले आफ्नो जीवन सुरक्षा, स्वतन्त्रता, समानता र न्यायसम्बन्धी



मानव अधिकारबाट बञ्चित हुनुपर्ने अवस्था आउँछ । यस किसिमको समस्यालाई न्यूनिकरण गर्न नेपाल सरकारले मानव बेचबिखन हुने अति प्रभावित भनेर पहिचान गरेको २६ जिल्लामध्ये मकवानपुर जिल्ला पनि एक हो । मकवानपुर जिविसले पनि झण्डै ६ वर्ष अगाडि तयार गरेको जिल्लाको प्रोफाइल हेर्दा मकवानपुरका १३ गाविस चाहिं मानव बेचबिखनको दृष्टिकोणले अति प्रभावित गाविस भनेर छूटयाइएको देखिन्छ । तर यस जिल्लाका हाल ३५ वटै गाविस र १ हेटौंडा उपमहानगरपालीका र एक पालुङ्ग नगरपालीका मध्ये कुनैमा कम र कुनै गाविसमा वढिवेच विखनका घटनाहरू छन् । पहिला देखि नै मानव बेचबिखनको जिल्ला भन्ने बित्तिकै मकवानपुरको पनि नाम आइहाल्छ । अहिले पनि यस जिल्लामा बेचबिखनको घटना भइरहेको छ । यसरी मकवानपुरको मानव बेचबिखनको अवस्था हेर्दा २०११ देखि २०१५ जून सम्ममा १२ वाटा मानव बेचबिखनको मुद्दा दर्ता भएको छ । त्यसमध्ये वैदेशिक रोजगारीको सिलसिलामा बेचबिखनमा परेकाहरूको एउटा मुद्दा दर्ता भएको छ । तर मुद्दा दर्ता भई दलालले सजाय पाए पनि प्रभावित भने क्षतिपूर्ति नपाउँदा मुद्दा फितलो भएको पाइन्छ । मकवानपुर जिल्लालाई गन्तव्य र उद्धगम स्थल पनि मान्न सकिन्छ । यस जिल्लाबाट ७ देखि १०वर्षको ईतिहासलाई हेर्दा ६ वर्षदेखि १० वर्षका बालबालिकाहरूलाई आफ्नै आफन्तहरू बाबू आमा, दिदि दाजु र आफै प्रभाव र प्रलोभनमा पारेर दलालहरूले अति नै धेरै सर्कसमा लैजाने गरेको पाइन्थ्यो । आफ्नाहरूवाट नै अन्य तरिकाले भारतका कोठीहरूमा पनि मकवानपुरका धेरै चेलीबेटी पुगेको तथ्यांङ्क पाइन्छ । २२/२३ वर्ष कोठीमा बसेर रोग लागेपछि कोठीबाट निकालीदिएपछि संघ-संस्थाको सहयोग र व्याक्तिगत पहल बाट पनि जिल्ला फर्केर, प्रभावितले आफ्नै श्रीमान् आफन्तहरूलाई समेत सजाय दिन सफल भएका छन् । यसैगरी ६-७ वर्षमा सर्कसमा पुगेकाहरू २३-२४ वर्ष उमेर पुगेर संस्थाको पहलमा फर्काउन सफल भएका छौं । हाल यस जिल्लामा संस्थाहरूको सचेतना सशक्तिकरण कार्यक्रमको प्रभावले सर्कसमा जाने क्रम घटेको छ । समुदाय सचेत भए र सर्कसमा पनि बेचबिखन नहुँदोरहेछ भन्ने कुरा बुझेर अब सर्कसमा आफ्ना बालबालिकालाई पठाउन छोडेका छन् । दलालका संजालले बेचबिखनको तौरतरिकाहरू फरक अपनाउने गरेका छन् । बेचबिखन अझै पनि विभिन्न वैदेशिक रोजगारीको नाममा र अन्य पेशाको नाममा भएको पाइन्छ । असुरक्षित वैदेशिक रोजगारीका दलालले कम पैसमा पठाइदिने त्यहाँ उनीहरूलाई श्रमशोषण, यौन शोषण जस्ता काम लगाउने र उचित पारिश्रमिक नदिने, बेपत्ता बनाउने गरेको यस जिल्लाका धेरै घटना छन् । यसमध्ये केहीलाई नारी सिप सृजना केन्द्र, माइती नेपाल, मानव बेचबिखन विरुद्धको जिल्ला संजालको समन्वयमा उद्धार समेत गरेको छ । वैदेशिक रोजगारीको नाममा झुक्याएर आन्तरीक बेचबिखन समेत भएको अवस्था छ । असुरक्षित वैदेशिक रोजगारी नजाउन्, सुरक्षित बाटो अपनाउन सकुन् भनेर संस्थाहरू तथा जिल्ला संजाल र मकवानपुर जिल्ला प्रशासन कार्यालयकोसमन्वयमा परामर्श डेस्कको स्थापना गरी वैदेशिक रोजगारीमा जान पासपोर्ट बनाउन आउने महिलाहरूलाई सूचना दिने गरिएको छ । जस अनुसार २०१४ मा २१८१ जना र २०१५ को अगस्ट सम्म १८७३..जना महिलाहरूलाई सुरक्षित वैदेशिक रोजगारीबारे सूचना प्रदान गरिएको थियो । यसरी सूचना दिदा धेरै महिलाहरू सुरक्षित भएका छन् र दलालहरूबाट बच्न सफल भएका छन् ।



अन्धविश्वास र कुसंस्कारका कारण र कानुनको समेत प्रभावकारी कार्यान्वयनको अभावमा अपराधहरू झनै बृद्धि भैरहेको अनुभव सर्वसाधारणले समेत गरिरहेका छन् । यस्ता अपराधिक गतिविधिहरूका कारणले पनि मानव बेचबिखन हुने गरेको पाइन्छ, साथै विभिन्न अन्य कारण पनि छन् । हालसालै गएको विनाशकारी भूकम्प, देशमा विद्यमान लैङ्गिक असमानता, जातीय, क्षेत्रीय विभेद, स्रोत र साधनको असमान वितरण, गरिबी, बेरोजगारी, अशिक्षाको कारणले देशमा द्वन्दको विकास हुँदै गयो । हालसालै गएको विनाशकारी भूकम्पका कारण देशमा ठूलो संकटको अवस्थामा महिला, किशोरी र बालबालिकाहरू नै बेचबिखनको चपेटामा परेका छन् । मकवानपुरका ५ जना लाई दलालहरूले कामको प्रलोभनमा पारेर भारत लैजादैगरेको अवस्थामा विभिन्न नाकाबाट संस्थाहरूको

सहयोगमा फर्काउन सकिएको र सिन्धुपाल्चोकका नौ जना किशोरीहरूलाई कामको प्रलोभनमा पारी भारत लग्दै गर्दा संस्थाहरूको सहयोगमा हेटौंडा बसपार्कबाट फर्काई मकवानपुर जिल्ला प्रहरी कार्यालयमा मूद्दा दर्ता समेत गरेकोछ, तर दलाल चाहिं फरार छ । हाल नौ जनै किशोरीहरूलाई परिवारमा नै पुर्नस्थापना गरिसकिएको छ । यसरी भूकम्पपछि धेरै बेचबिखनका घटनाहरू देखा पर्न थालेका छन् ।

यसैगरी रेष्टुरेण्ट, होटल, गलैंचा र घरेलु कामदारको बहानामा समेत यस जिल्लाका किशोर किशाोरीहरू र बालबालिकाहरू समेत बेचिएका छन् । यसरी विभिन्न प्रयोजनका कारण बेचबिखनमा परेको महिलाहरू बालवालिकाहरूको अधिकार हनन भएको छ । अझ महिलाको अवस्था हेर्ने हो भने समाजमा आधा हिस्सा ओगटेका महिलाहरू आज पनि आर्थिक स्वामित्व तथा शिक्षा पाउन र प्रजनन् अधिकारबाट बञ्चितिकरणमा परेको छन् । उनीहरूका यस्ता अधिकार हनन् हुनाले पनि महिलाहरू बेचबिखनमा परेको पाइन्छ ।

**बेचबिखन न्यूनिकरणको लागि गरिनुपर्ने उपाय :**

बेराजगारीका क्रममा बेचबिखन परेका र पर्नसक्नेहरूको लागि सचेतना र जीविकोपार्जन सम्बन्धित क्रार्यक्रम संचालन गर्नु पर्ने । बेचबिखन प्रभावितहरूको अधिकार सुनिश्चतताको लागि र समुदाय सचेत गराउन र सरकार पनि यस सवालमा सम्बेदनशील हुन जरुरी छ। त्यसैले मानव बेचबिखनमा परेको प्रभावित र वैदेशिक कार्यक्रम संचालन गर्न अति जरुरी देखिन्छ। यसैगरी मानव बेचबिखन विरुद्धका राष्ट्रिय समिति जिल्ला समिति र गाउँ समिति समेतलाई सक्रिय बनाउन जरुरी छ। जसको सवाल उसकै नेतृत्वमा जोड दिनुपर्दछ। सेवा प्रदायकहरूलाई पनि सुरक्षित वैदेशिक रोजगारीका नीति नियम र मानव बेचबिखनसम्बन्धी अभिमूखिकरण गर्नु पर्ने । मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यन्वयनको लागि सरकार र संघ-संस्था लाग्नु पर्दछ । बेचबिखनबाट प्रभावितलाई क्षतिपूर्ति राज्यको कोषबाट प्रदान गरी दलालसँग राज्यले असुलउपर गर्दा प्रभावकारी हुन्छ। जसले गर्दा प्रभावितको आत्मबल बढ्दछ, र मूद्दा होस्टायल हुँदैन। यस जिल्लाका मानव बेचबिखनका तथ्याङ्क संकलन गर्न जरुरी छ । धेरे पहिलाको तथ्याङ्क नै प्रयोग गरिरहेको अवस्था छ । त्यसले तथ्यपरक भएर कार्य गर्दा प्रभावकारी हुन्छ रं मानव बेचबिखनलाई न्यूनिकरण गर्न सहज हुन्छ। मानव बेचबिखन जस्तो निष्कृष्ट अपराध न्यूनिकरण तथा अन्त्य गर्न कुनै एक पक्षको प्रयासले संभव छैन, यसको लागि राज्य, नागरिक समाज र संघ संस्था सबै एक जुट भएर लाग्न जरुरी छ।

*लेखिका नारी सिप सृजना केन्द्र,*
*मकवानपुरकी कार्यकारी निर्देशक हुनुहुन्छ ।*




# बधाई ज्ञापन



एटविनका सदस्य संस्था महिलाको निम्ति महिला मञ्च नेपालकी संस्थापक तथा वर्तमान अध्यक्ष **गोमावती पुन (सिर्जना)** ज्यूलाई अर्न्तराष्ट्रिय युवा दिवस, २०७२ को उपलक्ष्यमा युवा तथा खेलकुद मन्त्रालयबाट 'राष्ट्रिय युवा प्रतिभा सम्मान २०७२' बाट सम्मानित हुनु भएका हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**मीना विष्ट**

*अध्यक्ष तथा समस्त एटविन परिवार*

# महाभूकम्प र त्यसले मानव बेचबिखनमा पारेको प्रभाव



शान्ता खनाल

घटना अध्ययन

हालै देशमा गएको बिनाशकारी महाभूकम्पका कारण लाखौं मानिसहरू घरबारविहीन हुन पुगेकाछन्, कयौं मानिसहरूको आफ्नो बासस्थान भग्नावशेषमा परिणत हुन पुगेको छ भने कयौं मानिसका घरहरू क्षतिग्रस्त भएर बस्नै नमिल्ने अव्रस्थामा पुगेकाछन् । कतिपय घरहरू भने सुरक्षित नै भएपनि बारम्बार आइरहने भूकम्पका सानातिना धक्काका कारण मानसिक त्रास सृजना भई घरभित्र पस्न र बस्न सक्ने अवस्था छैन । यस्तो परिस्थतिमा लाखौं मानिसहरू घरभन्दा बाहिर कतै खुल्ला र सुरक्षित ठाउँमा पाल तथा शिविरहरूमा बसेर कष्टकर जीवन जिउन बाध्य छन् । यसरी पाल तथा शिविरभित्र घाम पानी झरी हुरी सहँदै तथा मौसमी रोगब्याधीहरूसँग जुध्दै कष्टपूर्ण जीवन जिउँदा पीडितहरूको जीवन दुःखदायी बन्दै गइरहेको अवस्था छ ।

सरकारी तथ्याङ्क अनुसार बिनाशकारी महाभूकम्पमा मर्नेहरूको संख्या ८,७५९ भन्दा बढी रहेको छ भने घाइतेको संख्या २२,३१० रहेको छ । जसमा महिला तथा बालबालिका को संख्या ७० प्रतिशत रहेको छ । त्यसैगरी १८० व्यक्तिहरू अझै हराइरहेका छन्, जसमा १४१ नेपाली तथा ३९ जना विदेशी नागरिक रहेका छन् । महाभूकम्पबाट अति प्रभावित १४ जिल्ला समेत गरी आंशिक तथा पूर्ण रूपमा क्षतिग्रस्त घरहरूको संख्या ८ लाख रहेको छ भने महाभूकम्पका कारण रोजगारी गुमाउनेको संख्या ५ लाख आँकलन गरिएको छ ।

महाभूकम्पका कारण आफ्नो घरबास गुमाई विस्थापित भएकाहरूको उचित व्यवस्थापन समयमै हुन नसक्दा अझै पनि ठूलो संख्याका पीडितहरू पाल तथा शिविरमै आफ्नो गुजारा चलाइरहेको अवस्था छ । यसरी यति लामो समयसम्म पालभित्र शारीरिक, मानसिक, आर्थिक आदि जस्ता विभिन्न समस्याहरूको सामना गर्दै कष्टकर जीवन जिउनु पर्दा पीडितहरूको जीवन दुःखदायी र पीडामय बन्दै गइरहेको छ । साथै यो विषम परिस्थितीले पीडितहरूलाई अझै नैराष्यता समेत थपिदिएको छ । यो परिस्थितिको सबभन्दा ठूलो मारमा महिला तथा बालबालिका नै पर्नेगरेका छन् । घर भत्किँदा घरमा भएको अन्नपात लगायतका खाद्य सामग्री तथा लगाउने लत्ता कपडाहरू घरभित्रै पुरिँदा र भएको रोजगारीको माध्यम पनि गुम्न जाँदा राहत सामग्रीको भरमा मात्र घर परिवार चलाउन चुनौतिपूर्ण बन्दै गइरहेको छ । परिवारमा बालबालिकाको लालनपालन, शिक्षा दीक्षाको जिम्मेवारी र अव्यवस्थित जीवनयापनबाट अभिभावकमा पनि तनावको स्थिति सृजना भएको देखिएको छ । साथै मानसिक बिचलन पनि बढ्दो अवस्थामा रहेको छ । त्यसैगरी विद्यालय भवनहरू भत्किँदा शिबिर तथा पालमा बसेका बालबालिकाहरू विद्यालय जानबाट पनि बञ्चित भएका छन् । भूकम्पका कारण भत्किएका विद्यालय भवनहरू पुनर्निर्माण नहुँदा र नयाँ सिकाई केन्द्रहरू पनि समयमै बन्न नसक्दा पालभित्रका हजारौं बालबालिकाहरू विद्यालय पनि जान पाएका छैनन् । अझै पनि प्रभावित जिल्लाका कतिपय विद्यार्थीहरू फेरि भूइँचालो आउँछ भनेर विद्यालय जान नमानेको कुरा तिनीहरूका अभिभावकले पनि भन्ने गरेका छन् । सिकाई केन्द्र समयमै बन्न नसक्दा र फेरि भूइँचालो आउने त्रासका कारण सिन्धुपाल्चोकमा मात्र ३२ प्रतिशत विद्यार्थीहरू अझै पनि विद्यालय भन्दा बाहिरै रहेको अवस्था छ ।

यही मौकाको फाइदा लिंदैं भूकम्पबाट पीडित तथा प्रभावितका लागि विभिन्न किसिमका आश्वासन तथा सहानुभूति दिन तथा राहतका कायक्रमहरू लिएर विभिन्न संघसंस्था तथा व्यक्तिहरू प्रभावित जिल्लामा पुग्ने गरेका छन् । यसरी प्रभावित जिल्लामा पुग्नेहरूबाट राहत तथा सहयोगको काम मात्र नभई महिला तथा बालबालिकाहरूको ओसारपसार तथा बेचबिखनसम्म हुनसक्ने खतरा पनि छँदैछ । उमेर पुगेका महिला तथा किशोरीहरूलाई राम्रो जागिर तथा सुरक्षित आवास र बालबालिकाहरूलाई बालगृहमा राखेर शिक्षा तथा खानपानको व्यवस्था मिलाईदिने आश्वासन दिना साथै अभिभावकहरू तथा पीडाले आक्रान्त जोकोही पनि त्यसमा विश्वस्त भइहाल्ने अवस्था छ । भूकम्प पछिको अवस्थामा बालबालिकाको अवैध ओसारपसारको अवस्थामा उल्लेख्य बृद्धि हुनुमा यही प्रमुख कारणको रूपमा रहेको छ । त्यसैगरी भूकम्पको मारमा परेका महिला तथा किशोरीहरू पनि चाँडै नै ओसारपसार तथा बेचबिखनमा पर्न सक्ने सम्भावना बढेर गएको छ । भूकम्पका कारण विभिन्न

आश्रय स्थल तथा आफ्नै घरभित्र पनि जोखिम मोलेर बस्न बाध्य उनीहरूमा चाँडै नै त्यो अवस्थाबाट बाहिर निस्कने र व्यवस्थित जीवन जिउने तथा घरपरिवारको लागि आयआर्जनको लागि केही गर्ने चाहनाले गर्दा अवसरको खोजीमा रहेका उनीहरू जस्तोसुकै जोखिम मोल्न पनि पछि पर्दैनन् । उनीहरू आफैं नै विदेश पठाइदिने एजेण्टको खोजीमा रहने गरेको समेत खुल्न आएको छ । व्यवस्थित जीवनको लागि उचित विकल्पको खोजीमा उनीहरू गाउँबाट शहर र शहरबाट भारत तथा तेस्रो मुलुकसम्म पुगी बेचबिखनमा पर्नसक्ने खतरालाई नकार्न सकिन्न ।

भूकम्पले दिएको पीडा र त्यसपछि आइपरेका समस्याबाट अक्रान्त बनेका अभिाभावकहरूले  आफ्ना नानीहरूलाई विभिन्न बालगृहहरूमा जिम्मा लगाउने गरेको पाइएको छ । हाल संचारमाध्यममा प्रसारित भइरहेको बालबालिकाको अवैध ओसारपसारको उल्लेख्य घटनाबाट यही कुराको पुष्टि हुन्छ । भूकम्पका कारण आमा बुबा गुमाएका तथा अन्य कारणले प्रभावित तथा अलपत्र परेका बालबालिकाहरूलाई उनीहरूको संरक्षण तथा शिक्षाको लागि देशभित्रै पनि एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्दा अनिवार्य रूपमा जिल्ला बालकल्याण समितिको स्वीकृति लिनुपर्ने व्यवस्थाको बेवास्ता गर्दै विभिन्न जिल्लाहरूबाट बालबालिकाहरू स्थानान्तरण भइरहेको अवस्था छ । सामुहिक रूपमा ओसारपसारमा परेका बालबालिकाको सम्बन्धमा विभिन्न तथ्यहरू फेला परेको भएतापनि व्यक्तिगत रूपमा परेका बालबालिकाको स्थिति अझै अज्ञात नै छ । भूकम्प पछिको समयमा महिला तथा बालबालिकाको अवैध ओसारपसार बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै सरकारले विभिन्न सीमा नाकामा रहेको चेकपोष्टको संख्यालाई १३ बाट बढाएर ४० पुर्‍याएको छ । विभिन्न गैरसरकारी संस्थाहरूले पनि सीमामा आफ्नो परामर्श डेस्कको स्थापना गरी सहयोगीको भूमिका निभाइरहेको छन् । तैपनि ओसारपसारको यो क्रममा न्यूनीकरणको संकेत देखा पर्न सकेको छैन । यसरी निगरानी बढाउँदा दलाललाई कठिनाई भएपछि उनीहरूले सीमा पार गर्न अभिभावकलाई नै फकाउने गरेका छन् । दलालको उक्साहटमा लागेर आफ्ना नानीहरूलाई आफैंले सीमा पार गराई दलालको जिम्मा लगाएर आउने गरेका प्रमाणहरू पनि फेला पर्न थालेका छन् । यसबाट बास्तविक पीडकको पहिचानमा समेत कठिनाई देखापरेको छ । सीमा नाकामा निगरानी बढ्दा चोरीनाकाबाट समेत ओसारपसार हुने गरेको छ । यसबाट यो पुष्टि हुन्छ कि, यो विषम परिस्थितीमा अभिभावकहरू पनि आफ्ना सन्तानप्रतिको जिम्मेवारीबाट मुक्त हुन चाहन्छन् । अभिभावकको यो लाचारीलाई मानव बेचबिखन तथा ओसारपसारका दलालहरूले अवसरको रूपमा उपयोग गर्दै आइरहेका छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनको पछिल्लो तथ्यांक अनुसार प्रत्येक वर्ष १२ हजार नेपाली बालबालिका तथा युवतीहरूलाई गैरकानुनी रूपमा ओसारपसार गरिन्छ । राष्ट्रिय मानवअधिकार आयोगले सन २०१२-१३ को अवधिमा मात्र २९ हजार मानव बेचबिखनमा परेको तथ्यांक सार्वजनिक गरेको थियो । हालैको भूकम्प पछिको अवस्थामा यो संख्यामा अझै बढोत्तरी हुन सक्ने तथ्यलाई सहजै अनुमान गर्न सकिन्छ । हालै मात्र अमेरिकाले सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार नेपाली महिला तथा बालबालिका नेपाल भित्रै, भारत, मध्यपूर्वी मुलुक, अमेरिका, एसिया तथा अफ्रिकी मुलुकहरूमा अवैध यौन व्यवसायमा संलग्न रहेको तथा नेपाली पुरुषहरू बाध्यात्मक श्रममा फसिरहेको अवस्था छ । उनीहरू ती देशमा म्यानपावर कम्पनी, दलाल मार्फत् वा आफैं पनि भारतीय भूमि हुँदै पुग्ने गरेको तर्फ औंल्याउँदै मानव तस्कर विरुद्ध तथा बाध्यात्मक श्रम अन्त्य गर्नको लागि प्रभावकारी कदम चाल्न सुझाव समेत दिएको छ ।

भूकम्पका कारण घरहरू भत्किएर बसोबास अव्यवस्थित भैरहेको बेला भूकम्पकै कारण भत्किएको बन्दीगृहबाट भागेका तथा कानुनको पकडमा आउन नसकेका मानव ओसारपसार तथा बेचबिखनका दलालहरू पुरानै पेशामा फर्कन सक्ने सम्भावना त छँदैछ, कतिपय अपराधीहरूले त पीडित तथा तीनका आफन्तहरूलाई धम्क्याउँदै हिंडेका खबरहरू पनि आइरहेकै छन् । यो परिस्थितिमा पीडित तथा तिनका परिवारले आफुहरूलाई असुरक्षित महशुस गर्न थालेका छन् ।

मानब बेचबिखन तथा ओसारपसारका घटना विश्वव्यापी रूपमा दिनानुदिन बढिनै रहेको छ । महा विनाशकारी भूकम्पपश्चात नेपालमा पनि यो समस्या बढदो रुपमा रहेको छ । भूकम्प पीडित तथा प्रभावितहरूको हकमा यो समस्या अझ बढी चुनौतिपूर्ण रहेको छ । यो समस्या संबोधनको लागि जति सक्दो चाँडो राहत तथा पुनस्थापनाको कार्य हुनु आवश्यक छ । प्रभावित ठाउँसम्म सूचना तथा जनचेतनाका कार्यक्रमहरूलाई संचारमाध्यमहरू मार्फत् प्रभावकारी रूपमा पुर्‍याइनु, प्रभावितहरूको वैकल्पिक आयआर्जनको लागि स्थानीय स्तरमै सीपमुलक तालिम उपलब्ध गराउनु तथा बाहिरियाहरूको आवागमनप्रति विशेष निगरानी हुनु पनि त्यत्तिकै जरुरी रहेको छ ।



छात्रवृत्ति हस्तान्तरण



काभ्रेको देउपुरमा राहत वितरण



नवलपरासीमा जीविकोपार्जन र सशक्तिकरण विषयक छलफल

# टेका समूह नेपाल

## परिचय

टेका समूह नेपालको एक परोपकारी स्वयंसेवी संस्था हो । समाज सेवामा रुची राख्ने केही उत्साही युवाहरूको समूहद्वारा २०५४ सालमा काठमाण्डौं जिल्ला प्रशासन कार्यालयमा टेका समूह नेपालको दर्ता भएको थियो । टेका आफ्ना सदस्यहरू एवं केही व्यक्तिगत सहयोगीहरूको आर्थिक सहयोगले सञ्चालित रहँदै आइरहेको छ । यसको कार्यालय काठमाण्डौं ५ स्थित मालिगाउँमा रहेको छ । विगत १ दशकअघिदेखि समाजसेवी शिवप्रसाद अधिकारी र अनिता अधिकारीले टेकालाई निःशुल्क अफिस स्पेश उपलब्ध गराउँदै आइरहनु भएको छ, जसका कारण नै टेकाले आफ्ना कार्यक्रम अगाडि बढाउने अवसर प्राप्त गरेको छ ।

## उद्देश्य

क. महिला तथा बालबालिकाको ओसारपसार तथा बेचबिखनविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ख. कानुनी तथा लैंगिक समानतासम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

ग. उपेक्षित महिला, बालबालिका तथा जनजातिहरूको जीवनस्तर उठाउने, समाजिक तथा आर्थिक राहत पुग्ने कार्यक्रम सञ्चालन गर्ने ।

घ. वातावरण संरक्षणमा सहयोग पुऱ्याउन चेतनामूलक कार्यक्रमहरूको निर्माण र सञ्चालन गर्ने ।

ङ. उल्लेखित कार्यक्रमहरूलाई सबल र सफल बनाउन तालिम, शैक्षिक सामग्री निर्माण, अध्ययन् तथा अनुसन्धान गर्ने ।

## कार्यक्रम

बालअधिकार तथा महिला मानवअधिकार संरक्षण र वातावरण संरक्षण टेका समूह नेपालको मुख्य विषयगत कार्य क्षेत्रहरू हुन् । यसका अलावा मिडिया एडभोकेसी, आइसी सामग्री निर्माणमा टेकाको विशेषज्ञता रहेको छ ।

टेकाले विगत १ दशक अघिदेखि मानव बेचबिखनबाट प्रभावित, शारीरिक अपाङ्गता भएका तथा अनाथ ३२ जना बालबालिकाहरूको पठनपाठनमा सहयोग उपलब्ध गराउँदै आइरहेको छ, जसमध्ये ६५% छात्राहरू छन् । यसका लागि काठमाण्डौमा आशा नेपाल र अपाङ्ग पुनःस्थापना केन्द्र एवं चितवनमा सौराह स्थित बालबालिका तथा महिला पुनःर्स्थापना केन्द्रसँग सहकार्य गर्दै आइरहेको छ । छात्रवृत्ति कार्यक्रमलाई स्वीट्जरलैण्ड, अमेरिका र नेपालमा रहेका केही सहृदयी नेपालीहरूले टेकालाई सहयोग उपलब्ध गराइरहेका छन् । टेकाले छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित र दिगो बनाउन कृषि विकास बैंक काठमाण्डौमा एक अक्षय कोषको स्थापना गरेको छ, जसमा हालसम्म रु. १,५०,००० संकलन भइसकेको छ ।

भूकम्प प्रभावित सुत्केरी र तिनका शिशुहरूका लागि टेकाले ललितपुर, काठमाण्डौं, काभ्रेका विभिन्न क्षेत्रहरूमा राहतका विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो ।

## एटविनसँग आवद्धता

टेका सन् २००२ देखि एटविनको सदस्य संस्थाको रूपमा रहँदै आइरहेको छ । यसले विभिन्न कार्यकालहरूमा एटविनको कार्य समितिहरूमा प्रतिनिधित्व गरी महिला तथा बालबालिकाहरूको बेचबिखनविरुद्ध नीतिगत तह एवं कार्यक्रम सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । हाल टेका एटविनको प्रकाशन समितिमा रहेको छ ।

## सम्पर्क ठेगाना

*टेका समूह नेपाल*
*काठमाण्डौं ५, मालिगाउँ*
*aniladhikari.contact@gmail.com*
*फोन नं ४४३१५६७, फोनः ९८४१३३२६८४*
*वेबसाइट : www.tekasamuhanepal.org.np*

# मानव बेचबिखन विरूद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका (संशोधन सहित), २०७०

**परिचयः**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) गर्ने सम्वन्धमा बनेको ऐन,२०६४ को दफा २३ बमोजिम, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ नियम ६ अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन भएको छ । सोही नियमावलीको नियम ७ (जिल्ला समितिको काम, कर्तव्य र अधिकार) उपनियम १ (ख) मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि निर्देशिकाको आवश्यकतालाई मनन गर्दै स्थानीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो निर्देशिका तयार पारिएको हो ।

**समितिको गठन प्रक्रियाः**

**मानव बेचबिखन विरूद्धको स्थानीय समितिको गठन यस प्रकार हुनेछ ,**

१. गाउँ विकास समिति वा वडा समितिको आयोजनामा स्थानिय महिला समुह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समुह, गाउँ बाल सन्जाल, गाउँ बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम्सेविका आदिको गाउँ स्तरीय भेला गर्ने ।

२. सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी स्थानीय समिति गठन गर्नेछ ।

३. विगतमा गाँउ स्तरीय समिति गठन भै सकेको अवस्थामा साविकको गा.वि.स.मा परेका वडा समेट्ने गरी वडा समितिको रुपमा स्थानीय समिति गठन गर्ने । वडाको संख्या र संयोजक जिल्ला समितिले तोक्ने ।

४.निर्देशिकामा उल्लेख गरिएका स्थायी सदस्यहरु गा.वि.स.वा नगरमा नभएमा महिला सहकारी संस्थाका अध्यक्ष/ नागरिक सचेतना केन्द्रले तोकेको व्यक्ति/गा.वि.स.का समाजसेवी महिलालाई स्थानीय समितिमा सदस्यको रुपमा तोक्ने ।

५.मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको स्थानीय समितिको संयोजकले समितिको सदस्यहरु मध्येबाट एक जना सदस्य सचिव तोक्ने ।

६. सम्वन्धित नगरक्षेत्रको नगरप्रमुखलाई स्थानीय समितिको बैठकमा आमन्त्रित गर्नुपर्ने ।

७. भेलामा मानव बेचबिखन विरूद्धको जिल्ला समितिबाट तोकिएका प्रतिनिधिको उपस्थिति रहने छ ।

| | | |
|---|---|---|
| क. | गाउँ विकास समिति अध्यक्ष/नगरपालिकाको वडा अध्यक्ष | संयोजक |
| तर स्थानीय निकायको निर्वाचन नभएको अवस्थामा गा.वि.स सचिव/नगरको हकमा सम्बन्धित वडा सचिवले स्थानीय समितिको संयोजकको कार्य गर्ने छ । | | |
| ख. | गा.वि.स./नगरपालिका को निर्वाचित महिला प्रतिनिधि | सदस्य |
| ग. | स्थानीय महिला सञ्जाल, प्रतिनिधि | सदस्य |
| घ. | लैङ्गिग हिंसा निवारणको लागि निगरानी समूह, प्रतिनिधि | सदस्य |
| ङ. | स्थानीय बाल संरक्षण समिति | सदस्य |
| च. | स्थानीय बाल सञ्जाल | सदस्य |
| छ. | स्थानीय पत्रकार | सदस्य |
| ज. | स्थानीय प्रहरी प्रमुख | सदस्य |
| झ. | स्वास्थ्य स्वयंसेविका/प्रतिनिधि | सदस्य |
| ञ. | महिला तथा बालबालिका कार्यालय/जि.वि.स.को सामाजिक परिचालक | सदस्य |
| ट. | नागरिक वडामंञ्चको संयोजक वा प्रतिनिधि | सदस्य |
| ठ. | मानव बेचबिखन विरूद्ध कार्यरत स्थानीय संघ संस्था वा व्यक्तिहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा | २ जना सदस्य |
| | **जम्मा** | **१३ जना** |

**समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ

क. ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा

सिफारिस गर्ने,

ख. जिल्ला समितिले दिएको निर्देशन बमोजिम स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र भएमा सोको अनुगमन गर्न सहयोग गर्ने,

ग. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

घ. जिल्ला समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,

ङ. आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने,

च. मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरूबीच समन्वय गर्ने,

छ. मानव बेचबिखन तथा ओसारपसारसंग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धी प्रतिवेदन जिल्ला समितिमा पठाउने,

ज. स्थानीय निकायसंग समन्वय गरी बेचबिखन प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने ।

## बैठक सम्बन्धी कार्यविधि

१. स्थानीय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता गाउँ समितिको संयोजकले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## बैठक सम्बन्धी कार्यविधि

अन्य निर्देशिकामा उल्लेख भए देखि बाहेक अन्य विषय ऐन, नियमावलीमा व्यवस्था भए बमोजिम हुने छ ।

## जिल्ला स्तरीय मानव वेचबिखन तथा ओसारपसार नियन्त्रण समिति मातहत उप-समिति गठन मार्गदर्शन

जिल्ला समितिलाई दिइएको जिम्मेवारी उल्लेखित प्राथमिकता क्षेत्रहरूमध्ये निरोध, संरक्षण र कानूनी कारवाहीका क्षेत्रहरूलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ । यस प्रयोजनका लागि उपरोक्त तीन प्राथमिकता क्षेत्रमा, जिल्ला समितिका सदस्यहरू मध्येबाट आवश्यकता हेरी ४ देखी ५ सदस्यहरू सम्मिलित कार्यदल गठन गर्न आवश्यक देखिएकाले निम्न बमोजिमको उप-समितिको गठन तथा काम, कर्तव्य र अधिकार निधारर्णका लागि यो निर्देशिका तयार पारिएको हो ।

**उप-समितिको गठन यस प्रकार हुन सक्नेछ**

| | |
|---|---|
| जिल्ला न्यायाधिवक्ता | संयोजक |
| महिला विकास अधिकृत | सदस्य |
| प्रहरी प्रमुख | सदस्य |
| स्थानीय विकास अधिकारीले तोकेको अधिकृत | सदस्य |
| यो क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको कार्यक्रम प्रतिनिधि | सदस्य |

**उप-समितिको जिम्मेवारी, काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुन सक्ने छ :**

१. जिल्ला स्तरीय मानव वेचबिखन तथा ओसारपसार समितिको जिम्मेवारी सम्बन्धी कार्य योजना तयार गर्न सहयोग गर्ने ।

२. मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सूचनाहरूको संकलन तथा व्यवस्थापन प्रयोजनको लागि महिला तथा बालबालिका कार्यालयलाई सहयोग गर्ने

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको आवश्यकता अनुसार थप बैठक बसाउन पहल तथा सहयोग गर्ने ।

४. समुदायमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने कार्यहरूमा सहयोग पुर्‍याउने ।

५. समुदाय तथा जिल्लामा कार्यरत संघसंस्थाहरू बीच साझेदारी, सहकार्य र समन्वय गर्न जिल्ला समितिलाई सहयोग गर्ने ।

६. जिल्ला र समुदाय स्तरीय मानव बेचबिखन तथा ओसार पसारका विरूद्ध तथा अन्य सामाजिक मुद्दा सम्बन्धी काम गर्ने संघसंस्था, संजाल र समूहहरूको सूचना तथ्यांक राख्ने तथा अध्यावधिक गर्ने ।

७. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूद्वारा सञ्चालित पुनर्स्थापना केन्द्र (गृह) हरूको नियमित अनुगमन गर्न सहयोग पुर्‍याउने ।

८. उपसमितिले गरेको काम कारवाही बारे त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने र यो प्रतिवेदन जिल्ला स्तरीय समितिमा पेश गर्ने ।

९. उप-समितिको बैठक सामान्यतया त्रैमासिक रूपमा बस्नेछ। त्यस बाहेक आवश्यकता अनुरूप पनि बस्न सक्ने छ ।

१०. जरूरी परेको अवस्थामा कार्य सम्पादन गर्नका लागि उप-समितिले आवश्यक निर्णय लिन सक्ने र पछि समितिबाट अनुमोदन गराउन सक्ने ।

*साभारः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, २०७१, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय*

मिति : २०७२ श्रावण ६

माननीय सुभाष नेम्बाङ्गज्यु,
सभामुख
संविधान सभा
काठमाडौं ।

## नयाँ संविधानका लागि सुझाव बुझाउने सम्बन्धमा ।

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन), महिला र बाल अधिकार तथा मानवअधिकारको क्षेत्रमा कृयाशील संस्थाहरुको संयुक्त प्रयासबाट स्थापना भएको राष्ट्रिय संजाल हो । एटविनले मानव बेचबिखन विरुद्ध मानवअधिकारमुखी दृष्टिकोणबाट नीतिगत तहमा राष्ट्रिय/अन्तराष्ट्रिय परिवेशमा आएको परिवर्तन अनुसार नीति, नियम, कानून कार्यन्वयन कार्यशैलीमा परिवर्तन गर्न र अवधारणागत स्पष्टता गराउन विविध अभियानहरु संचालन गर्दै आइरहेको छ । हाल यसमा देशभरीका ३१ वटा संस्थाहरु आबद्ध छन् ।

मानव बेचबिखन तथा ओसारपसार मानव सभ्यता विपरित निकृष्ट, जघन्य र घृणित अपराधका रुपमा हाम्रो समाजमा विद्यमान छ । यस मुद्दालाई अन्तरिम संविधानमा पनि सम्बोधन गरिएको छ । संविधान निर्माण प्रक्रियाको शुरुवात देखिनै एटविनले विभिन्न सरोकारवालामार्फत यस विषयमा आवाज उठाउदै आएको र संविधान निर्माणकालागि सुझाव संकलनको यस महत्वपूर्ण घडीमा निम्न विषयमा जोड दिदै निम्नअनुसारको मागहरुलाई अब आउने नयाँ संविधानमा सुनिश्चतताका लागि हार्दिक अनुरोध गर्दछौ ।

- **नागरिकता :** मानव बेचबिखन तथा विभिन्न यौन हिंसाबाट प्रभावितहरु र उनका सन्तानको नागरिकताको अधिकार सुनिश्चततासंगै लैङ्गिक समानतामा आधारित नागरिकताको व्यबस्था हुनुपर्ने । (नागरिकताको प्रावधानमा **आमा वा बाबु** लेखिनु पर्ने र अंगीकृतमा पनि महिला वा पुरुषको आधारमा गरिएको फरक विभेदपूर्ण व्यवस्थालाई समान गर्नु पर्ने ।)
- **शोषण विरुद्धको हक :** (५) उपधारा (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडकबाट कानुन बमोजिम मनासिब क्षतिपूर्ति पाउने हक हुनेछ ।

  **मानव बेचबिखनबाट प्रभावितहरुलाई राज्यबाट क्षतिपुर्ति र परिपूरण** सम्बन्धी अधिकार सुनिश्चतता हुनुपर्ने । (पीडकबाट क्षतिपुर्ति उपलब्ध गराउन लामो समय लाग्ने अथवा नपाउने अवस्था पनि आउनाले र पीडितलाई तत्काल राहतको आवश्यकता हुनाले तत्काल राज्यबाट र राज्यले पीडकबाट भराउने गरि हुनुपर्ने । )
- **समानताको हक** (३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।
- तर आर्थिक रुपले विपन्न, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारु, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । मा **बेचबिखन तथा लैङ्गिक हिंसा पीडित थप्नु पर्ने** ।
- **बालबालिकाको हक** (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । मा **हिंसा प्रभावित/पीडित थप्नु पर्ने**
- मानवअधिकार, महिला र बाल मैत्री संविधानको सुनिश्चतताका साथै लैङ्गिक तटस्थ भाषा हुनु पर्ने ।

उक्त प्रावधानहरुलाई नेपालको भावी संविधानमा राखिने सुनिश्तिताको विश्वास राख्दै मानव बेचबिखन, दासत्व र शोषणविरुद्धको अधिकारको सुनिश्चतता सहितको नयाँ संविधानको अपेक्षा सहित यो सुझाव पत्र पेश गर्दछौ ।

........................

**श्री मीना बिष्ट**

*अध्यक्ष*

*महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समुह नेपाल (एटविन)*

# महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) को

## आवधिक प्रगति प्रतिवेदन

### (२०७१ कार्तिक १५ देखि २०७२ भदौ ३१ सम्म)



**पृष्ठभूमिः**

महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह, नेपाल (एटविन) मानव बेचबिखनविरुद्ध क्रियाशील राष्ट्रिय संजाल हो । यसको स्थापना सन् १९९७ मा भएको हो । महिला अधिकार, बाल अधिकार तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने नेपाल भरिका ३२ वटा संघ संस्थाहरू यसमा आबद्ध छन् । यो बेचबिखनविरूद्ध अधिकारमुखी दृष्टिकोणबाट नीतिगत तहमा वकालत गर्न सक्रिय र क्रियाशील छ ।

यस संजालको मुख्य उद्देश्यहरू महिला तथा बालबालिकाको बेचबिखनविरूद्ध सामाजिक चेतनाका निम्ति काम गर्ने, बेचविखनविरूद्ध भएका नीति नियम एवं कानुनको प्रभावकारी कार्यान्वयन एवं आवश्यकता अनुसार तिनीहरूको परिमार्जन, निर्माण र कार्यान्वयनका लागि सम्बन्धित निकायहरूलाई सघाउने तथा दबाव दिने, महिला तथा बालबाबिलिका बेचबिखनको सवालमा क्षमता अभिवृद्धि गर्न धारणागत स्पष्टता ल्याउने, बेचबिखनविरूद्धको संजाल विस्तार गर्ने, जन वकालत तथा पैरवी गर्ने, महिला र बालबालिका बेचबिखनको मुद्दालाई जनस्तरदेखि नीति निर्माण तहसम्म र आवश्यकता अनुसार अर्न्तराष्ट्रिय स्तरसम्म पुर्याउने रहेको छ । तल एटविनले २०७१ कार्तिक १५ देखि २०७२ भदौ ३१ सम्म सम्पन्न गरेको गतिविधि र उपलब्धिहरुलाई यस प्रगति विवरणमा समेटिएको छ ।

| क्र.स. | मिति | कियाकलाप | स्थान |
|---|---|---|---|
| "संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यू एन प्रोटोकल (आलेख) को अनुमोदनको लागि वकालत | | | |
| १ | २०७२ भदौ १७ | मानव बेचबिखनविरुद्धको नवौं राष्ट्रिय दिवस २०७२को सन्दर्भमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसंग संयुक्त रुपमा "संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यू एन प्रोटोकल (आलेख) र अनुमोदनको आवश्यकता" विषयक सभासद तथा सरोकारवालहरुसंग अन्तरक्रिया कार्यक्रमको आयोजना । | नयाँ बानेश्वर, काठमाडौं |
| २ | २०७१ पूस १६ | यूएन प्रोटोकल (आलेख) अनुमोदनकालागि नेकपा एमालेका, एनेकपा (माओवादी) र नेपाली कांग्रेसको पार्टी कार्यालयहरुमा ज्ञापनपत्र बुझाइएको थियो । | काठमाडौं र ललितपुर |
| ३ | २०७१ पूस १७ | यू एन प्रोटोकल (आलेख) अनुमोदनका लागि गृह मन्त्रीको कार्यालय तथा सचिव, मानवअधिकार प्रवर्द्धन तथा अन्तराष्ट्रिय समन्वय शाखा, नीति योजना तथा कार्यक्रम महाशाखा तथा कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको मन्त्रीको कार्यालय र उपसचिव, अन्तर्राष्ट्रिय कानून तथा सन्धि सम्झौता शाखामा ज्ञापनपत्र बुझाइएको थियो । | सिंहदरबार, काठमाडौं |
| जनसार्क क्षेत्रिय मेला २०१४ को अवसरमा यस महासन्धि माथि छलफल गर्न "वेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि, २००२ तथा नागरिक समाजको सरोकार तथा आवाजहरु" विषयक कार्यशाला गोष्ठिको आयोजना | | | |
| ४ | २०७१ मंसिर ८ | मानव बेचबिखन तथा ओसारपसार दक्षिण एशियाको एक गम्भीर समस्याको रुपमा रहदै आएको छ र समयअनुसार यसको स्वरुप तथा प्रक्रियामा पनि परिवर्तन हुदै गएको छ । यस विरुद्ध लड्न सार्क स्तरीय वेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि, २००२" रहेको छ । यस महासन्धिलाई ल्याउन एटविनको पनि महत्वपूर्ण भुमिका रहेको थियो । समसामायिक अवस्था अनुसार यसमा सुधार र प्रभावकारी कार्यान्वयनको टट्कारो आवश्यकता रहेकोले उक्त महासन्धिको परिभाषा र क्षेत्रमा व्यापकता ल्याउनु पर्ने सहितका सुझावहरु आएका थिए । उक्त सुझावलाई जनसार्कको घोषणापत्रमा समावेश गरिएको थिया भने सार्क सम्मेलनको घोषणा पत्रमा पनि महिला तथा बालबालिकाको बेचबिखन तथा शोषण सम्वन्धी १९ नम्बरको बुंदामा समावेश गरिएको थियो । कार्यक्रम शक्ति समूहसंगको संयुक्त आयोजनामा गरिएको थियो । | जावलाखेल, ललितपुर |
| "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" र "वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४ लगायत सम्बन्धित नीति नियमहरुमा बेचबिखनबाट प्रभावित तथा अप्रवासी कामदारको अधिकार सुनिश्चितताका लागि सुधारका लागि वकालत । | | | |

| | | | |
|---|---|---|---|
| ५ | २०७१ मंसिर/ पूस | सर्वोच्च अदातलको निर्देशिका अन्तर्गतको अनुगमन तथा कारवाही समिति (MAC) को कार्यान्वयनकालागि प्रहरी तथा ललितपुर तथा काठमाडौंका महिला तथा बालबालिका कार्यालयका प्रमुखसंग भेटघाट तथा ध्यानाकर्षण पत्र बुझाएको थियो । | काठमाडौं |
| ६ | २०७१ मंसिर र २०७२ भदौ | मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ सम्बन्धी जिल्लास्तरको कार्यक्रममा प्रस्तुती तथा सहजीकरण<br>मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ सम्बन्धी चारवटा जिल्लाहरु मकवानपुर, सिन्धुपाल्चोक, बर्दिया तथा झापाको जिल्लास्तरीय कार्यक्रममा प्रस्तुती तथा सहजीकरण गरिएको थियो । उक्त कार्यक्रमहरु एटविन<br>सदस्य संस्थाहरु क्रमशः नारी शीप सिर्जना केन्द्र, ग्रामीण महिला सिर्जनशील परिवार तथा शक्ति समूहको आयोजना तथा मानव बेचबिखनविरुद्धको जिल्ला समिति (DCCHT) को संयुक्त आयोजनामा गरिएको थियो । | मकवानपुर, सिन्धुपाल्चोक बर्दिया तथा झापा |
| ७ | २०७१ मंसिर २२ | "मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरुको समस्या पहिचान र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रम ।<br>शक्ति समूहद्वारा आयोजित मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरुको समस्या पहिचान र समाधानका उपाय विषयक बन्द सत्रको दुई दिने कार्यशालाका विषयवस्तुको प्रस्तुती सहित उक्त कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा उक्त क्षेत्रमा कार्यरत महिला कामदारहरुले आफ्नो अनुभव सुनाउनु भएको थियो भने महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, गृह मन्त्रालय, महिला तथा बालबालिका सेवा निर्देशनालय, काठमाडौ तथा भक्तपुरका महिला तथा बालबालिका कार्यालयका प्रतिनिधिहरु सहित ट्रेड युनियन तथा सम्बन्धित संस्थाहरुको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| ८ | २०७१ पूस २५ | सर्वोच्च अदातलको निर्देशिका अन्तर्गतको अनुगमन तथा कारवाही समिति MAC को बैठकअनुसार उक्त क्षेत्रलाई नियमन गर्नका लागि बनाउन लागेको "साना होटल/क्याबिन/रेष्टुरेन्ट/डान्सबार/दोहोरी साँझ/स्पा/मासाज पार्लर/गेष्ट हाउस/क्लब बार/गजल/खाजा घर दर्ता तथा नियमन कार्यविधि २०७१" को मस्यौदामा मागेको सुझावहरुका ला।ग सम्बन्धित क्षेत्रमा कार्यरत संस्थाहरुसंग परामर्श बैठक गरि सुझाहरु बुझाएको थियो । | काठमाडौं |
| ९ | २०७२ साउन १५ | मानव बेचबिखनविरुद्धको दोस्रो विश्व दिवस, २०१५को सन्दर्भमा "विनाशकारी भूकम्प तथा मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको आवश्यकता ।" विषयक अन्तरक्रिया कार्यक्रम । | नयाँ बानेश्वर, काठमाडौं |
| **मानव बेचबिखनबाट प्रभावितका लागि संरक्षण संयन्त्रको सुदृढिकरण** | | | |
| १० | २०७१ माघ २८ र २९ | एटविनको संस्थागत विकास तथा रणनैतिक योजना निर्माण आवसीय कार्यशाला | ललितपुर |
| ११ | २०७१ चैत्र ५ | मानव बेचबिखन न्यूनीकरणका लागि यसविरुद्ध कार्यरत सरकारी गैर सरकारी संघ संस्था निकायहरुबिच प्रभावकारी समन्वय आवश्यक छ भन्ने मनन गर्दै उक्त उद्देश्यका साथ महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समुह-नेपाल (एटविन)ले 4R (Rescue, Repatriation, Rehabilitation, Reintegration) विषयमा केन्द्रित "मानव बेचबिखनविरुद्ध कार्यरत संस्था/निकायहरु बिच समन्वय बैठक" विषयक कार्यक्रम सम्पन्न । | काठमाडौं |
| **संविधानसभामा बेचबिखन/दासत्व/शोषणविरुद्धको अधिकार सुनिश्चितताकालागि वकालत** | | | |
| १२ | ६ साउन २०७२ | नयाँ संविधानको मस्यौदा २०७२ मा मानव बेचबिखन/दासत्व/शोषणविरुद्धको अधिकार सुनिश्चित र क्षतिपूर्ति सम्बन्धी अधिकारको सुनिश्चितता गर्नकालागि संविधानसभाका अध्यक्ष सुभासचन्द्र नेम्वाङ्को निजी सचिवालयमा सुझाव पत्र दर्ता गरिएको थियो | काठमाडौं |
| १३ | १० साउन २०७२ | नयाँ संविधानको मस्यौदा २०७२ मा मानव बेचबिखन/दासत्व/शोषणविरुद्धको अधिकार र क्षतिपूर्ति सम्बन्धी अधिकारको सुनिश्चितता गर्नका लागि राष्ट्रिय महिला आयोगका अध्यक्ष श्री शेष चाँदतारालाई संविधानको मस्यौदा २०७२ मा सुझाव पत्र हस्तान्तरण गरिएको थियो । | काठमाडौं |
| **विनाशकारी भुकम्प पश्चातको अवस्थामा केन्द्रित गतिविधिहरु** | | | |
| १४ | २०७२ बैशाख २५ | प्रेस विज्ञप्ति तथा अपिल : मानव बेचबिखन तथा ओसारपसारको जोखिमलाई सम्बोधन गर्न सम्बन्धमा । | काठमाडौं |
| १५ | १३ जेष्ठ २०७२ | एटविन सदस्य संस्थाहरूको बैठक | काठमाडौं |

| | | | |
|---|---|---|---|
| १६ | २० जेष्ठ २०७२ | मानव तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति/बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह सचिव श्री राधिका अर्याललाई "विनाशकारी भूकम्प पश्चात मानव बेचबिखन तथा ओसारपसारको जोखिमलाई विशेष सम्बोधन गर्नु पर्ने सम्बन्धमा" ध्यानाकर्षण पत्र हस्तान्तरण । | सिंहदरबार, काठमाडौं |
| १७ | जेष्ठ र असार २०७२ | महिला अधिकार अनुगमन राष्ट्रिय संजाल/राष्ट्रिय महिला आयोग अन्तर्गत "शक्तिशाली भूकम्प पश्चात मानवीय सहायताको लैङ्गिक दृष्टिकोणबाट द्रुत अनुगमन–२०७२" को सूची तयार समितिको सदस्यको रुपमा योगदान साथै ललितपुर तथा काठमाडौं मा अनुगमन सम्पन्न । | काठमाडौं र ललितपुर |
| १८ | निरन्तर | मानव बेचबिखनविरुद्ध चेतनामूलक PSA प्रसारण - प्रतिदिन २ पटक (बिहान तथा रातीको समय) काठमाडौं, सिन्धुपालचोक, दोलखा, गोरखा नुवाकोट, धादिङ्ग | काठमाडौं |
| १९ | २०७२ असार | मानव बेचबिखनविरुद्ध चेतनामूलक PSA/Jingle निर्माण - २ वटा | काठमाडौं |
| २० | २०७२ असार | मानव बेचबिखनबाट जोगिनकालागि चेतनामूलक पम्पलेट - २५,००० | काठमाडौं |
| २१ | जेष्ठ र असार २०७२ | सदस्य संस्थाहरुसंग स्थलगत भेटघाट (विनाशकारी भूकम्म पछिको अवस्थासंग सम्बन्धित) | काठमाडौं र सिन्धुपालचोक |
| २२ | २८ असार २०७२ | सामूहिक मनोसासमाजिक विमर्श तथा बेचबिखनविरुद्धको सचेतना कार्यक्रम | सिन्धुपालचोक |
| २३ | २०७२ असार १५ | विनाशकारी भूकम्प पश्चात् महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आगामी दिनहरुमा सरोकारवालाहरु कसरी जाने भन्ने उद्देश्यकासाथ विनाशकारी महाभुकम्प तथा मानव बेचबिखनको जोखिम : समस्या र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न । | काठमाडौं |
| २४ | २०७२ साउन १५ | विनाशकारी भूकम्प पश्चात् महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ को प्रभावकारी कार्यान्वयनका लागि एकीकृत रुपमा लाग्नु पर्ने आवश्यकता रहेको छ । अतः मानव बेचबिखनविरुद्धको दोस्रो विश्व दिवस, २०१५को सन्दर्भमा "विनाशकारी भूकम्प तथा मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको आवश्यकता ।" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना ग रिएको थियो । | काठमाडौं |
| **प्रकाशनहरू** | | | |
| २५ | जेष्ठ २०७२ | मानव बेचबिखन तथा ओसारपसारविरुद्धको सचेतनामूलक लिफलेट (३००० प्रति) | काठमाडौं |
| २६ | असोज २०७१ | एटविन बुलेटिन ओसारपसार अंक १२ को प्रकाशन (१००० प्रति) | काठमाडौं |
| **सह आयोजक** | | | |
| १ | २०७१ मंसिर १९ | "लैङ्गिक समानताका लागि पुरुषको सहभागिता" विषयक पश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम,<br>उक्त अवसरमा रैली तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । आयोजकः नेपाल प्रहरी, लैङ्गिक समानताका लागि पुरुष सहभागिता सञ्जाल नेपाल, गैर सरकारी संस्था महासंघ | पोखरा, कास्की |
| २ | २०७१ मंसिर | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, रैली, स्टल तथा अन्य विभिन्न कार्यक्रमहरु<br>संयोजक - राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ३ | २०७१ मंसिर | मानव अधिकार राष्ट्रिय महाभेला २०७१ | काठमाडौ |
| ४ | २०७१ कार्तिक | संविधानमा नागरिकता सम्बन्धी अधिकारको वकालत अभियान (वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न आमा वा बाबू भन्ने प्रावधान राखिनु पर्ने विषयक) विभिन्न बैठक, रैली, कार्यक्रम तथा पत्रकार सम्मेलन<br>आयोजक : नागरिकता अधिकार सम्बन्धी नागरिक समाजको संजाल | काठमाडौं |
| ५ | २०७२ भदौ २० | ९ औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस– २०७२ भदौ २० | काठमाडौं |
| ६ | २०७२ साउन ५ | संविधानमा बालअधिकारको सुनिश्चितताका लागि राष्ट्रिय मानवअधिकार आयोगका का.मु. अध्यक्ष श्री प्रकाश ओस्तीलाई संविधानको मस्यौदा २०७२ मा सुझाव पत्र हस्तान्तरण गरिएको थियो<br>आयोजक बालबालिकाको अधिकारमा कार्यरत नेटवर्कहरु AATWIN, CNET Nepal, Consortium Nepal, CZOPP, Forum for Inclusion Education, CRC Committee, NAOSC, NCPA | थापाथली, काठमाण्डौं |
| ७ | २०७१ फागुन २४ | १०५औं अन्तराष्ट्रिय महिला दिवस २०१५ को अवसरमा रैली आयोजना । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ८ | ५ असार २०७२ | समूह मनोसमाजिक विमर्श तथा मानव बेचबिखनविरुद्ध चेतनामूलक कार्यक्रम सहआयोजक - जागरण नेपाल | काभ्रे |
| ९ | ७ असार २०७२ | महाभूकम्पको क्षति पश्चात्को मानवीय सहायतामा लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि परराष्ट्रमन्त्री मा. महेन्द्र बहादुर पाण्डेलाई महिला सम्बन्धी साझा मागपत्र हस्तान्तरण<br>आयोजक - बेइजिङ पुनरावलोकनको लागि राष्ट्रिय संजाल, ओरेक नेपाल, साथी, फेडो नेपाल, जागरण नेपाल, मानव अधिकारका लागि एकल महिला समूह, महिला कानुन र विकास मञ्च, बियोन्ड बेइजिङ कमिटी, मिडिया एडभोकेसी ग्रुप (म्याग), सञ्चारिका समूह, एटविन, होमनेट नेपाल, पौरखी, टेवा, दिदि बहिनी, सभा नेपाल, घरेलु हिंसाविरुद्धको राष्ट्रिय संजाल | सिंहदरबार, काठमाडौं |
| १० | असार - साउन २०७२ | महिला मैत्री संविधान निर्माणको लागि साझा अभियान<br>• बैठकहरु, धर्ना, प्रदर्शन, रैली, पत्रकार सम्मेलन, रिले अनसन<br>• महिला मैत्री संविधान निर्माणको लागि साझा अभियान (महिला अधिकारका क्षेत्रमा कार्यरत संस्था तथा संजालहरुको साझा मञ्च) को तर्फबाट तयार गरिएको महिला आधिकारको दृष्टिकोणबाट नयाँ संविधनको मस्यौदा २०७२ मा थप गर्नुपर्ने सुझावहरुलाई समावेश गरी संविधानमै महिलाका हक अधिकार सुनिश्चित गर्नका लागि संविधानसभाका अध्यक्ष सुभासचन्द्र नेम्वाङ्गलाई संविधानको मस्यौदा २०७२मा सुझाव पत्र हस्तान्तरण गरिएको थियो। ६ साउन २०७२ | काठमाडौं |
| **एटविन सूचना तथा स्रोत केन्द्र** | | | |
| १ | २०७१ कार्तिक १५ देखि २०७२ भदौ ३१ सम्म | प्रयोगकर्ता - ६६ जना | |
| २ | | विविध प्रकाशनहरु प्राप्त - ५२१३ | |
| ३ | | विविध प्रकाशनहरु वितरण - २०७६६ | |
| **विभिन्न संस्थागत बैठकहरू :** | | | |
| ५ | २०७१ कार्तिक १५ देखि २०७२ भदौ ३१ सम्म | एघारौं साधारण सभा र छैठौं अधिवेशन - १ पटक | |
| ६ | | त्रैमासिक नियमित बैठक - २ पटक | |
| ७ | | कार्यसमिति बैठक - ९ पटक | |
| ८ | | प्रकाशन समितिको बैठक - ३ पटक | |
| ९ | | नयाँ सदस्यता सिफारिश समिति बैठक - २ पटक | |

## विभिन्न निकाय तथा विषयवस्तुमा संयोजन तथा सहकार्य :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति/बालबालिका तथा समाज कल्याण मन्त्रालय
- राष्ट्रिय मानवअधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- महिला तथा बालबालिका विभाग तथा कार्यालय
- मेनइन्गेज एलायन्स नेपाल
- जनसार्क २०७१
- बेइजिङ्ग +२० पुनरावलोकन
- नागरिकता अधिकार सम्बन्धी नागरिक समाजको संजाल
- Proctection Cluster (GBV / Child Protection Subcluster)
- National Action and Coordination Group (NACG), supporting body to South Asia Initiative to End Violence Against Children [SAIEVAC]: SAARC Apex Body
- Universal Periodic Review (UPR)
- Post 2015/ Sustainable Development Goal (SDG)
- मानव अधिकार राष्ट्रिय महाभेला Human Rights National Magna Meet 2014

# सञ्चारमा बेचबिखनका मुद्दा

फाइल ... नयाँ 'सरोगेसी' सेवा

## नेपाली कोखको मनलागी दलाली

## नयाँ शैलीमा चेली बेच्ने गिरोह सार्वजनिक

## महाभूकम्प प्रभावित जिल्लाका किशोरी जोखिमपूर्ण यात्रामा

बाँके, (नेस)

महाभूकम्प प्रभावित जिल्लाका किशोरी/युवती जोखिमपूर्ण यात्रामा निस्केका छन्।

महाभूकम्पले मानवीय र भौतिक क्षति पुर्‍याएपछि सिन्धुपाल्चोक, रसुवा, दोलखा, मकवानपुर र खोट... नेपालगन्ज नाका ... थालेका हुन्। १२...

भारततिर जान थालेका एक दर्जन बढी किशोरी/युवतीलाई माइती नेपालले नाकाबाट फिर्ता गरेको छ। 'हवुवाको भरमा' भारत जाँदा जोखिममा पर्न सक्ने भयकाले किशोरी/युवतीलाई नाकाबाट फिर्ता पठाउने, गरिएको हो। आफन्त या चिनेजानेका व्यक्तिसँग ...

## मानव तस्करी रोक्न सीमामा चेकपोस्ट थपिए

## भारतीय कोठीमा भूकम्प पीडित युवती



## भूकम्प पीडित क्षेत्रबाट युवती बेच्ने गिरोह पक्राउ

## बालबालिका तस्करी प्रयास

## बिहे गराउँदै युवती तस्करी



## भूकम्पयता ३२२ युवतीको उद्धार

काठमाडौं, असार ४ (नागरिक)- माइती नेपालले वैशाख १२ गतेयता नेपाल-भारत सीमा क्षेत्रबाट ३ सय २२ जना युवतीको उद्धार गरेको छ।

माइती नेपालले शुक्रबार पत्रकार सम्मेलन गर्दै विभिन्न बहानामा बेच्न लगिएका युवतीको उद्धार गरेको जनाएको छ। 'नेपाल-भारत सीमाका १० वटा नाकाबाट प्रहरीको सहयोगमा तीन युवतीको उद्धार गरिएको हो,' माइती नेपालका निर्देशक ... ने। उनका अनुसार ... जेठ २० गते ... नाकाबाट दुई जना र जेठ ...

... फर्काउँदै नेपालगन्ज ... लैजाने क्रममा उद्धार गरिएक... सिन्धुपाल्चोक महाकाल-४ ... तामाङलाई पक्राउ गरेर मुद्दा ... छौं,' कार्कीले भने। उद्धार... चेलीलाई काठमाडौंस्थित ... नेपालमा राखिएको छ। ... बारा र मकवानपुरको भएर ... जानकारी दिए।

उनका अनुसार नेपाल... उद्धार गरिएका युवतीको ... आधारमा जोरपाटी गर्दैथ्या ... गरिरहेका १९ वर्षदेखि १८ ...

## महिला अनशन जारी

काठमाडौं, (नेस)

महिलामैत्री संविधानका लागि अभियान सञ्जालको आयोजनामा विगत एक हप्तादेखि बबरमहलमा आयोजित रिले अनशनमा मंगलबारसम्म सयौंले ऐक्यबद्धता एवम् सहभागिता ...

## बालबालिका तस्करी प्रयास

भारत नेपाल ... राजधानी

## अघिल्लो वर्ष करिब १२ लाख नेपाली वैदेशिक रोजगारमा

## अनधिकृत रूपमा लगिँदै गरेका बालबालिकाको उद्धार



# एटविन गतिविधिका झलकहरू



काभ्रेमा सामुहिक मनोविमर्श सचेतना कार्यक्रम



महिला मैत्री संविधानकालागि सभामुख लाई ज्ञापनपत्र बुझाउँदै



भुकम्प पश्चात बढेको मानव वेचविखन नियन्त्रणका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै



विनाशकारी भुकम्प पश्चातको बेचबिखन र यस विरूद्धको राष्ट्रिय कार्ययोजना



मानव बेचबिखन विरूद्धको UN Protocol अनुमोदन सम्बन्धि कार्यक्रम



मानव बेचबिखन विरूद्धको UN Protocol अनुमोदन सम्बन्धि कार्यक्रम



भुकम्प पश्चात मानव बेचबिखन विरूद्धको अन्तरक्रिया कार्यक्रम



भुकम्प पश्चात महिलाको सवाल सम्बोधनका लागि माननीय परराष्ट्र मन्त्रि महेन्द्र पाण्डेलाई ज्ञापनपत्र बुझाउँदै

# एटविन सूचना तथा स्रोत केन्द्र

यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरू निम्न रहेका छन् :

- मानव बेचबिखन
- मानव अधिकार
- महिला अधिकार
- बाल अधिकार



प्रतिवेदन, जर्नल, बुलेटिन, बेचबिखन एवं महिला हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू, अनुसन्धान प्रतिवेदन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह, सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC सामाग्रीहरू उपलब्ध छन् ।

## सूचना तथा स्रोत केन्द्र खुल्ने समयः

दिन : हरेक हप्ता सोमबारदेखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि एटविन सर्वसाधारणप्रति हार्दिक अनुरोध गर्दछ ।